कसरी हाइ ड्यामले इथियोपियालाई बर्बाद पाऱ्यो ?

# मूल्याङ्कन

विचार अन्तर्क्रियामुखी मासिक

मूल्य रु. १५।-
(भारतमा भा. रु. १२।-)

पूर्णाङ्क ४२
कार्तिक-मंसीर



दार्चुलामा भारतीय सैनिक क्याम्प !




एमाले र
महाकाली सन्धि

## के हुनेछन् सन्धिका दूरगामी असरहरु ?

- माओत्से तुङबारे महाकवि देवकोटाको कविता
- महाकवि देवकोटालाई कसरी हेर्ने ?
- आइन्स्टाइनपछिका ठूला वैज्ञानिक मृत्युको मुखमा
- यसरी एउटा अनपढ केटी चर्चित उपन्यासकार बनिन् !
- कलाकार मनोज गजुरेलसँगको अन्तर्वार्ता
- मेक्सिकोमा नयाँ वामपन्थी छापामार समूहको उदय


# हिमाल स्टील

## राष्ट्रको निर्माणमा



दैनिक २५ हजार भन्दा बढी सवारी आवत जावत हुने नयाँ वागमती पूल । लम्वाई १२१ मी., चौडाई १४.२५ मी., भारवहनता: जापानी मापदण्ड अनुरुप 'A' श्रेणी । ठेकेदार : ओवायशी कर्पोरेशन जापान । फलामे डण्डी: हिमाल स्टील ।

**नेपालका ठूला तथा महत्वपूर्ण निमार्णहरुमा हिमाल स्टील प्राथमिकतापूर्वक प्रयोग हुँदै आएको छ । हजारौं घरहरु, ठूला-ठूला भवन, पूल र बाँधहरुमा प्रयुक्त हिमाल स्टील प्रयोग गरी तपाई पनि आफ्नो निर्माणलाई बढी बलियो, भरपर्दो र सुरक्षित बनाउन सक्नु हुन्छ ।**



**हिमाल स्टील**

टोरस्टील

*हिमालले सुरक्षित घर बनाउँछ ।*

हिमाल आयरन एण्ड स्टील (प्रा.) लि.
(ज्योति समूहको सदस्य प्रतिष्ठान)
ज्योति भवन, कान्तिपथ, काठमाडौं, फोन नं. २२६५३०, २२५४९०

**WHY DO WE RECOMMEND MUKTESWOR PVC PIPE FOR SOIL, WASTE AND RAIN WATER DRAINAGE SYSTEM, AND ELECTRIC CONDUIT PIPE TO YOUR BUILDINGS, IRRIGATION AND DRINKING WATER SUPPLY TO YOUR PROJECT etc. ???**

- ECONOMY
- HIGH FLOW RATE
- ELEGANT LOOKING
- FIRM JOINING
- LIGHT WEIGHT
- IMPACT RESISTANT
- HIGH STANDARDS
- STABLE UP TO 60C
- CHEMICAL RESISTANT
- STRONG AND DURABLE-OVER 50 YEARS LIFE
- EXTREMELY EASY TO INSTALL
- NO WAITING TIME REQUIRED FOR JOINTS
- FIT AND MATCH WITH PVC FITTINGS
- AVAILABLE SIZE FROM 1/2" TO 8" DIAMETER
- PRESSURE CAPACITY 2.5 KG/CM2 TO 10KG/CM2

*FOR DETAILS ASK TO YOUR LOCAL HARDWARE SHOP OR CONTACT:*

**MUKTESWOR PIPE INDUSTRIES PVT. LTD.**

HEAD OFFICE:-
TEL : 420773
FAX : 977-1-420773
PUTALISADAK, KATHMANDU
FACTORY:- TEL.: 290697,
THANKOT, KATHMANDU

यसभित्र


# मूल्याङ्कन

(विचार अन्तर्क्रियामुखी मासिक)

वर्ष १४, पूर्णाङ्क ४२
२०५३, कार्तिक-मंसीर



**संरक्षक**
डा. मथुराप्रसाद श्रेष्ठ

**सल्लाहकार**
डा. कमलकृष्ण जोशी
डा. कृष्णबहादुर थापा
खगेन्द्र संग्रौला
चन्द्रराज ढुंगेल
डा. चैतन्य मिश्र
डी. आर. पोखरेल
पद्मरत्न तुलाधर
डा. भरत प्रधान
डा. महेश मास्के
महेश्वरमान श्रेष्ठ
प्रा. हर्षनारायण धौभडेल

**प्रधान सम्पादक**
श्याम श्रेष्ठ

**कार्यकारी सम्पादक**
हरिगोविन्द लुईटेल

**सह-सम्पादक**
राजेन्द्र महर्जन

**बजार व्यवस्थापक**
श्याम खड्का

**लेखा व्यवस्थापक**
वीरप्रसाद भसारी

**व्यवस्थापन सहयोगी**
दुर्गा खड्का



अन्तर्क्रिया प्रकाशन (प्रा.) लि का लागि सुवास श्रेष्ठद्वारा प्रकाशित



**कार्यालय**
"मूल्यांकन" मासिक
अन्तर्क्रिया प्रकाशन (प्रा.) लि.
ख-२/१९१, पुतलीसडक
काठमाडौं-३२
फोनः ४२२७६९, ४२३५४९
पो. ब. नं. ७०५०, काठमाडौं


## के हुनेछन् महाकाली सन्धिका दूरगामी असरहरू ?

❑ जलस्रोतविद्हरु दीपक ज्ञवाली, अजय दीक्षित र डा. हरिमान श्रेष्ठका गहन र खोजपूर्ण विचारहरु

## भारतले यसरी मिचेको रहेछ नेपाली भूमि !

-दार्चुला, कालापानी क्षेत्रको स्थलगत अध्ययनको ताजा रिपोर्ट !

**एमाले र महाकाली सन्धि !**

## महाकाली सन्धि किन ठीक वा बेठीक ?

*विचारोत्तेजक ताजा अन्तरवार्ता*

◆ क. माधव नेपाल ◆ क. वामदेव गौतम ◆ क. केशवलाल श्रेष्ठ

## ◉ हाइ ड्यामले इथियोपियालाई कसरी वर्वाद पार्‍यो ?

*तथ्यपूर्ण रिपोर्ट*

**भोकमरीको देश इथियोपियाबाट नेपालले के सिक्नु जरुरी छ ?**

## ◉ मेक्सिकोमा नयाँ वामपन्थी संगठनको उदय !
## ◉ किन सरकारी स्कूलको पढाइको स्तर गिरिरहेछ ?

"विचार-मंच" अन्तरगत ४ जना वौद्धिकहरू


**आवरण कथा**
यसरी मिचेको रहेछ भारतले नेपाली भूमि -सधीर शर्मा ४
कुटी नदी रहेछ महाकालीको मुहान -गणेश खत्री ६
दार्चुलाका प्रजिअको प्रतिकृया ४
व्यास गाविसका अध्यक्षको प्रतिकृया ६
दीपक ज्ञवालीको विचार ७
अजय दीक्षितको विचार ८
क. माधव नेपालसंगको अन्तरवार्ता १०
क. वामदेव गौतमसंगको " १०
क. केशवलाल श्रेष्ठसंगको " १२

**आँखी-झ्याल**
हाइ ड्यामले बर्वाद पारेको इथियोपिया ४०

**संघर्षको गाथा**
कसरी एउटी अनपढ महिला प्रसिद्ध क्रान्तिकारी उपन्यासकार बनिन् ? *-अलका आर्य* १७

**विश्व कम्युनिष्ट आन्दोलन**
मेक्सिकोमा नयाँ वामपन्थी समूहको उदय १४

**विज्ञान/प्रविधि**
आइन्सटाइनपछिका प्रसिद्ध वैज्ञानिक ! *-तुल्सीदास महर्जन* १९
परम्परागत विज्ञान शिक्षणः एक नयाँ अन्धविश्वास -माधवप्रसाद अधिकारी २०

**पर्दा/रंगमंच**
मनोज गजुरेलसंगको अन्तर्वार्ता २५

**संगठन**
कतै हाम्रो केन्द्रियता नोकरशाही त छैन ? -प्रज्ञानरत्न २८

**साहित्य**
वैचारिक विकासको सन्दर्भमा देवकोटा -मोदनाथ प्रश्रित २२
क. माओ त्से तुङ्ग (कविता) -महाकवि देवकोटा २४

**अचेल**
के सोच्दै हुनुहुन्छ, के गर्दै हुनुहुन्छ पुराना किसान नेता साँनुदाइ ? ३१

**प्रेरक प्रसंग**
"काका हो" बाट सिकौं ! -राजेन्द्र स्थापित ३४

**पाठकको कुरो** ४२

**हाम्रो मूल्याङ्कन** ४

**नयाँ स्तम्भ**
**विचार-मंच**
किन सरकारी स्कूलमा पढाइको स्तर गिरिरहेछ ?
**- प्रा. हर्ष नारायण धौभडेल, शंकरनाथ शर्मा, जनार्दन श्रेष्ठ र लक्ष्मी माली-३२**


**भूल-सुधार**

**यसै अंकको पृष्ठ २५ मा शीर्षकमा मनोज गजुरेल हुनु पर्नेमा त्रुटीवश अन्यथा छापिन गएकोमा सच्याई पढ्नुहुन अनुरोध छ ।**

**-मूल्यांकन**


आवरणः नेकपा एमालेका नेताहरु क. माधव नेपाल, क. वामदेव गौतम, क. के.पि. ओली र क. सि.पि. मैनाली/ फोटोः उषा तिवारी/ इन्सेटमा नेपाली भूमि दार्चुलामा भारतीय सैनिक क्याम्प/ फोटोः यात्रा थुलुङ्ग/आवरण कलाः आइडियल डिजाइनर्स, बागबजार/ भित्री पृष्ठका चित्रहरुः राजन काफ्ले, लक्ष्मण भूजेल, जि.डि. सारु, यति आर्ट, पुतलीसडक/ कम्प्युटर सेटिङ्गः सहदेव खाकी, माइक्रोचिप्स कम्प्युटर, पुतलीसडक/मुद्रणः इन्द्रेणी अफसेट प्रेस, बागबजार

हाम्रो कल्याङ्ग

# जब राष्ट्रभन्दा कुर्सी प्यारो बन्छ !

जब कुर्सी राष्ट्रभन्दा प्यारो बन्छ, देशमा महाकाली सन्धिहरू हुन्छन् । र; ती सन्धिहरू संसदको दुई तिहाई मतबाट सजिलै पास हुन्छन् । यसपालि त्यस्तै भयो ।

भारतीय सत्तालाई रिझाएपछि मात्र नेपाली सत्ता दिगो बन्छ- यो सोचाइ सर्वप्रथम जंगबहादुरले चलनचल्तीमा ल्याएका हुन् । तर महाकाली सन्धिले देखाएको छ- नेपाल अहिले पनि जंगबहादुरकै लीकमा चलिरहेछ । देशमा "प्रजातन्त्र" आएको छ, तर यसले शासकहरूको मनोवृत्तिमा कुनै *परिवर्तन ल्याएको छैन । हामी पनि समान हौं र ?* हामी पनि आफ्नै बलबूतामा केही गर्न र टिक्न सक्छौं र ? आत्महीनताको यो मनोवृत्ति आज पनि उस्तै छ, जस्तो हिंजो थियो । खै कहिले बद्लिने नेपाली शासकहरूको यो मनोवृत्ति ? भारतीय शासक वर्गलाई खुशी पार्न नेपालका राष्ट्रिय हितहरूलाई बली चढाउने घुँडाटेकुवा दृष्टिकोण यही मनोवृत्तिको उपज हो ।

दार्चुला कालापानीमा भारतीय सैनिक पोष्ट १९६२ भन्दा अगाडिदेखि विद्यमान रहेछन् । त्यहाँ महाकालीको वास्तविक मुहान नै बदल्ने र नेपालको करीब २० हजार हेक्टर जमीन हडप्ने कार्य भारतीय शासकहरूले गरेका रहेछन् । र, नेपालको प्रत्येक सिडिओले केन्द्रलाई यसको रिपोर्ट गरेको रहेछ । तर तात्कालीन पंच सरकार र त्यो सरकारको पनि लगाम समातेर बसेको दरबारले यसबारे चूँ बोलेन, किन ? कुनै कदम उठाएन, किन ?

कोशी र गण्डकीमा नेपाललाई हानी नै हानी हुने शर्तमा पनि फगत भारतीय फाइदाको निम्ति नेपाली जलस्रोत र भूमि समर्पण गर्ने कार्य नेपाली कांग्रेसका नेताहरूले गरे, किन ? टनकपुरमा नेपाली भूमिमा नेपालको अनुमति नै नलिई भारत सरकारले जबर्जस्ती बाँध बनाउँदा पनि त्यसलाई सुनपानीले चोख्याउने काम नेपाली कांग्रेसको गिरिजा सरकारले गऱ्यो, किन ?

अहिले व्यापक जनविरोधपछि घुमाउरो तरिकाले बदनाम टनकपुर सन्धिलाई प्राणदान दिन र म्याद सिद्धिएको शारदा बाँध संझौतालाई फेरि आयुदान दिन "महाकाली प्याकेज" को भारतीय अवधारणालाई स्वीकार्ने काम भयो, किन ? नेपालको औकातले नै नभ्याउने, नेपालको प्राथमिकतामै नपर्ने र नेपालले कुनै भरपर्दो गृहकार्य नै गरिनसकेको पंचेश्वर आयोजनालाई थुप्रै राष्ट्रहित विपरीतका शर्त हुँदाहुँदै नेपालले यतिखेरै हतार हतार स्वीकाऱ्यो, किन ?

राष्ट्रको हितको चिन्ता यहाँका शासक वर्गलाई हुन्थ्यो भने, महाकाली सन्धि पास गर्नुअघि चार वटा कुरा हेर्नुपर्थ्यो: पहिलो, नेपालको अहिलेको आर्थिक विकासको स्तरलाई उपयुक्त हुने विकासको ढाँचा के ? दोस्रो, त्यो ढाँचामा जलस्रोतको स्थान र योगदान के हुनसक्छ र कसरी हुनसक्छ ? तेस्रो, त्यसमा महाकाली नदीमा संचालन गरिने योजना कहाँनेर पर्छ ? चौथो, कुल नेपाल-भारत सम्बन्धका हिसाबले महाकाली नदीको योजनालाई कुन स्थितिमा र कुन शर्तको आधारमा संचालन गरेमा नेपालको र भारतको पनि दीर्घकालीन राष्ट्रिय हित हुनसक्छ ?

तर यी कुनै कुरामा पनि ध्यान दिइएन । हतार हतार र अत्यन्त हचुवामा नेपाललाई लामो समयसम्म प्रभावित पार्ने महाकाली सन्धि संसदबाट पास गरियो, आखिर किन ?

कारण स्पष्ट छ- जुन चश्माले जंगबहादुरले भारतीय शासक वर्गलाई हेर्थे, अहिले पनि उसलाई हेर्ने चश्मा उही छ । भिन्नता चश्मा लाउने मान्छेमा मात्र आएको छ; दृष्टिकोणमा आएको छैन । अहिले पनि नेपालको सत्ताको स्रोत नेपाली जनतालाई ठानिएको छैन, भारतीय सत्ताको आशीर्वादलाई ठानिएको छ । यो सोचमा जंगबहादुरदेखि हालसम्म गजबको निरन्तरता देखिन्छ ।

यो दृष्टिकोण पहिले कांग्रेस र पंचहरूमा मात्र देखिएको थियो । नेपाली वामपन्थको नेतृत्वमा सिंगै राष्ट्रले यसको विरोध गर्थ्यो । यसपालिदेखि त्यो स्थितिमा ठूलो हेरफेर आएको छ । अब नेपाली वामपन्थको सबैभन्दा ठूलो तप्कामा पनि त्यही दृष्टिकोण सरूवा रोगझैं सरेको छ । त्यो तप्काको एकथरि नेतृत्वलाई राष्ट्रभन्दा कुर्सी नै प्यारो हुन थालेको छ । 'भारतीय सत्तालाई खुशी नपारी कुर्सीमा लामो समय टिकिन्न' भन्ने दृष्टिकोण उनीहरूमा पनि हावी हुन थालेको छ ।

तर फरक यति छ कि- महाकाली सन्धि पास हुन्छ, कांग्रेस र पंचहरूमा एकाध जनाले मात्र यसको विरोध गर्छन्, बाँकी कांग्रेसी र पञ्च नेता, कार्यकर्ता र बुद्धिजीवी कसैमा पनि यसबारे कुनै प्रश्न नै उठ्दैन । एमालेभित्र चाहिं सन्धिका प्रणेताहरू प्रहरीको संरक्षणमा हिंड्न बाध्य हुने हदको विद्रोह हुन्छ । नेता, कार्यकर्ता र बौद्धिकहरूको बहुसंख्यक तप्का यसको विरोधमा उत्रिन्छ ।

तथापि, जब संसदको अत्यधिक बहुसंख्याको लागि राष्ट्रभन्दा कुर्सी प्यारो हुनथाल्छ र कुर्सीको स्थायित्वको स्रोत दिल्ली वा वाशिंगटन हुनथाल्छ, नेपालको निम्ति यो महाकाली सन्धि नै राष्ट्रिय हित विपरीतको अन्तिम सन्धि हुने देखिन्न । छिटै कर्णाली, बुढीगण्डकी र अरूणहरू पनि सिमेन्ट कारखानाको घुम्ने फित्ताबाट सोलीमा चुन- ढुङ्गाहरू लाम लागेझैं लाम लाग्ने देखिन्छन् । सम्पूर्ण देशभक्त र वामपन्थी शक्तिहरू यो प्रक्रिया र प्रवृत्तिका विरूद्ध साह्रै सजग र एकगठ हुनु जरूरी छ । महाकाली सन्धिबारे यथार्थ बुझेकाहरूले नबुझेकाहरूलाई बुझाउने र ब्यूँझाउने अभियान थाल्नु जरूरी छ । जनताको आलोचनात्मक सजगताले मात्रै, सम्पूर्ण देशभक्त र वामपन्थी शक्तिहरूको एकताले मात्रै यो भासमा भासिनबाट देशलाई जोगाउन संभव छ ।

◉

**◆ के हुनेछन् महाकाली सन्धिका दूरगामी असरहरु ?**

**◆ "लेनिनवादी सिद्धान्त नबुझ्नेले मात्र यसलाई प्राविधिक बहुमत भन्दछन् !"**

**◆ "महाकाली सन्धि इतिहासमा सबैभन्दा गलत निर्णय हो !"**

दार्चुला, कालापानी क्षेत्रको स्थलगत भ्रमणपछिको सुधीर शर्माको रिपोर्ट



# यसरी मिचेको रहेछ भारतले नेपाली भूमि !

तीन दिशामा सीमा जोडिएको भारतले तीनैतिरबाट नेपालको भूगोललाई खुम्च्याउन थालेको धेरै समय बिते पनि यसका विरूद्ध समय समयमा जनआवाज उठिरहेको छ । दार्चुलामा भएको भारतीय अतिक्रमणका विरूद्ध अहिले देशभक्तहरूको स्वर एकाकार भएको छ । तर, यथार्थ जानकारीको अभावले विरोधको स्वरमा एकरूपता भने छैन । टिंकरमा भारतीय सेना छ भनेर हिजो गरिएको गल्ती आज "कालापानीमा मात्र अतिक्रमण भएको छ" भनेर दोहोऱ्याइँदैछ । यही विरोधाभासभित्रको वास्तविकता बुझ्न हामी यसपालिको दशैंताका दार्चुला पुगेका थियौं । अर्थात् म, पत्रकार गणेश खत्री र फोटो पत्रकार यात्रा थुलुङ ।

दार्चुला अर्थात्, भारत-चीन दुवैसंग सीमाना जोडिएको देशको सबैभन्दा पश्चिमोत्तर जिल्ला । त्यहाँ पुग्न करीब तीन सय किमि लामो भारतीय सडक प्रयोग गर्नुपर्छ । यस अर्थमा दार्चुला नेपालबाटै टाढा रहेको नेपाली जिल्ला हो । काठमाडौंबाट महेन्द्रनगर, र महेन्द्रनगरबाट भारतको बनवासा हुँदै

टनकपुर बजार, अनि त्यहाँबाट १० घण्टाभन्दा बढी समयको पहाडी यात्रा पश्चात् दार्चुला बजार पुगियो । र, दार्चुलाको पूर्वपट्टि महाकाली तरेपछि आउने खलंगा बजार नै दार्चुलाको सदरमुकाम हो । यहाँसम्म आइपुग्नको निम्ति महेन्द्रनगरबाटै अनुमति-पत्र लिनुपर्छ । सोही अनुरूप हामी पनि खलंगा पुग्यौं । र, त्यहाँबाट महाकालीको तिरैतिर ६९ किमि लामो घोरेटो बाटो काटेपछि उत्तरी हिमाली गाउँ छाङरू पुगियो । काठमाडौबाट यहाँसम्म पुग्न हामीलाई ६ दिन लाग्यो । छाङरू, व्यास गाविसमा पर्छ, जसको केही भाग भारतले बलपूर्वक आफ्नो कब्जामा राखेको छ । छाङरू नै यो क्षेत्रको अन्तिम वस्ती रहेछ ।

## अतिक्रमणमाथि अतिक्रमण

भारतीय अतिक्रमणका सम्बन्धमा दार्चुला इतरबाट प्रवाहित सूचना र दार्चुलावासीको विश्वास तथा वास्तविकता बीच ठूलो अन्तर रहेको छ । त्यसैले त छाङरूका ७२ वर्षीय बृद्ध गगनसिंह ऐतवाल आक्रोश पोख्छन्- "पहिले टिंकरमा भारतीय सेना छ भन्ने र अहिले कालापानीमा मात्र अतिक्रमण भएको छ भन्नेहरू नै सबैभन्दा भयंकर राष्ट्रघाती हुन् ।"

वास्तवमा, हाल केही पत्रपत्रिकामा सर्वाधिक चर्चाको विषय बनाइएको 'कालापानी' विवादको केन्द्रविन्दु नभई नक्कली महाकालीको सिर्जना चाहिं विवादको जड हो, विवादित स्थल घुमेपछि हामीले महसुस गर्‍यौं ।

छाङरूदेखि अलि माथि पर्ने गुन्जीदेखि विवादित क्षेत्रको प्रारम्भ हुन्छ । गुन्जी कुटी नदी र लिपुखोला (कौवाखोला) को दोभान हो । यसमध्ये कुटी नदी वास्तविक महाकाली हो भने, पछिल्लो चाहिं भारतद्वारा एकतर्फी रूपमा घोषित नक्कली महाकाली हो । दार्चुलाका प्रजिअ मोहन आचार्यका अनुसार हालको कुटी नदीदेखि पूर्वतर्फ लिपुखोलासम्मको सम्पूर्ण भूभाग भारतले अतिक्रमण गरेको क्षेत्र हो । तर पछि उनीहरूले लिपुखोला मिचेर वारी नै आएर सैनिक क्याम्प खडा गरे । कुटी नदी नै वास्तविक महाकाली हो भन्ने जानकारी आफूहरूले केन्द्रमा दिंदै आएको कुरा पनि उहाँले बताउनु भयो ।

अर्थात्, लिपुखोला वारी कालापानी क्षेत्रको ४० वर्ग किमि भूभाग मात्र होइन, भारतले कुटी नदीदेखि पूर्वको जम्मा १९ हजार ६ सय हेक्टर नेपाली भूभाग पटक पटक अतिक्रमण गरी आफ्नो कब्जामा लिएको रहेछ । र, त्यस क्षेत्रका गुन्जी, नाभी र कुटी नामका तीन नेपाली गाउँहरू पनि भारतमै गाभिएका रहेछन् ।

## सैनिक क्याम्प कहाँ छ ?

गुन्जीबाट लिपुखोलालाई पछ्याउँदै १५ किमि दूरी पार गरेपछि हामीले वारीपट्टि नै इण्डो-तिब्बत बोर्डर पुलिस (आइ.टि.बि.पि.) क्याम्पको प्रवेशद्वार भेट्यौं । फलामको पुल लगाएर खोला पारीको बाटोलाई क्याम्पसंग जोडिएको रहेछ । हामी त्यहाँ पुग्ने बित्तिकै ५/६ जना सैनिकहरू दौडदै हामीतिर आए, र एकैसाथ अनेक प्रश्नहरू गरे । उनीहरूको रवैया पूर्णतः नकरात्मक थियो । व्यास गाविसका अध्यक्ष जयेन्द्रसिंह ऐतवालका अनुसार, त्यहाँ पुग्ने जोसुकैलाई भरसक धम्काएर फिर्ता पठाउने उनीहरूको सामूहिक प्रवृत्ति हुँदोरहेछ ।

त्यहाँ मन्दिर नजिकै एउटा हेलिप्याड र त्यसकै छेउमा लहरै १० वटा गुम्बा आकारका फलामे घरहरू थिए भने अलि पर २/३ वटा सिमेन्टेड घरहरू थिए । हाल दार्चुलाको सुनसेरा गाविसमा बसोबास गर्नुहुने शाही नेपाली सेनाका पूर्व क्याप्टेन दिलीपसिं कुँवरले बताउनु भए अनुसार, त्यहाँ सात वटाभन्दा बढी भूमिगत बंकरहरू पनि रहेका छन् । ०३१ सालको खम्पा काण्डताका त्यहाँ खटिंदा आफूले आइ.टि.बि.पि.को क्याम्प देखेको र त्यहाँ हतियार लिएरै घुसेको रमाइलो अनुभव उहाँ सुनाउनु हुन्छ । उहाँका अनुसार चिनजानपछि तिनीहरूले उहाँलाई चिया ख्वाएर पठाएका थिए । हामीलाई मन्दिर भएसम्म लगियो । त्यहाँ प्रशान्त मिश्र नाम बताउने सैनिक अधिकृतसंग केही क्षण कुराकानी भयो । उनले नेपाल-भारत सीमा त्यहाँबाट ५० मिटर दक्षिणमा रहेको सुखानाला भएको, तर सहानुभूतिपूर्वक कालापानीलाई भारतले सीमा मानीदिएको दावी गरे ।

तत्कालीन व्यास गाउँ पंचायतका प्रधानपन्च जितसिंह बोहोराका अनुसार, त्यहाँबाट उत्तरतर्फ तिब्बत-सीमा नजिक नाभीढाङ्ग भन्ने ठाउँमा अझ ठूलो सैनिक क्याम्प राखिएको छ । यसैगरी, अतिक्रमण- क्षेत्रमा नै पर्ने जोलिङ्गकाङ्ग र गुन्जीमा पनि आइ.टि.बि.पि.का क्याम्पहरू रहेका छन् ।

## कृत्रिम कालापानी बनाइयो

जानकार सूत्रका अनुसार, गुन्जीबाट १९ किमि उत्तरतर्फ पर्ने जोलिङ्ग काङ्ग पर्वतमालाको लाङ्गपिया नेपाल, भारत र चीनको वास्तविक त्रि-देशीय सीमाविन्दु हो । र, त्यसै ठाउँमा कुटी नदीको मुहान पनि छ । तर भारतीयहरूले पचासको दशकको शुरूतिरै कुटी नदी



## सीमा मिचिएको सूचना हामीबाट पाएर पनि माथिबाट कुनै कदम चालिएन

-मोहन आचार्य (प्रजिअ, दार्चुला)

म यहाँ आएको धेरै दिन भएको छैन । त्यसैले विवादित स्थल गएको छैन र यसबारेमा विस्तृत अध्ययन गरिसकेको पनि छैन । तर, यसअघि प्राप्त रिपोर्ट अनुसार, भारतले हाम्रो भू-भाग मिचेको छ र त्यस क्षेत्रमा सैनिक शिविर खडा गरिएको छ. ।

हाम्रा कुनै कर्मचारी र नेपाली जनतालाई त्यस क्षेत्रमा जान दिंदैनन् । त्यसैले कति भू-भाग अतिक्रमण भएको छ भन्ने यथार्थ जानकारी हामीसंग छैन । यसको लागि प्रयास हुँदैछ । सीमा मिचिएको बारे पहिलेदेखि नै प्रत्येक प्रजिअले केन्द्रमा जानकारी गराउँदै आएका रहेछन् । तर, माथिबाट औपचारिक रुपमा खासै कदम चालिएन । त्यसैले गर्दा अहिले यो विवाद जटील बन्न पुगेको छ ।

राष्ट्रको परिचय सीमानाबाट शुरु हुन्छ । सीमाना मिचिएको बारे समेत बोल्न नसक्ने व्यक्ति त्यो राष्ट्रको नागरिक हुन सक्दैन । पदमा रहेकाले मात्र मैले यो कुरा गरिराख्या हैन । नेपाली नागरिकको हैसियतले सीमा मिचिएको कुरा उठाउनु मेरो कर्तव्य हो । यसबाट म विमुख हुन सक्दिनँ । आफ्नो अधिकार क्षेत्रभित्र रहेर यसको निमित्त मैले पहल गरिरहेको छु । सीमा विवाद सुल्झाउन दुवै देशका विशेषज्ञहरु राखेर संयुक्त समिति बनाउनु पर्छ र स्थलगत निरीक्षण तथा अघिका सन्धिहरुको गहन अध्ययन गरिनु पर्छ भन्ने मेरो मान्यता छ ।

❑


**दार्चुला, कालापानीमा भारतीय सैनिकहरु बस्ने बंकर**

फोटो: यात्रा थुलुङ



**नक्कली महाकालीको मुहानमाथि बनेको भारतीय पूल**

फोटो: यात्रा थुलुङ



पार गरेर गुन्जीमा सैनिक क्याम्प खडा गरे । अनि लिपुखोलालाई सीमा नदी (महाकाली) घोषित गरे । तर नेपाली पक्षबाट औपचारिक विरोध भएन । फलत: उनीहरूले सन् १९५७ मा लिपुखोला-वारीको समतल भूभागमा स्पेशल पुलिस फोर्स (एसपिएफ) को शिविर खडा गरे । त्यसै ठाउँलाई आजकल कालापानी भनिन्छ ।

व्यास गाविसका अध्यक्ष ऐतवालका अनुसार, त्यो कालापानी कृत्रिम हो । वास्तविक कालापानी त्यहाँबाट पनि १७ किमि माथि लिपुभञ्ज्याङमा पर्छ । एसपीएफमा कार्यरत रहँदा कालापानीमा पनि खटिनु भएका गगनसिंह ऐतवाल भन्नु हुन्छ- "कालापानीको झैं त्यहाँ पनि कालीको मन्दिर बनाइयो । मन्दिर अगाडि पानी जम्मा गरेर तलाउ पनि बनाइयो र त्यहाँको पानीलाई लिपुखोलामा मिसाएर त्यही तलाऊलाई अहिले महाकालीको मुहान भन्छन् ।" सो नक्कली काली मन्दिर निर्माण गर्ने जसराजसिंह बोहोरा खलंगा बजारमा अद्यापि बसोबास गर्नुहुन्छ ।


सामरिक दृष्टिकोणले महत्वपूर्ण भएकोले भारतले त्यस क्षेत्र अतिक्रमण गरेको कुरा शाही नेपाली सेनाका पूर्व क्याप्टेन कुँवर बताउनु हुन्छ । उहाँका अनुसार, सन् १९६२ को भारत-चीन युद्धपछि त्यहाँबाट एसपीएफलाई हटाएर आइ.टि.बि.पि.लाई तैनाथ गराइएको थियो ।

## समाधान के त ?

दार्चुलावासी जनता कुटी नदीपूर्व भारतले अतिक्रमण गरेको क्षेत्र फर्काइनु पर्ने कुरामा एकमत छन् । र, त्यहाँको स्थानीय प्रशासन पनि यसमा पूर्णत: सहमत छ । प्रजिअ आचार्य यसअघिका सबै प्रजिअहरूले देशको सीमा मिचिएको बारे गृहमन्त्रालयलाई लिखित जानकारी गराउँदै आएको, तर केन्द्रबाट हालसम्म कुनै कदम नचालिएको दु:खेसो पोख्नु हुन्छ । गत महिना स्थानीय स्तरमा बसेको नेपाल-भारत सीमासम्बन्धी संयुक्त बैठकमा दार्चुलाका डिएसपी इन्द्रबहादुर शाहले अतिक्रमणको कुरा उठाउनु भएको थियो । तर, भारतीय पक्षबाट वास्ता गरिएन । डिएसपी शाहकै शब्दमा, "बैठकमा यस विषयमा छलफल पनि भएको थियो । तर पछि उनीहरूले षड्यन्त्रमूलक ढंगले सो कुरालाई माइन्यूट बुकबाट हटाएछन् ।"

स्थानीय स्तरबाट सीमा रक्षाको निम्ति पहल गरिनु निश्चय नै राम्रो कुरा हो, तर यसको पूर्ण समाधानको निमित्त केन्द्रीय स्तरबाटै कदम चालिनु पर्छ । तर यही कुराको अभाव खटकिरहेको छ । भारतीय अतिक्रमणका विरुद्ध बोल्न नसक्नुले सरकारको भारतपरस्ततालाई अझ बढी झल्काउँछ ।

सम्पूर्ण देशभक्त शक्तिहरू एकजुट भएर नेपाली भूभागबाट भारतीय सेना फर्काउन सरकारलाई दवाव दिनु अहिलेको आवश्यकता हो । ❑




रेखांकन: सुधीर शर्मा

**स्थलगत भ्रमणपछि**

# कुटी नदी रहेछ महाकालीको मुहान !

— गणेश खत्री

सीता पुल छोटी भन्सार दार्चुला जिल्लाको उत्तर-पश्चिम दिशाको अन्तिम भन्सार कार्यालय हो । त्यहाँदेखि दुई किलोमिटर उत्तरमा तल्लो कावा पर्छ । तल्लो कावापारिपट्टि कालापानी र कुटी नदीको दोभान पर्छ । दोभानलाई गुन्जी भनिन्छ । कालापानी र कुटी नदीबीच जम्मा १९२ वर्ग किलोमिटर भूमि छ । त्यहाँ कालापानी पहाड, गुन्जी र गुदी पहाडहरू, कुटी गाउँ र स-साना समस्थली पर्छन् ।

सुगौली सन्धिले गरेको सीमा निर्धारणलाई हेर्दा कुटी महाकालीको मुहान पर्छ । कुटी सीमा नदी भएको नेपालको मानचित्र सन् १९८९ सम्म बजारमा पाइन्थ्यो । तर अहिले सरकार आफैं आफ्नो राष्ट्रको सीमा खुम्चिएको मानचित्र जनतासामु प्रस्तुत गर्दैछ ।

प्राय:जसो सम्पूर्ण दार्चुलाबासीहरू कुटीलाई नै काली नदीको मूल मान्दारहेछन् । "जनतालाई नेपाल र भारतको सीमाना थाहा नभए पनि काली नदी जोलिङकङबाट आउँछ भन्ने थाहा छ ।" दार्चुलाका भेडापालक दानवीर ठकुरी बताउँछन् । जोलिङकङ अहिले भारत र तिब्बत बीचमा पर्छ । यो हिम रेखाभन्दा माथिको पहाड हो । यसको शिखरलाई छोटे कैलाश भनिन्छ । कुटी नदी सीमाना हुँदा दार्चुलाका बासिन्दाहरू तीर्थ यात्राको लागि छोटे कैलाश जान्थे ।

"छोटे कैलाशमा तिब्बतको कैलाश पर्वतमा भन्दा बढी रहस्यमय प्राकृतिक वस्तुहरू छन् । त्यहाँ एक रोपनी क्षेत्रफल भएको पोखरी छ । पोखरीको पूर्वी मोहडामा धान र जौका बालायुक्त दुई बोटहरू छन् । ती बोटहरू सैयौं वर्ष पहिलेका हुन् । अलि अलि थाहा भएअनुसार छोटे कैलाश नेपाल, भारत र चीनको त्रिकोण सीमा-विन्दु पर्थ्यो ।" छाङशुका पूर्व प्रधानपंच जीतसिंह बोहरा बताउँछन् ।


अहिले भने छोटे कैलाशमा कसैलाई जान दिइँदैन । कैलाशको पश्चिमपट्टि करीब एक किलोमिटरको दूरीमा करब मैदान पर्छ । छोटे कैलाश करब र जोलिङकङको बीचमा रहेको छ । अमेरिकी सेनाले भू-उपग्रहद्वारा लिएको चित्रमा करब र जोलिङकङमा सैनिक अड्डा भएको देखाइएको छ ।

"सन् १९४२ तिरको भारतको उत्तर प्रदेशको कक्षा ३ का पाठ्यपुस्तिकामा महाकालीको मुहान कुटी नदी देखाइएको छ । त्यसमा कुटी नदी जोलिङकङबाट उत्पन्न हुन्छ भनेर

## सरकारी मौनताले गर्दा अतिक्रमण बढेको छ

-जयेन्द्रसिंह ऐतवाल

(अध्यक्ष, व्यास गाविस)



**विस्तारवादी नियत लिएर नै भारतले हाम्रो मातृभूमिमाथि अतिक्रमण गरिरहेको छ । पूर्वमा फापरदेखि लिएर पश्चिममा दार्चुला जिल्लासम्म उनीहरुले आफूलाई चाहे अनुरुपका ठाउँहरुमा कब्जा जमाएका छन् । मेरै गाविसको कुटीदेखि कालापानीसम्मको हजारौं हेक्टर भूमिमा उनीहरुले निर्लज्ज अतिक्रमण गरेर सैनिक क्याम्प समेत खडा गरेका छन् । दशकौं अघिदेखि भएको यो अतिक्रमणबारे जानकारी पाउँदापाउँदै पनि सरकारले बोल्न सकेको छैन । सरकारी मौनताले गर्दा भारतको हौसला झन् बढ्को छ । उसले बारम्बार अतिक्रमण क्षेत्र बढाइरहेको छ । यस्तै हो भने भोलि व्यास गाविस नै उसले खान सक्छ ।**

**दार्चुलामा भारतीय अतिक्रमण शुरु भएदेखि नै हामीले स्थानीय स्तरबाट आवाज उठाउँदै आएका छौं । तर माथिबाट कसैले सुन्दैनन् । बल्ल यसपालि भने संसदमा कुरा उठेछ । त्यसपछि कालापानी क्षेत्र हेर्न मन्त्रीहरुको टोली हेलिकोप्टर लिएर आएको थियो रे भन्ने सुन्यौं । तर, उनीहरु यहाँ आइपुगेनन् ।** ❑

# के हुनेछन् महाकाली सन्धिका दूरगामी असरहरु ?

**सन् १८४२ तिरको भारतको उत्तर प्रदेशको कक्षा ३ को पाठ्यपुस्तिकामा महाकालीको मुहान कुटी नदी देखाइएको छ**

लेखिएको थियो रे ! तर ती किताबहरू भारतले नष्ट गरिसकेको छ।"- दार्चुलाका प्रमुख जिल्ला अधिकारी मोहन आचार्य बताउनु हुन्छ। त्यस्तै, दार्चुला जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरिक्षक पनि कुटी नै महाकालीको मूल हो भन्नु हुन्छ।


कुटी नदी महाकालीको मुहान हुने धेरै कारणहरू छन्। कुटी नदी कालापानीमा मिसिने नभई कालापानी कुटीमा मिसिन्छ। एक नदी अर्कोमा गएर मिसिन्छ भने मिसिने नदी सहायक नदी हुन्छ। कालापानी स्थायी नदी होइन। कुटी स्थायी नदी हो। जोलिङकङ्गबाट उत्पन्न भएपछि कुटीमा ६ वटा सहायक नदी मिसिन्छन्। तीमध्ये तीन वटा भारतबाट र तीन वटा नेपालको साङ्गुचा हिम श्रृङखंलाबाट आएका छन्। यी सम्पूर्ण नदीहरू कुटी गाउँमाथि नै मिल्छन्। त्यहीबाट कुटी मूल नदी बनेर आएको छ। करीब १९ किलोमिटर दूरी पार गरेर आएको कुटी नदी कालापानी भन्दा ३ किलोमिटर लामो छ।

"गुन्जी र कालापानीको भारतीय सैनिक शिविर बीचमा पर्ने कालापानी पहाडलाई पाँच वर्ष पहिलेसम्म नेपाल-भारत बीचको विवादित स्थल मानिन्थ्यो। र, उक्त पहाडको फेदीमा "विवादित स्थल" भनी नेपालले बोर्ड टाँगेको थियो।" -सीतापुल प्रहरी चैकीका हवल्दार नैनसिंह विष्ट बताउँछन्। उनका अनुसार वि.सं. २०४८ सालमा उक्त वोर्ड हटाइएको हो। उनले देखाएको वोर्ड रहेको स्थान हाल भारतीय सेना ओहोर दोहोर गर्ने स्थान बनिसकेको देखिन्छ।

त्यस्तै, छाङरूका गगनसिंह ऐतवालका अनुसार कुटी नदी आसपासका गाउँहरूलाई गोर्खाली गाउँ भनी बुझिन्थ्यो। कुटी, गुन्जी, गुदी, टिंकर र छाङरूलाई पाँच गर्खा (गोरखा) भनिन्थ्यो। यी गाउँहरूमध्ये कुटी, गुन्जी र गुदी हाल भारतमा पारिइसकिएका छन् र टिंकर र छाङरू नेपालमा पर्छन्।

स्थलगत अवलोकन र प्राप्त प्रमाणका आधारमा कुटी नै महाकालीको मूल देखिएको छ। सुगौली सन्धिपश्चात् नेपालको सीमा निर्धारण सम्बन्धी कुनै अर्को सन्धि भएको देखिँदैन। र, सुगौली सन्धिले कुटीलाई नै नेपालको सीमा नदी अर्थात् महाकालीको मूल मानेको छ। तसर्थ, कालापानीमा मात्र होइन, कुटी नदीमा पनि नेपालको हक स्थापित हुनुपर्छ। ❑

## महाकाली सन्धिबारे विद्युत इन्जिनियर तथा स्रोत अर्थशास्त्री दीपक ग्याली



## के भन्नुहुन्छ ?

यो सन्धिले नेपालको स्वाबलम्बी विकासको संभावनालाई बन्द नै गरिदिने भो। अहिले यो सन्धिमार्फत हामी जुन ढङ्गले हाम्रो पानी र बिजुली बेच्न भारतको बजार प्रवेश गर्दैछौं, त्यसमा हामीले बजारबाट अधिकतम फाइदा लिने होइन, बजारले चाहिं हामीबाट अधिकतम फाइदा लिने टड्कारो देखिन्छ।

यस्तो किन त भन्नुहोला, तपाईंले बजारबाट फाइदा उठाउने कि बजारले तपाईंबाट ?- यो कुरा तपाई कुन शर्तमा बजार प्रवेश गर्दै हुनुहुन्छ भन्नेमा भर पर्छ। नेपाल अहिले त्यसरी नै बजार प्रवेश गर्दैछ, जसरी एउटा गाउँको अनपढ बेरोजगार ढाक्रे ज्यालाको काम खोज्न काठमाडौंको श्रम बजारमा प्रवेश गर्छ। बजारबाट उसले कसरी अधिकतम फाइदा धुत्ने हो ? ऊसित कुनै सामान्य ज्ञान नै छैन। कति रूपियाँको ज्याला चल्तीमा छ ? कुन काममा बेसी ज्याला पाइन्छ ? – उसलाई केही थाहा छैन। ऊ आफ्नो सामाजिक सम्पत्तिविना बजारको अग्नि–कुण्डमा होमिन्छ। यस्तो स्थितिमा त्यो बेरोजगार ढाक्रेलाई बजारले अधिकतम शोषण गर्नु कुन आश्चर्यको कुरा हो र ? आखिर संसारमा शोषण भन्ने कुरा अज्ञान र अबुझहरूमाथि नै हुन्छ नि ! उसले आफ्नो गाउँको गाउँ विकास समितिको संस्थागत व्याकिङ्गसहित, कहाँ कति फाइदा हुने गरी रोजगारी पाउने, त्यसको तम्तयारीसाथ बजार प्रवेश गरको भए त ऊ बजारबाट अधिकतम फाइदा लिने हालतमा हुन्थ्यो। त्यो नहुनाले उसमाथि चर्को ठगी हुनु अवश्यंभावी छ।

अहिले महाकाली सन्धिको बाटो हुँदै नेपाल पनि त्यही अबुझ बेरोजगार ढाक्रे जस्तै भएर बजार प्रवेश गर्दैछ। त्यसैले, नेपालले बजारबाट फाइदा लिने होइन कि बजारले चाहिं नेपालबाट बढी भन्दा बढी फाइदा लिने निश्चित देखिन्छ।

हामी यो सन्धिमार्फत् पश्चिम एशियाको बिजुली बजारमा यसरी प्रवेश गर्दैछौं कि- हाम्रो सारा बिजुली-क्षमता त्यो बजारले लगभग परल मूल्यमा लाँदैछ। अनि कसरी नेपाललाई बिजुलीको विक्रीबाट फाइदा हुन्छ ? आफ्नो संस्थागत स्वरूप राम्रो बनाएर, पहिले नै बिजुलीको मूल्य तोक्न लाएर पहिले राष्ट्रका फाइदाका शर्तहरूबारे कसीकसाउ मोलतोल गरेर यो सन्धि पास गरेको भए तपाईंले बजारबाट अधिकतम फाइदा लिन सक्नुहुन्थ्यो। तर अहिले नेपालले त्यो तुरूप फालिसकेको छ। नेपालको अमूल्य स्रोत अब कुनै फाइदामा होइन, तपाई परल मूल्यको नजदीकमा बजारलाई समर्पण गर्दै हुनुहुन्छ। यसले नेपालको विकासमा दीर्घकालीन असर पार्नेछ।

यसले अर्को असर के गर्नेछ भने, हामीले बजारबाट फाइदा लिन नसकेपछि बजारले हाम्रो स्रोतबाट अधिकतम फाइदा लिन थाल्नेछ। हाम्रो स्रोतमा बजारको नियन्त्रण हुनेछ। हाम्रो स्रोतबाट बजारलाई जुन अत्याधिक नाफा हुन्छ, त्यो नाफाले उसले भविष्यमा हाम्रा नीति निर्माताहरू, हाम्रा प्रोफेसरहरू, हाम्रा पत्रिकाहरू किन्न सक्ने सामर्थ्य पैदा हुनेछ। यस प्रकार, तपाईंको शर्त बजारले मान्ने होइन, बजारको शर्त तपाईंले मान्नुपर्ने हुनेछ। अब यो त एउटा दलदल-जमीन जस्तै हुनेछ, जहाँ तपाईं जति चल्नु भो, उति भासिँदै जानुहुनेछ। आर्थिक, राजनीतिक रूपले हामी त्यसरी नै बजारभित्र घुलमिल र एकीकृत हुनेभयौं। अब यसरी दलदलभित्र एउटा मान्छे घुलमिल र एकीकृत हुन्छ।

संविधानको धारा १२६ देशलाई यस्तै भासमा पर्नबाट जोगाउन राखिएको थियो। हाम्रो देशको विकासको अवधारणा आफ्नो अनुकूल नभएसम्म 'नाइँ' भन्न सकियोस् भनेर यो धाराको व्यवस्था गरिएको हो। आफ्नो देशको फाइदाको शर्त के भन्ने कुरामा सिंगै राष्ट्र स्पष्ट र एक ढिका नभएसम्म कुनै पनि सन्धि पास हुन नसकोस् भनेर संविधानमा सन्धि पास गर्न दुई तिहाई बहुमतको व्यवस्था गरिएको हो। यहाँ त त्यही धाराको समेत दुरूपयोग भयो। धारा १२६ लाई नै बेकारको पारियो।

म एउटा प्रश्न गर्न चाहन्छु, राष्ट्रको निम्ति गंभीर महत्वको सन्धि पास गर्न संसदमा त दुई तिहाई बहुमत चाहिन्छ भने एउटा कम्युनिष्ट पार्टीमा त्यही सन्धिबारे निर्णय गर्न दुई तिहाई बहुमत चाहिन्छ कि चाहिँदैन ? राष्ट्रको निम्ति यति गंभीर र दीर्घकालीन असर पार्ने कुरा सिर्फ एक जना मान्छेको प्राविधिक बहुमत बनाएर लटरपटर गरेर रकमी पाराले पास गर्नु हुन्छ कि हुँदैन ? नेपाली कांग्रेसका उपाध्यक्षले यसलाई 'राष्ट्रघाती' भन्दाभन्दै के नेपाली कांग्रेसले यो सन्धि पास गर्नु हुन्छ ?

यी र यस्ता थुप्रै कारणहरूले गर्दा म त के भन्छु भने- यो सन्धि कानूनी त भएको छ, तर जायज भएको छैन।

It is legal but illegitimate.

अहिलेको सन्धिले पानीमा पनि त्यस्तै ठगीको बाटो खोलेको छ। सन्धिले पानीमा नेपालको हक यति, उपभोग यति भनेर तोकिदिएको छ। हक र उपभोग दुवै फरक कुरा हुन्। तपाईको हक भए पनि तपाईले त्यसलाई उपयोग नगर्न सक्नुहुन्छ। अरूलाई उपभोग गर्न दिइए पनि हक छ भने तपाईले त्यसलाई पछि फिर्ता लिन सक्नुहुन्छ। अरूनै थोकसंग साटासाट पनि गर्न सक्नुहुन्छ। तर सन्धिमा के गरिएको छ भने, नेपालको हक र उपभोग यति भनेर तोकिएको छ। त्यसलाई सीमित पारिएको छ। तर भारतको चाहिं हक र उपभोग दुवै तोकिएको छैन। त्यसलाई असीमित रूपमा छोडिएको छ। यसको मतलब, नेपालको हक र उपभोग तोकिएको भन्दा बाहेक बाँकी सबै भारतको हुने भो। यस मामलामा पनि यस सन्धिमा समानताको लक्षण देखिएन।

यसरी, पानीको बजारमा पनि यो सन्धिले गर्दा तपाईं यसरी प्रवेश गर्नु भो, जहाँ तपाईंको हात पूरै बाँधिएको छ। तपाईं अब तोकिएभन्दा बाहेकको पानीमा हक नै राख्नुहुन्न। उता, भारतको हात चाहिं फुक्का छोडिएको छ। ऊ तपाईंलाई तोकिएको भन्दा बाहेकको सबै पानीमा हक जमाउन र उपभोग गर्न स्वतन्त्र छ। भनेपछि, पानीको मामलामा पनि तपाईले बजारबाट अधिकतम फाइदा उठाउने होइन, बजारले तपाईबाट अधिकतम फाइदा उठाउने भो।

महाकाली सन्धिले पार्ने नकारात्मक दीर्घकालीन असर यही नै हो।

महाकाली सन्धिको अल्पकालीन असर चाहिं के हो भने, यो नेपालको क्षमताको सापेक्षतामा निकै ठूलो प्रोजेक्ट हो। आफ्नो क्षमताभन्दा निकै ठूलो प्रोजेक्टले हमेशा देशको अर्थ-राजनीतिमा तुरून्तै विकृति ल्याउँछ। तपाईं भएभरका स्रोतहरू महाकाली प्राजेक्टमा खन्याउनु हुन्छ भने, देशका बाँकी अन्य प्राजेक्टका लागि पैसा कहाँबाट पाउनुहुन्छ? के महाकाली नबनुन्जेल १०-२० वर्षसम्म देशका अन्य भागका जनतालाई बाटो, बिजुली, सिंचाइ केही कुराको पनि आशा नराख भन्न सक्नुहुन्छ?

अहिले पुवा, चिलिमे, खिम्ती, भोटेकोशी जस्ता साना साना प्राजेक्ट बन्दैछन्। तर त्यसमा विवाद नै उठेको छैन। किनभने, ती आयोजनाले ल्याउन सक्ने जोखिम र विकृतिलाई देशले व्यहोर्न सक्छ। तर सिंगै देशको ५-१० वर्षको पूरापूर बजेट खर्च हुने पंचेश्वरको जोखिम र विकृतिलाई हाम्रो देशले अहिले धान्न सक्छ?- कदापि सक्दैन।

यो त जम्माजम्मी आधा रोपनी जग्गा भएको एउटा किसानले संगैको अरबपति सँधियारसंग मिलेर फाइभ स्टार होटेल बनाउन खोजे जस्तै हो। अरबपतिसंग त क्षमता छ। उसले करोडौं पैसा ऋणमा ल्याउन सक्छ। त्यो लगानी कथंकदाचित डुबीहाले पनि उसका अरू १०-२० वटा उद्योग व्यवसाय छन्। त्यहाँबाट उसले क्षतिपूर्ति गर्न सक्छ। तर गरीब किसानले त्यत्रो पैसा कहाँबाट ल्याउने? ल्याइहाले पनि त्यो लगानी डुब्यो भने, उसको सर्वस्व खत्तम हुँदैन? त्यसको उसले कहाँबाट क्षतिपूर्ति गर्ने? किसानको लागि त सबैभन्दा उत्तम प्रोजेक्ट भनेको त्यो आधा रोपनी जमीनमा तरकारी लाउनु हो वा त्यहाँ चियापसल वा साइकल भाडामा लाउने पसल वा मोटर पार्किङ्ग थलो राख्नु हो। यस्तो गर्दै, क्षमता बढाउँदै लगेर उसले भरे थुप्रै बचत गरेर ठूलो उद्योग पनि खोल्न सक्ला। तर अहिल्यै त उसले त्यस्तो गर्ने सक्दैन। त्यस्तो गर्न खोज्नु क्षमता नै नभैकन ठूलो जोखिम मोल्नु हो, जुन उसले धान्नै सक्दैन। महाकाली पनि नेपालको लागि त्यस्तै आयोजना हो, जस्तो गरीब किसानको निम्ति फाइभ स्टार होटेलमा लगानी गर्ने आयोजना।

**यो त जम्माजम्मी आधा रोपनी जग्गा भएको एउटा किसानले संगैको अरबपति सँधियारसंग मिलेर फाइभ स्टार होटेल बनाउन खोजेजस्तै हो**

के पंचेश्वरबाट वर्षको १ खरब २० अरब रूपैयाँ आम्दानी हुन्छ? हाल भएको सन्धिमा योजना कत्रो हो? हामीले लगानी गर्नु पर्ने रकम कति हो? भारतले हाम्रो विद्युत कुन मोलमा किन्ने हो? यी कुनै पनि प्रश्नको ठेगान लागेको छैन। तर एमालेका नेता खड्ग ओलीले पंचेश्वर आयोजनाबाट एक खरब २० अरब रूपैयाँ प्रतिवर्ष आम्दानी हुने हिसाब निकालेका छन्। राप्रपाका मंत्रीहरू प्रकाशचन्द्र लोहनी र पशुपति शमसेरले २१ अरब रूपैयाँ प्रतिवर्ष आम्दानी हुने ठोकुवा गरेका छन्। लगानी र बिजुलीको मोल नै किटान नभई आम्दानीको हिसाब कसरी निस्कन्छ? यो आफैंमा छक्कलाग्दो कुरा छ। उनीहरूमा पुराणका व्यास ऋषिको जस्तो दिव्य-दृष्टि पो छ कि?

उनीहरूको दिव्य-दृष्टि जेसुकै होला, तर वैज्ञानिक तर्कले यसमा के भन्छ त?

पंचेश्वर बाँधको साधारण वर्षा भएको वर्षमा करीब ११ अरब यूनीट बिजुली निकाल्ने क्षमता छ। नेपालको भागमा आधा बिजुलीको हिसाबले साँढे

(बाँकी ३५ पेजमा)

# "महाकाली नदी साझा हो पानी आधाको आधा हो!"

-अजय दीक्षित
जलस्रोत इन्जिनीयर

जुन दिन नेपालको संसदले दुई तिहाई बहुमतले महाकाली सन्धि पास गर्‍यो, त्यही दिन जलस्रोतमन्त्री पशुपति शमशेरको प्रस्तावमा एउटा राष्ट्रिय संकल्प पनि नेपालको संसदले पास गरेको छ। त्यो संकल्पमा भनिएको छ- "विद्यमान उपभोग्य उपभोगमा प्रतिकूल असर नपर्ने गरी दुवै पक्षको समान हक रहनुको अर्थ महाकाली नदीको सम्पूर्ण पानीमा नै समान हक कायम गरेको ठहरिनेछ।"

नेपालले पाउनु पर्ने हक त त्यही हो- महाकाली नदीको सम्पूर्ण पानीमा नै समान हक कायम हुनु पर्ने हो। "महाकाली नदी साझा हो, पानी आधा आधा हो!"- यो नै नेपालको राष्ट्रिय हकलाई दर्शाउने राष्ट्रिय आवाज हो। त्यसैले हामी कामना गरौं- राष्ट्रिय संकल्पमा भने जस्तै होस्!

तर पास भएको सन्धिमा त्यो व्यवस्था छ त? 'बकितम'मा त हामीले आधा आधा हकको दावी गर्‍यौं। तर सन्धिको 'लिखितम'मा त्यो हकको व्यवस्था छ त?

सन्धिको गहन अध्ययन गर्‍यौं भने त्यस्तो कतै देखिँदैन।

सन्धि अनुसार, नेपालले पाउने पानी यति नै भनेर किटानीसाथ भन्न सकिने स्थिति छैन। यस मुताविक नेपालले पाउने पानीको सिनारियो (प्रारूप) लगभग ७ वटा हुन सक्छ। अर्थात् नेपालले पाउने पानीको परिमाणको संभावित ७ वटा चित्र हुन सक्छ। त्यसमध्ये कुनै पनि चित्र लागू हुन्छ भनेर भारतीय दावी हुन संभव छ।

त्यसमध्ये सबैभन्दा खराब एउटा सिनारियोमा सन्धिको व्यवस्था यही हो भनेर भारतले अड्डी कस्यो भने नेपालको भागमा सिर्फ ४ प्रतिशत पानी मात्रै पर्न आउनसक्छ। यो डरलाग्दो चित्र हो। तर के गर्ने? लिखितमले त्यस्तै इंगित गरेको छ।

**'बकितम'मा त हामीले आधा आधा हकको दावी गर्‍यौं, तर सन्धिको 'लिखितम'मा त्यो हकको व्यवस्था छ त? सन्धिको गहन अध्ययन गर्‍यौं भने त्यस्तो कतै देखिंदैन**

हाम्रो राष्ट्रिय संकल्पको तब मात्रै अर्थ हुन्थ्यो, जब सन्धिका धाराहरूमा संकल्पका शब्दहरू प्रष्ट अर्थ लाग्ने गरी प्रतिफलित हुन्थे। भारतसित मोलतोल गर्ने बेलामा हामीसित यो राष्ट्रिय संकल्प भएको भए त्यसको खासा अर्थ हुन्थ्यो। तर अहिले त सन्धि पास भइसक्यो, हामी भने बल्ल राष्ट्रिय संकल्प पास गर्दैछौं। के जरूरी छ र भारतलाई अहिले हाम्रो संकल्प मान्न? भारतले त त्यो कुरा हेर्छ, जुन सन्धिका धाराहरूमा छ। हामी भए पनि त्यही गर्थ्यौं। त्यसैले, मुख्य कुरो त पारित सन्धिमा के छ भन्ने नै हुन्छ।

## के छ सन्धिमा?

महाकाली नदीको एकीकृत विकास सम्बन्धी सन्धिमा जलस्रोतका तीन वटा आयोजनाहरू परेका छन्: शारदा बाँध, टनकपुर बाँध र पंचेश्वर बहुउद्देश्यीय बाँध सम्बन्धी आयोजना। यीमध्ये, शारदा बाँधको निर्माण चन्द्र शमशेरको पालामा सन् १९२९ मै भइसकेको हो। टनकपुर बाँधको निर्माण पनि १९९२ मै भइसकेको छ। पंचेश्वर बाँध चाहिं भर्खरै प्रस्तावित भएको छ।

महाकाली सन्धिले म्याद सिद्धिएको शारदा बाँध सम्बन्धी १९२० को ७० वर्षे सन्धिलाई नवीकरण गरिदिएको छ। यसले विवादास्पद १९९१



को टनकपुर सम्बन्धी सन्धिलाई पनि प्राणदान गरेको छ । र, पंचेश्वरमा टनकपुरदेखि ७० किलोमिटर माथि नयाँ आयोजना बनाउने प्रस्ताव पनि यसले सँगेटेको छ । यसैलाई न्वारान गरेर नयाँ नाम दिइएको छः महाकाली नदीको एकीकृत विकास सन्धि ।

यो सन्धि अनुसार, पंचेश्वरमा विश्वकै दोस्रो सबैभन्दा उँचो ३१५ मिटर अग्लो, पाँच वटा धरहरा बराबरको, बाँध बनाउने नेपालको योजना छ । यो बाँधले १२ अरब घनमिटर क्षमताको जलाशय निर्माण गर्नेछ, जुन कुलेखानीको जलाशयभन्दा १४५ गुणा ठूलो हुनेछ । महाकाली नदीको दुवैपट्टि भारत तथा नेपालको किनारमा बराबर क्षमताका दुई विद्युत गृह निर्माण गर्ने र प्रत्येकबाट ३२४० मेगावाट गरी जम्मा ६४८० मेगावाट विद्युत उत्पादन गर्ने नेपालको योजना छ । तर भारतको भने बेग्लै योजना छ । उसका योजनाअनुसार त्यहाँ २६८ मिटर अग्लो बाँध मात्र बन्नेछ । र, त्यसबाट पहिलो चरणमा जम्माजम्मी २००० मेगावाट र दोस्रो चरणमा थप २००० मेगावाट विजुली उत्पादन गर्ने लक्ष्य छ ।

बाँधको उँचाई यथार्थमा कति हुनेछ त ? अनि दुवैतिर कति क्षमताको विद्युत गृह बन्नेछ र त्यसबाट निक्लिने विजुली अन्ततः कति हुनेछ ? यस सम्बन्धमा दुवै थरिलाई मान्य विस्तृत परियोजना प्रतिवेदन चाहिं बन्नै बाँकी छ । त्यसैले, यसको अन्तिम टुंगो लागिसकेको छैन ।

**मानौं, दुई दाजुभाइहरु छन्, उनीहरुका बीच ५ रोपनी खेत भागवण्डा गर्नु छ । त्यसमा भाइको हक भनेर एक रोपनी खेतको उल्लेख भयो, दाजुको हक कति भन्ने उल्लेख नै भएन भने त्यसको अर्थ के हुन्छ ?**

अहिले महाकाली सन्धिले यिनै तीनवटा आयोजनाबाट पानी र विजुलीलाई बाँडफाँड गर्ने सिद्धान्त तय गरेको छ । हाम्रो बहस यहाँ पानीमाथि मात्रै केन्द्रित छ । तसर्थ हेरौं त, महाकाली सन्धिले पानीको भागवण्डा सम्बन्धमा के सिद्धान्त तय गरेको छ ?

## महाकाली नदीको पानीको भाग-वण्डा

महाकाली नदीको पानीको समग्र बाँडफाँडको व्यवस्थाको सिद्धान्त धारा ३ मा तय गरिएको छ । यो सिद्धान्त पञ्चेश्वर बहुउद्देश्यीय आयोजनाको निर्माणसंग जोडिएको छ । धारा ३, धारा ५ का साथै दुवै देशका प्रधानमन्त्रीहरू बीच आदानप्रदान भएको पत्रको बुँदा (ख) मा पनि पानी बाँडफाँडमा व्याख्या गरिएको छ । यी तीन बुँदाहरू निम्न बमोजिम छन् ।

**धारा ३.०:**

"महाकाली नदीको पानीमा आ-आफ्ना विद्यमान उपभोग्य उपयोगमा प्रतिकूल असर नपर्ने गरी महाकाली नदीको पानीको उपयोगमा पक्षहरूको समान हक रहेको कुरामा दुवै पक्षले मन्जुर गर्दछन् ।"

**पत्राचार बुँदा (ख):**

"महाकाली नदीको पानीको हिस्सा लिन सक्ने प्रावधानलाई प्रभाव नपारी कुनै पक्षले अर्को पक्षको उपयोग नभएको महाकाली नदीको पानीको हिस्साका सम्बन्धमा कुनै रूपमा पनि दावी गर्न पाउनेछैन ।".

**धारा ५.० (१):**

"महाकाली नदीको पानीको उपयोगमा नेपालको पानीको आवश्यकतालाई प्राथमिकता दिइनेछ ।"

सन्धिका यी धाराहरूमा महाकाली नदीको सम्पूर्ण पानीमा समान रूपले आधा आधा हक लाग्ने कुनै व्यवस्था भएको देखिन्न, जस्तो कि "राष्ट्रिय संकल्प" मा भनिएको छ । धारा ३ ले सिधै लेखेको छ- "विद्यमान उपभोग्य उपयोगमा प्रतिकूल असर नपर्नेगरी" महाकाली नदीको पानीको उपयोगमा समान हक ।

यो सिद्धान्त अनुसार त पहिले महाकाली नदीको पानीमा नेपाल र भारतको "विद्यमान उपभोग्य उपयोग" कति भन्ने स्पष्ट हुनुपर्‍यो । अनि, आ-आफ्नो 'उपभोग्य उपयोग' को पानीमा "प्रतिकूल असर" नपुऱ्याएर बाँकी पानीमा मात्र आधा आधा हक लाग्ने भो । त्यसैले महाकाली नदीको पानीमा "समान हक" "विद्यमान उपभोग्य उपयोग" को अधीन हुने भो । त्यसलाई प्रतिकूल असर पर्ने शर्तमा समान हक प्रयोग हुन सक्ने नै भएन ।

महाकाली सन्धिमा "विद्यमान उपभोग्य उपयोग" सम्बन्धमा के व्यवस्था भएको छ त ?

त्यसमा नेपालको "विद्यमान उपभोग्य उपयोग" कति ? त्यो परिमाण मात्र स्पष्ट भाषामा तोकिएको छ, भारतको तोकिएको छैन । यसबाट थुप्रै सन्देह र अन्यौल जन्मिएको छ ।

मानौं, दुई दाजुभाइहरू छन्, उनीहरूका बीच ५ रोपनी खेत भागवण्डा गर्नु छ । त्यसमा भाइको हक भनेर एक रोपनी खेतको उल्लेख भयो, दाजुको हक कति भन्ने उल्लेख नै भएन भने त्यसको अर्थ के हुन्छ ? त्यसको अर्थ हुन्छ- भाइको हकको एक रोपनी कटाएर बाँकी जम्मै खेत दाजुको । महाकाली सन्धिमा पनि "विद्यमान उपभोग्य उपभोग"मा त्यस्तै खालको व्यवस्था गरिएको देखिन्छ ।

(हेर्नुहोस् टेबुल नं. १)

**सन्धिमा पंचेश्वर बन्नुअघि नै नेपालको भाग लाग्ने पानी भनेर यस्तो व्यवस्था भएको छ : (टेबुल १)**

*(सन्धि अनुसार नेपालको पानीको भाग घनमिटर प्रतिसेकेण्ड अर्थात् क्यूमेक)*

| पानी पाउने ठाउँ | वर्षा याममा मे १५ देखि अक्टोबर १५ सम्म | सुक्खायाममा अक्टोबर १६ देखि मे १४ सम्म |
|---|---|---|
| ❑ शारदा व्यारेजबाट | २८.३५ क्यूमेक | ४.२५ क्यूमेक |
| ❑ टनकपुर व्यारेजबाट | २८.३५ क्यूमेक | ८.५ क्यूमेक |
| ❑ जम्मा | ५६.७० क्यूमेक | १२.७५ क्यूमेक |
| ❑ दोधरा चाँदनीको लागि शारदा नहरबाट | १० क्यूमेक | १० क्यूमेक |
| ❑ कुल जम्मा | ६६.७० क्यूमेक | २२.७५ क्यूमेक |

सन्धिमा, यस प्रकार, नेपालले पाउने पानीको परिमाण उल्लेख भएको छ भने भारतले पाउने पानीको परिमाण तथा उसको अधिकारबारे चाहिं किटान गरिएको छैन । नदीको पर्यावरणीय पद्धति कायम राख्न शारदा बाँधभन्दा तल महाकाली नदीमा १० क्यूमेक पानीको प्रवाह भारतले राख्ने व्यवस्था पनि गरिएको छ । तर शारदा तथा टनकपुर व्यारेजबीचको क्षेत्रमा पानी छोड्ने बारेमा सन्धिमा कुनै व्यवस्था छैन । साथै, स्थानीय समुदायले पंचेश्वरमा औसत वार्षिक प्रवाहको ५ प्रतिशतमा नबढ्ने गरी पानीको उपभोग गर्ने बाधा सन्धिले फुक्का गरेको छ ।

सन्धिको यो व्यवस्था अनुसार भारतको "विद्यमान उपभोग्य उपयोग" कति त ? त्यो कुरा प्रष्ट रूपमा थाहा लागेपछि मात्रै सन्धि अनुसार महाकाली नदीको पानीमा कसको कति हक भन्ने कुरा यकीन हुन सक्ने छ । अहिलेको महाकाली सन्धिले त्यो किटान गरेको छैन । त्यो नगरेको स्थितिमा अहिलेकै सन्धि र भारत र नेपाल सरकारका अन्य प्राप्त आधिकारिक दस्तावेजहरू मुताबिक भारतको "विद्यमान उपभोग्य उपयोग" को प्रारूप ७ वटा हुनसक्ने अनुमान गरिएको छ । यस्ता प्रारूप अरू पनि हुन सक्छन् । तथापि यो मोटामोटी अनुमान हो ।

## भारतको उपभोग्य उपयोग कति ?

**हुनसक्ने ७ वटा प्रारुपहरुः**

❑ पहिलो, नेपालले हालको सन्धिबाट टनकपुर र शारदा बाँधबाट पाउने भनेर तोकिएको पानी बाहेक बाँकी सबै पानी भारतको "उपभोग्य उपयोग" ।

❑ दोस्रो, सन् १९९४ मा भारतको केन्द्रीय विद्युत प्राधिकरणले पंचेश्वर बाँध सम्बन्धी दस्तावेज तयार गरेको छ । त्यसको परिशिष्ट ६ मा शारदा कमाण्ड क्षेत्रको विद्यमान उपभोग्य उपयोग यति भनेर तोकिएको छ । उक्त दस्तावेजमा जुलाई, अगष्ट र सेप्टेम्बर महिनामा पंचेश्वर परियोजनाबाट जति पानी प्राप्त हुने भनिएको छ, झण्डै त्यसको दोब्बर पानी कमाण्ड क्षेत्रमा शारदामा भारतले खाइपाइ आएको "उपभोग्य उपयोग" भनेर दावी गरिएको छ । त्यो दस्तावेजको दावी अनुसार वार्षिक औसत ४४९ क्यूमेक पानी भारतको "विद्यमान उपभोग्य उपयोग" ।

❑ तेस्रो, श्री ५ को सरकारले नेपालको संसदमा "सन्धिका फाइदा एवं सो सम्बन्धी आलोचनात्मक टिप्पणीको जवाफ" भन्ने दस्तावेज प्रस्तुत गरेको छ । सो दस्तावेजको पृष्ठ ६४ मा शारदा नहरको डिजाइन डिस्चार्ज भनेर उल्लेख भएको ३२६ क्यूमेक पानी भारतको विद्यमान उपभोग्य उपयोग ।

❑ चौथो, त्यही दस्तावेजमा भारतले शारदा नहरबाट गर्ने न्यूनतम पानीको प्रयोग भनेर १३६ क्यूमेक पानी उल्लेख भएको छ । त्यो नै भारतको विद्यमान उपभोग्य उपयोग" ।

(टेबुल २)

**भारतले आफ्नो दस्तावेजमा महाकाली नदीमा 'उपभोग्य उपयोग' कति बताएको छ ?**

| | |
|---|---|
| जुन | जुलाई |
| ३७९.५३ | ८४३.५० |
| अगस्त | सेप्टेम्बर |
| ९२६.४० | ९४१.२७ |
| अक्टोबर | नोभेम्बर |
| ४१५.३० | ३१४.३० |
| डिसेम्बर | जनवरी |
| २३८.५४ | २४६.९० |
| फेब्रुअरी | मार्च |
| ३०३.५० | २९९.०६ |
| अप्रिल | मे |
| २२५.३० | २१५.३० |

बाँकी ३७ पेजमा



एमाले नेताहरु भारतीय राजदूतका साथ फोटो: उषा

# क. बामदेव गौतमसंगको अन्तर्वार्ता

## "सन्धि पास गर्ने निर्णय आन्दोलनको इतिहासमा सबैभन्दा गलत निर्णय थियो !"

◆ **गत असोज २९ गते केन्द्रीय समितिको वैठकमा तपाईंहरुका बीच मेलमिलाप भइसक्यो भनिँदैछ नि । के अब तपाईंहरुको विवाद हल भयो ?**

-यस्तो होइन । हिजोसम्म हाम्रो विवाद सार्वजनिक रूपमा भइरहेको थियो । खुलेआम रूपमा भइरहेको थियो । अब हामीले त्यो विवादलाई पार्टीभित्र, पार्टी प्रक्रिया अन्तर्गत लिएर आयौं । अब हाम्रो विचारधारात्मक संघर्ष पार्टीभित्र पार्टीपद्धति अनुरूप चल्छ । कुरो यति मात्रै भएको हो । हामीले आफ्नो अडान छोडेका पनि छैनौं । हाम्रो विवाद हल भएको पनि छैन ।

सन्धिमा सुधार नगरी जस्ताकोतस्तै महाकाली सन्धि पास गर्ने निर्णय अहिलेसम्मको राष्ट्रिय आन्दोलन र नेपालको कम्युनिष्ट आन्दोलनको इतिहासमा सबैभन्दा गलत निर्णय थियो । त्यस्तो निर्णय नमान्ने मान्छेहरू पनि पार्टीमा छन् भन्ने देखाउनु जरूरी थियो । नत्र पार्टीभित्र र बाहिर पार्टीप्रति व्यापक निराशा र अनास्था छाउँथ्यो । उग्रपन्थी र दक्षिणपन्थी पार्टीमा मानिसहरूको पलायन हुन्थ्यो । पार्टीलाई ठूलो नोक्सानी हुन्थ्यो । त्यसैले यही हुनबाट बचाउन, एमालेभित्र राष्ट्रियताको मुद्दामा अत्यन्त संवेदनशील मान्छेहरू पनि छन्, सन्धि असमान छ र त्यसमा नेपाल ठगिएको छ भन्ने सन्देश जनता र राष्ट्रमा दिन हामीले पार्टी ह्वीपको अवज्ञा गर्‍यौं, अनुशासन उल्लंघन गर्‍यौं र विद्रोही स्वर गुंजायौं ।

या त हामी पार्टीबाटै बाहिरिनु पर्‍यो, हैन भने सधैंभरि पार्टी अनुशासन उल्लंघन गरेर पार्टी त चल्दैन, न त पार्टी नै बलियो हुन्छ । त्यसैले हामीले हाम्रो संघर्षलाई पार्टीको पद्धति र प्रक्रिया अन्तर्गत ल्याउनु जरूरी ठान्यौं । यसपालि केन्द्रीय समितिको वैठकमा त्यसैको निम्ति लडियो । तीसौं वैठकले त्यस दिशामा ठोस निर्णय पनि गरेको छ । अब महाकाली प्याकेजदेखि सन्धि अनुमोदनसम्मका सारा कुराहरूको मूल्याङ्कन हुने भएको छ । सन्धि र सन्धि पास गर्ने प्रक्रिया- दुवैको समग्र मूल्याङ्कन हुने भएको छ । दुवैमा कमजोरी रहेका छन् भनेर वैठकले स्वीकार गरेको पनि छ ।

◆ **तपाईंहरु केन्द्रीय समितिमा पनि, स्थायी समितिमा पनि र पूरै पार्टीमा पनि तपाईंहरुको विचारको पक्षमा बहुमत छ भन्दै हुनुहुन्छ । तर फेरि सन्धि त केन्द्रीय समितिको बहुमतबाटै पास भयो त । यो कसरी हुनसक्यो ?**

-यसबारेमा धेरै कुरा त मूल्याङ्कन गर्दाकै बेलामा

# नेकपा एमालेका महासचिव क. माधव नेपालसंगको अन्तर्वार्ता

**अहिलेको जुन महाकाली सन्धि हो, त्यो कुनै भरपर्दो र गंहकिलो गृहकार्य नै नगरी अहिलेकै संसदमा हतार हतार पास गर्नुको कारण के थियो ?**

-हतार हतार किन पास गरियो भन्ने कुरा त सत्ता पक्षसंग सोध्नुपर्छ । पार्टीभित्र सर्वसम्मत वातावरण तयार गर्न र देशका सच्चा देशभक्त र इमान्दार व्यक्तिहरूको बीच सहमतिको स्थिति तयार पार्न हामीले ने सन्धिलाई अर्को संसदमा मात्र पास गर्न विशेष समितिमा लैजान चाहेका थियौं । तर सत्तापक्षले मानेन । अर्कोतिर सत्तापक्षको एउटा खेमा यो सन्धि फेल गराएर दोष जति एमालेलाई दिने षड्यन्त्र गरिरहेको थियो । अर्कोतिर, सडकमा भएका एमालेविरोधी विपक्षहरू जसरी भए पनि एमालेको विरोध गर्ने रवैया देखाइरहेका थिए । यस्तो स्थितिमा सन्धिलाई टुंगो लगाउनु पर्ने भयो ।

जब सन्धि आधारभूत रूपमा उपलब्धिमूलक छ, प्रगतिशील छ, र मूलभूल रूपमा राष्ट्रिय हितमा छ र यसमा भएका कमी-कमजोरीहरू हटाउन नेपाल सरकार पूरै तयार भइसकेको छ, भारत सरकार पनि हाम्रा अधिकांश मागहरूप्रति सकारात्मक धारणा राख्छ भने यो सन्धि पास गर्नु नै एमालेको लागि हितकर हुन्थ्यो ।


यो महाकाली सन्धिको आधारभूत धारणा नेकपा एमालेले नै अगाडि सारेको थियो । २०४८ सालदेखि राखेको टनकपुरको माग मूलतः पूरा भएको थियो । हाम्रो केन्द्रीय समितिको पच्चिसौं वैठक र जनकपुरको राष्ट्रिय परिषदको वैठकबाट समेत यो सन्धिको अनुमोदन गर्ने भन्ने कुरा पास भइसकेको थियो । हाम्रो अध्यक्षले नेपालको प्र.मं. र भारतको विदेश मन्त्रीलाई समेत बचन दिइसक्नु भएको थियो । यस स्थितिमा, हामीले महाकाली सन्धि फेल गर्नु कुनै पनि हिसाबले उचित थिएन ।

◆ **यो सन्धि पास गर्नको लागि तपाईहरु नै निर्णायक शक्ति हुनुहुन्थ्यो । यस्तो स्थितिमा महाकाली जस्तो गंभीर राष्ट्रिय मुद्दालाई आवश्यक गृहकार्य गर्न र छलफलमा जान केही समय लिऊँ भनेर भन्दा त राष्ट्र नै तपाईहरुको पक्षमा हुन्थ्यो । त्यतिबेला सत्ता**

(बाँकी ३८ पेजमा)

## लेनिनवादी सिद्धान्त नबुझ्नेहरुले मात्र यसलाई प्राविधिक बहुमत भनेका हुन् !

*-क. माधव नेपाल*





फोटो: उषा

**पाँचौं महाधिवेशनले पारित गरेको राजनैतिक विश्लेषण र दृष्टिकोणसित यो सन्धि मेल खाँदैन ।**

◆

उल्लेख गर्नेछौं । अहिले यति मात्रै भनौं- हो, तीनै ठाउँमा हाम्रो बहुमत थियो, तर असोज ४ गते एउटा खास समयमा हामी अल्पमतमा पऱ्यौं । त्यसैले, मैले यसलाई प्राविधिक बहुमत भनेको छु ।

यस प्रक्रियामा मैले भन्नै पर्छ- मेरो आफ्नै सजगताको कमीले यस्तो हुनगयो । यसमा मेरो कमजोरी जिम्मेवार छ । यसबीचमा भदौ २९ गतेपछि धेरै साथीहरूले मलाई विश्वास गर्नुभएको थियो । म महासचिवको नजिकै रहेर काम गर्दै थिएँ । त्यस्तो बेलामा भदौ २९ गतेको सही निर्णय लटरपटर गरेर असोज ४ गते उल्टाइन्छ भनेर मेरो दिमागमा नआउनु नै निर्णय उल्टाउनको निम्ति कारण बन्यो ।

अर्को पक्षबाट कस्ता कस्ता किसिमका नाजायज तौरतरिका, कति अस्वस्थ उपायहरू अप्नाइए भन्ने कुरा पनि आफ्नो ठाउँमा छँदैछ । तर ती जम्मै कुरालाई बेलैमा चिन्न नसक्नु नै हाम्रो कमजोरी हो भन्ने मलाई लाग्छ ।

**◆ सन्धि न त नेपालको प्राथमिकता थियो, न यसमा भरपर्दो गृहकार्य नै भइसकेको थियो । फेरि यसमा थुप्रै दोषहरु छन् भनेर कार्यदल आफैले देखाइसकेको थियो । त्यसको प्रतिवेदनलाई केन्द्रीय समितिले स्वीकारेको पनि थियो । त्यो स्थितिमा यही सदनबाट ज्यूँ का त्यूँ सन्धि पास गर्न हतारो किन भयो होला भन्ने लाग्छ तपाईलाई ?**

-यो अहिले पनि मैले बुझ्न सकिराखेको छैन । अहिले नै जस्ताकोतस्तै सन्धि पास गर्दा राष्ट्रलाई फाइदा हुने केही कुरा थिएन । अहिले पास नगरेर, सुधारसहित पास गर्दा राष्ट्रलाई फाइदा हुने धेरै कुरा थियो । राष्ट्रको बार्गेनिङ पावर नै बढ्थ्यो । तर यो कुरा हामीले लाख बार भन्दाभन्दै पनि हतार हतार यही सेसनबाट सन्धि पास गरियो । म यसमा कसैको असल नियतमाथि शंका गर्न चाहन्न । मेरो इमान्दार सोचाइ के रहेको छ भने, सन्धि पास गर्नेहरूलाई अहिले नै पास गरेन भने पछि पास गर्न सकिन्न भन्ने लाग्यो होला । सन्धि पास भएन भने भारत रिसाउँछ र नेपालमा राजनीतिक अस्थिरता हुन्छ भन्ने लाग्यो होला । लाग्यो होला कि- सन्धि अहिले नै पास भएन भने नेपालको आर्थिक प्रगति अवरूद्ध हुन्छ, २०-२२ अरब रूपैंया आम्दानी गुम्छ । मुख्य कुरो, भारतलाई हेर्ने दृष्टिकोणमा रहेको त्रुटीको कारणले नै यस्तो कुरो आएको हो ।

यसमा दुईटा कुरा छन्- एउटा, भारतलाई खुशी नपारी सत्तामा टिकिन्न भन्ने । अर्को, भारतलाई खुशी नपारी अडान लिएर उसबाट केही पनि लिन सकिन्न भन्ने । एउटा दास मनोवृत्ति, अर्को आत्महीनताको मनोवृत्ति । यसैको कारणले ज्यूँ का त्यूँ सन्धि पास गर्न हतारो भएको हुनुपर्छ ।

**◆ भारतीय शासक वर्गलाई हेर्ने यो नयाँ दृष्टिकोण के एमालेको पाँचौं महाधिवेशनको लाइनसंग मेल खान्छ ?**

-पाँचौं महाधिवेशनले पारित गरेको राजनैतिक विश्लेषण र दृष्टिकोणसित यो मेल खाँदैन ।

**◆ भारतबाट लिखित प्रतिवद्धता प्राप्त भयो रे नि त । के यो साँचो हो ?**

-यो सरासर झूठो कुरा हो । त्यस्तो केही प्राप्त भएको छैन । परराष्ट्र मन्त्रालयमार्फत् भारतीय राजदूतको दुइटा चिठी प्राप्त भएका छन् । पहिलो चिठीमा, सन्धि संसदमा विचाराधीन छ, त्यसैले महाकाली सन्धि संबन्धमा हामीले अहिले केही बोल्नु मिल्दैन भनिएको छ । दोस्रोमा, पहिले सन्धि पास गर, अनि DPR बनाउँदा हामी भविष्यमा सहानुभूतिपूर्वक छलफल गरौंला भनिएको छ । त्यसैले, ती पत्रहरूमा कुनै प्रतिवद्धता नपाएको हुनाले नै हामीले सन्धि अहिले पास गर्नुहुन्न भनेका हौं ।

बरू एउटा चाखलाग्दो तथ्य तपाईलाई बताऊँ । असोज २ गते मैले भारतीय राजदूतलाई भेटेर स्वयं कुराकानी गरेको थिएँ । राजदूत महोदयले नै मलाई भेट गर्न डाक्नु भएको थियो ।

मैले राजदूत महोदयलाई त्यतिखेर सोधें- सन्धिमा "अधिकांश भागमा सीमा नदी" भन्नुको अर्थ आधारभूत रूपमा सीमा नदी हो, आधारभूत रूपमा सीमा नदी भन्नुको तात्पर्य महाकाली नदीको पानीमा बराबरी हक लाग्छ । हामीले यसरी बुझेका छौं, तपाई यो मान्नु हुन्छ ? यो प्रश्नको जवाफमा उहाँले भन्नु भो- 'हामी मान्दैनौं' ।

त्यस्तै मैले सोधें- "विद्यमान उपभोग्य उपयोगमा प्रतिकूल असर नपर्ने गरी" पानीमा समान हक भन्नुको अर्थ अहिले पाइराखेको पानी नघटाउने र सम्पूर्ण पानीमा आधा आधा हक लाग्ने भन्नु हो, तपाईं मान्नु हुन्छ ? उहाँले यो पनि 'हामी मान्दैनौं' भन्नुभयो ।

मैले यो पनि सोधें- सन्धिको पत्राचारमा बिजुली किन्ने जुन सिद्धान्त तय भएको छ, त्यसको अर्थ Avoided cost principle हो भनेर हामीले मानेका छौं । तपाईहरू यो मान्नु हुन्छ ? उहाँले यो पनि हाम्रो सरकारले मान्दैन भन्नुभो । त्यस्तै, नेपालले भारतलाई बिजुली बेच्नेछ भनेर सन्धिमा भनिएको छ, त्यसको तात्पर्य भारतले नेपालबाट बिजुली किन्नैपर्छ भन्ने हो । हाम्रो यो व्याख्या तपाईहरू मान्नु हुन्छ ? मैले यो सोद्धा उहाँले भन्नुभो- 'हामी यो पनि मान्न सक्दैनौं' ।

मैले यो पनि उहाँलाई सोधें- भारतीय प्रधानमन्त्री नेपाल आउँदै हुनुहुन्छ । त्यतिखेर यी चारवटा कुराहरू Letter of exchange मा समावेश गर्नुहुन्छ ? यसमा उहाँले भन्नुभो- 'त्यो समावेश गर्ने कुरामा मैले कुनै ग्यारेन्टी गर्न सक्दिनँ' ।

त्यस्तै, यी बूँदाहरूलाई भविष्यमा सन्धिको अंग बनाउने कुरामा जिम्मा लिन सक्नुहुन्छ ? मैले यो सोधें । 'त्यो पनि जिम्मा लिन सक्दिन' उहाँले जवाफ दिनुभयो ।

मेरो यी सब कुराकानी हुँदा साथमा राधाकृष्ण मैनाली र जे.एन. खनाल पनि हुनुहुन्थ्यो ।

त्यसैले, भारतको प्रतिवद्धता प्राप्त भएको छ भन्ने कुरा कपोलकल्पित हो ।

**◆ संसदले राष्ट्रिय संकल्प पास गरेको छ । संयुक्त DPR बन्नु बाँकी छ । त्यतिखेरै सन्धिका सारा दोषहरु सच्याउन सकिन्छ भनिँदैछ नि त ?**

-दुई देशको बीचमा सन्धि संपन्न भएर संसदले त्यो पास गरिसकेपछि एउटा देशले एउटा संकल्प त के, सयवटा संकल्प पास गरे पनि त्यो संकल्पले हाम्रो सरकारलाई मात्र प्रतिवद्ध गराउन सक्छ, अर्को पक्षलाई सक्दैन ।

जहाँसम्म DPR को कुरा छ, त्यो प्राविधिक कुरा हो । सन्धिमा पास भएको हक र सिद्धान्तलाई DPR ले नाघ्नै सक्दैन । हाम्रो एकपक्षीय संकल्प DPR मा प्रतिबिम्बित हुनसक्ने कुरा पनि भएन । तथापि DPR मा हामी केही पनि गर्न सक्दैनौं भनेर नेपालको बार्गेनिङ पावर अहिले आएर म घटाउन चाहन्न । DPR मा धेरै गर्न सकिन्छ भनेर भन्नेहरूले गर्छु भनेको कुरा गरेर देखाउन्- म यो भन्छु ।

**◆ पहिले शुरुको तपाईहरुको अडान अहिले तपाईहरुले भटाभट छोड्दै लगेको भन्ने तपाइहरुकै कार्यकर्ताहरुको आरोप छ नि ? तपाई के भन्नुहुन्छ ?**

-त्यो आशंका गर्नु स्वाभाविक छ । किनभने असोज ४ गतेसम्म हाम्रो संघर्ष, हाम्रो विद्रोह खुल्लमखुल्ला थियो । तर अब संघर्ष बाहिरबाट भित्र सरेको छ । भित्रको संघर्ष बाहिर त देखिदैन । त्यसैले हामीले अडान छोड्यौ कि भन्ने आशंका जागेको हुनसक्छ । तर म प्रष्ट पार्न चाहन्छु- हामीले हाम्रो अडान एक इंच पनि छोडेका छैनौं र हामी सत्य र न्यायको पक्षमा छौं ।

**◆ सन्धि त पास भइ नै सक्यो । अब गर्ने के त ?**

-जे नहुनु पर्थ्यो, त्यो भइसकेको छ । अब यो सन्धिलाई अधिकतम रूपमा राष्ट्रहित अनुरूप पार्न र नेपालको हितमा प्रयोग गर्न बैधानिक तवरले, अन्तर्राष्ट्रिय कानूनी प्रावधानका आधारमा कसरी लड्न सकिन्छ, सम्पूर्ण राष्ट्रको ध्यान यतातिर जानुपर्छ । सारा देशभक्त पार्टीहरू, व्यक्तिहरू, बुद्धिजीवीहरू मिलेर सडकदेखि सदनसम्म यस निमित्त लड्नु पर्छ । भारत सरकार र नेपाल सरकारलाई सशक्त दवाब दिनुपर्छ ।

अर्को कुरा, सन्धिको धारा १२ मा दुई वटा प्रावधान छन्- पहिलो, हरेक दश वर्षमा यसको नवीकरण गर्ने र दोस्रो, दुवै पक्षले चाहेमा त्योभन्दा अगाडि पनि सन्धिमा संशोधन गर्न सकिने । यी प्रावधानलाई आधार बनाई अब हामीले सन्धिमा आवश्यक सुधार र संशोधन गर्न सशक्त जनमत र जनदवाव सिर्जना गर्नपट्टि लाग्नुपर्छ । ❑

## क. केशवलाल श्रेष्ठसंगको अन्तर्वार्ता

❑ **हालै केही समयअधिको एमालेको केन्द्रीय समितिको बैठकमा मेलमिलापको निर्णय हुँदा तपाईंले नोट अफ डिसेन्ट लेख्नु भयो रे नि ! किन यस्तो गर्नुभएको ?**

-महाकाली सन्धि जस्ताकोतस्तै पास गर्नुपर्छ भन्ने सवालमा केन्द्रीय समितिको अत्यधिक ठूलो संख्या यसको विपक्षमा थियो। पूरै पार्टीमा पनि यही स्थिति थियो। तर असोज ४ गते आइपुग्दा प्राविधिक र अत्यन्तै झीनो बहुमतद्वारा यसलाई जस्ताकोतस्तै पास गर्ने निर्णय केन्द्रीय समितिले गऱ्यो। यसलाई प्राविधिक बहुमत किन भनिएको हो भने, त्यतिखेर न त त्यो निर्णयको पक्षमा केन्द्रीय समितिको बहुमत थियो, न बैठकको बहुमत नै। तर लटरपटर गरेर दोहऱ्याइ तेहऱ्याई मतदान गरेर प्राविधिक बहुमत पैदा गरियो। जुन कुरा पास गर्न पूँजीवादी संसदमा समेत दुई तिहाई बहुमत चाहिन्थ्यो, त्यो कुरा प्राविधिक बहुमतबाट हाम्रो केन्द्रीय समितिमा पास गरियो।

हाम्रो केन्द्रीय समिति ३६ जनाको छ। केन्द्रीय समितिको बहुमत पुग्न, त्यसैले, १९ जनाको बहुमत चाहिन्थ्यो। तर १९ जना त्यो पक्षमा थिएनन्। बैठकमा अध्यक्ष बाहेक ३५ जनाको उपस्थिति थियो। बैठकको बहुमत पुग्न पनि कमसेकम १८ जना चाहिन्थ्यो। तर निर्णय १७ मतबाट भएको छ। त्यसैले, महाकाली सन्धि जस्तो अति संवेदनशील राष्ट्रिय मुद्दामा जुन प्रक्रियाबाट निर्णय भयो, त्यो सारै नै अप्रजातान्त्रिक र नाजायज रह्यो। मुलुकको कम्युनिष्ट आन्दोलनमा यो निर्णय र निर्णय-प्रक्रिया सबैभन्दा गंभीर गल्ती हो भन्ने मैले ठानेको छु।

यही कारणले हामीले पार्टी ह्वीपलाई संसदमा अवज्ञा गऱ्यौं र मतदान समेत बहिष्कार गऱ्यौं।

असोज ४ गते शुरू भएको ३० औं बैठक टुंगिएकै थिएन। असोज ५ गते त्यो फेरि जारी हुने महासचिवको भनाइ थियो। तर बैठकै नगरी असोज १३ गते स्थायी समितिले केन्द्रीय बैठक अन्त गरिएको घोषणा गऱ्यो। पार्टीमा निर्णय गर्ने र पार्टी संचालन गर्ने यो पद्धतिमा पनि मेरो आपत्ति रह्यो।

त्यसपछि, पटक पटकको औपचारिक र अनौपचारिक भेटघाटपछि पछिल्लो केन्द्रीय समितिको बैठकमा महासचिवले ५ बुँदे एकताको प्रस्ताव ल्याउनु भयो, क. वामदेवले ६ बुदें। दुईबीच भिन्नता केमा मात्र देखा पऱ्यो भने महासचिव कमरेडले सन्धिमा केही कमी छन् भन्ने ढंगले कुरा राख्नु भयो, वामदेव कमरेडले सन्धिमा मात्र होइन, निर्णय र निर्णय-प्रक्रियामा नै कमी छन् भन्ने विचार राख्नु भयो। सबै साथीहरू त्यसमा सहमत हुनुभयो, म चाहिं सहमत हुन सकिनँ। किनभने, महाकाली सन्धि जस्ताकोतस्तै पास गर्ने निर्णय र निर्णय प्रक्रिया कुनै सामान्य "कमी"को कोटिमा आउने निर्णय थिएन, त्यो गंभीर ऐतिहासिक गल्ती थियो भन्ने मेरो मत रह्यो। त्यसैले मैले नोट अफ डिसेण्ट लेखें।

❑ **महाकाली सन्धिलाई यसरी तपाईंहरुले विरोध गर्नुको खास कारण के हो ?**

-पहिलो कुरो त, महाकाली नदीको मुहान नै किटान भएको छैन। त्यो लिपिया धूरा पहाडबाट निक्लने खोला हो कि लिपुलेकबाट बहने खोला हो, अथवा कालीतालबाट बहने सानो तिरतिरे धारो हो,- कुनै किटान भएको छैन। पहिले त्यो नै एकीन हुनुपर्थ्यो।

यो जगजाहेर भइसकेको छ कि- महाकाली नदीको मुहानमा करीब २० हजार हेक्टर जमीन भारतले मिचिराखेको छ। यो सरकारले पनि स्वीकारिसकेको छ कि त्यहाँ काली तालको तलपट्टि कालापानीमा नेपाली भूमिमा भारतीय सेनाको चेकपोष्ट बसेको छ।

यति ठूलो नेपाली भूमि अतिक्रमण हुँदाहुँदै, नेपाली भूमिमा भारतीय सेना रहँदारहँदै, त्यसलाई सहेर महाकाली सन्धि पास गर्नुको तात्पर्य के हो ? त्यो त सरासर अतिक्रमणलाई स्वीकार गर्नु हो। यस्तो कुरा कुनै देशभक्त नेपालीले कसरी स्वीकार गर्न सक्छ ? त्यसैले हाम्रो भनाइ हो- सन्धि पास हुनुभन्दा पहिले महाकालीको मुहान ऐतिहासिक दस्तावेज अनुसार किटान गर्नु पर्छ, अतिक्रमित भूमि नेपाललाई फिर्ता हुनुपर्छ र भारतीय सेनालाई सीमा पारि पठाउनु पर्छ। त्यो भएन। त्यसैले हामीले विरोध गऱ्यौं।

दोस्रो कुरा, कोशी र गण्डकी संझौताको हामीले विरोध गर्नुको मुख्य कारण के थियो भने, त्यहाँ पानीमा हामी ठगियौं, पानीमाथिको हाम्रो हक त्यहाँ स्थापित भएन। टनकपुरको मुद्दा पनि महाकाली नदीको पानीमा हाम्रो समान अधिकार स्थापित भएन भन्ने सवालमै थियो। त्यही हक नै हामीले पाइसकेका थिएनौं, अहिले फेरि महाकाली सन्धि पास गरियो- महाकाली नदीमा हाम्रो सीमा नदीको बरोबरीको हक गुम्ने गरेर। महाकाली नदी आधारभूत रूपमा सीमा नदी हो भन्ने हैसियत नै गुम्ने गरेर।

तपाई सन्धिका धारा धारा केलाएर हेर्नुहोस्। त्यहाँ नेपालले कहाँबाट कति पानी पाउने भन्ने उल्लेख छ, भारतले पाउने कहीं किटान गरिएको छैन। शारदादेखि टनकपुरसम्म र दोधारा चाँदनीमा गरी जम्मा हामीले २२.७५ क्यूमेक पानी पाउने भन्ने उल्लेख छ, जबकि, त्यहाँ पंचेश्वर बनेपछि ७२६ क्यूमेक पानी बहन्छ। बाँकी पानी कसको त ? सिधै भारतको। खै त यहाँ बरोबरीको हक प्राप्त भएको ? यो यो ठाउँमा यति यति पानीको हक भारतले दिने, नेपालले पाउने भनेपछि हकदाता त भारत भो, अधिकारको मुहान त भारत भो। अनि, अन्तर्राष्ट्रिय सीमा नदीमा नेपालको हैसियत चाहिं के त ? भिखारीको ? खै सीमा नदीको बरोबरीको साझेदारको हैसियत हाम्रो ? शारदा बाँधबाट हामीलाई ४.२५ क्यूमेक पानी दिइने भनिएको छ, जबकि शारदा बाँध बनेको ठाउँ बनबासाको २९९८ एकड जमीन नै नेपालले भारतलाई दिएको हो। त्यसवापत जमीन नेपालले पाएको कुनै भरपर्दो ऐतिहासिक प्रमाण अहिलेसम्म भेटिएको छैन। टनकपुरमा पनि सुख्खा याममा पाइने भनिएको ८.५ क्यूमेक्स पानी देब्रे तटबन्ध बाँध बनाएवापत दिइने भनिएको छ, सीमा नदीमा बाँध बनाएवापत भनिएको छैन।

तपाई सन्धिको धारा ३ हेर्नुहोस्, त्यहाँ "विद्यमान उपभोग्य उपयोगलाई प्रतिकूल असर नपर्ने गरी" मात्र पानीमा आधा आधा हक लाग्ने भनिएको छ। यो त भारतले यसअघि खाइपाइ आएको पानी कटाएर बाँकी पानीमा मात्र आधा आधा हक लाग्ने कुरा भो।

यसरी कोशी, गण्डकी र टनकपुरको हामीले उठाएको पानीको अधिकारको मुद्दा अहिले महाकालीमा पनि हल भएको छैन। तेस्रो कुरो, सन्धिमा विजुलीको बजार र त्यसको मूल्यको ठेगान नै भएको छैन। तर सन्धि चाहिं पास भइसकेको छ। यसको पनि हामीले विरोध गरेका हौं।

पहिलो कुरो त, पंचेश्वरबाट कति विजुली निस्कन्छ र त्यसको लागत मूल्य कति पर्छ भन्ने नै टुंगो भइसकेको छैन। त्यसमा नेपाल एउटा कुरा भन्दैछ, भारत अर्को। अर्को कुरा, पूरै पंचेश्वरमा आधा लाभ पाउन आधा लगानी गर्नुपर्ने सन्धिको प्रावधान छ। त्यसो गर्न नेपालले १ अरब ९ करोड ५० लाख अमेरिकी डलर लगानी गर्नु पर्छ। त्यो पैसा नेपालले कहाँबाट ल्याउने ? अर्को कुरा, नेपालको बढी भएको विजुली भारतलाई नै बेच्नुपर्ने बाध्यकारी प्रावधान सन्धिमा छ। एकल क्रेता भएपछि मूल्यमा उसले मनपरी

**हाम्रो नेतृत्वमा भारतलाई हेर्ने दृष्टिकोणमा आएको विचलनका कारणले यो सन्धि पास हुनपुगेको हो**



गर्नसक्ने संभावना व्यापक रूपमा रहन्छ । त्यो खतरा विजुलीको मूल्य स्पष्ट रूपमा किटान भएको खण्डमा वा विजुलीको मूल्य किटान गर्ने सिद्धान्त स्पष्ट रूपमा किटान भएको खण्डमा हल हुन्थ्यो । त्यो पनि सन्धिमा छैन ।

सन्धिमा "अन्य कुराका अतिरिक्त, सम्बन्धित उपलब्ध विकल्पहरूको तुलनामा लाभ पाउनेहरूलाई यस आयोजनाको कारणबाट लगानीमा हुने बचतका आधारमा" विजुलीको मूल्य तोक्ने सिद्धान्त अघि सारिएको छ । यो सिद्धान्त स्पष्ट छैन । यो भनेको Avoided cost principle नै हो भनेर बुझ्ने कसरी ? सन्धिमा अर्को अर्थ नलाग्ने गरी उल्लेख हुनुपर्ने Avoided cost principle उल्लेख नै भएको छैन । त्यसैले मलाई लाग्छ, सारै सस्तोमा भारतले हामीबाट विजुली किन्न खोज्नेछ, नत्र किन्ने नै छैन ।

यिनै मूलभूत कारणले गर्दा हामीले सन्धिको विरोध गरेका हौं ।

❑ **तपाईले भनेका सन्धिका सारा दोषहरु त DPR बनाउँदा सच्याउन सकिन्छ रे नि त ?**

-यो वाहियात कुरा हो । DPR भनेको एउटा प्राविधिक कुरो हो । त्यसमा प्राविधिक क्षेत्रमा केही सुधार गर्ने कुरा मात्र संभव हुनसक्छ । हामीले उठाएको मुद्दा त आधारभूत मुद्दा हो । जस्तो- सीमा नदीको हैसियतको मुद्दा, महाकालीको मुहानको मुद्दा- के यो DPR मा सच्चिन सकिने मुद्दा हो र ? महाकाली नदीको पानीमा बरोबरी हकको मुद्दा हामीले उठाएका छौं । त्यो DPR ले हुन सक्ने कुरै होइन । त्यस्तै, विजुलीको मूल्यको सिद्धान्तको कुरा हामीले उठाएका छौं । त्यो DPR को अधिकार क्षेत्रको कुरै होइन । त्यसैले DPR मा सन्धिका सारा दोषहरू सच्याउने भन्ने कुरा त केटाकेटीलाई लालीपप ख्वाएर फकाउने कुरा जस्तो मात्रै हो ।

❑ **राष्ट्रको निम्ति यति गंभीर असर पुऱ्याउने सन्धि विना कुनै भरपर्दो गृहकार्य, विना कुनै सुधार, अहिलेकै सेसनमा पास गर्ने हतारो किन भयो होला भन्ने तपाईलाई लाग्छ ?**

-यो सारै गंभीर प्रश्न हो । बारम्बार यो प्रश्नले मेरो दिमाग रिंग्याइरहेछ । बारम्बार मेरो दिमागमा यो प्रश्न उठिरहन्छ कि- यसै पटक यही सदनबाट सन्धि अनुमोदन गराउनको लागि यति सारो भित्ता ठेलेर हाम्रा पार्टीका नेताहरू किन लागे ?

यसपटक यो सन्धि पास गर्ने प्रक्रियामा गजबको दृश्य हाम्रोसामु देखा पऱ्यो । नेपाली शासक वर्ग अर्थात् नेपाली नेतृत्वमा रहेको त्रिपक्षीय सरकार (कांग्रेसको) पनि हर कुनै हालतमा र हर कुनै मूल्यमा यही सदनमा यो सन्धि पास गर्न चाहने । भारतीय शासक वर्ग पनि र हाम्रो पार्टीका नेताहरू पनि । यो कस्तो गजबको संयोग हो ? यी तीन वटा स्वार्थहरू एकै दिशामा एकै समयमा कसरी उभियो र किन उभियो ? हाम्रो पार्टीमा राष्ट्रियताको पक्षमा रहेको अत्यधिक बहुमत, हाम्रो पार्टीले आफ्नो जन्मकालदेखि नै राष्ट्रियताको निमित्त गरीआएको लडाईंको गौरवमय विरासत असोज ४ गते पुग्दा कसरी बिलायो ? यो प्रश्नका बारेमा मैले कारण यही नै हो भनेर भन्न सकिराखेको छैन । तर मनमा प्रश्न भने जोडसित उठिरहेछ ।

❑ **राष्ट्रलाई दीर्घकालीन रुपले असर पार्ने यस्तो खालको सन्धि अरु त अरु, एमालेले समेत अनुमोदन गर्नुको पछाडिको कारण नि ?**

-यसको मुख्य पक्ष भनेको हाम्रो पार्टीको नेतृत्वमा भारतीय शासकवर्गलाई हेर्ने दृष्टिकोणमा आएको विचलन हो । अर्थात् पार्टी नेतृत्वमा आएको दक्षिणपन्थी भडकाव नै समस्याको मूल कारण हो ।

हाम्रो पार्टीको नेतृत्वमा 'हाम्रो पार्टी सरकारमा जाने पार्टी हो र भारतलाई खुशी नपारी सत्तामा जान र टिक्न सकिन्न' भन्ने सोच देखा परिरहेछ । यही सोचका कारणले नै उनीहरूमा क. मदन भण्डारीद्वारा प्रतिपादित भारतीय शासक वर्गलाई हेर्ने पाँचौं महाधिवेशनको दृष्टिकोणमा विचलन आएको हो भन्ने मलाई लागेको छ ।

त्यसैले, सन्धि अनुमोदन पछाडिएको कारण विचारधारात्मक छ । हाम्रो लडाइँ विचाराधारात्मक अधोपतनविरूद्धको लडाइँ हो ।

❑ **तपाईहरु, तपाईकै भनाइअनुसार, केन्द्रीय समितिमा पनि बहुमतमा, स्थायी समिति र पार्टी पंक्तिमा पनि अत्यधिक बहुमतमा, तर हावी चाहिं सानो एउटा अल्पमतको विचार, यस्तो किन ?**

-हाम्रो पार्टीमा पार्टीको विधान अनुसार महासचिव सबैभन्दा शक्तिशाली संस्था पनि हो । त्यही कारणले पनि महासचिव जता पर्छ, त्यताको विचार हावी हुने स्थिति भइरहेको छ । महासचिवले आफ्नो पक्षमा बहुमत नआउँदासम्म पटक पटक केन्द्रीय समितिको बैठक बसाउनु भो, मतदान गराउनु भो, पटक पटक संसदको बैठक स्थगित गराउनु भो, राजिनामाको धम्की दिएर कमजोर केन्द्रीय सदस्यहरूलाई आफूतिर तान्ने काम गर्नु भो । यसरी अन्त्यमा जबर्जस्ती सन्धि अनुमोदन गराउने काम गरियो । हामीले त्यस्तो गर्नसक्ने स्थिति रहेन । त्यसैले अल्पमत भए पनि त्यो हावी भयो ।

❑ **सन्धि त पास भइसकेको छ, अब गर्नुपर्ने गर्ने के त ?**

-पार्टीभित्र नेतृत्वमा देखा परेको दक्षिणपन्थी भडकाव र दृष्टिकोणकै विचलनविरूद्ध वैचारिक संघर्ष चलाउनु हाम्रो पहिलो दायित्व हो । मलाई विश्वास छ, अहिले अल्पमतमा परिए पनि भरे वैचारिक संघर्षका दौरानमा पार्टीले आफ्नो गल्ती महसुस गर्नेछ । र, यस्तो राष्ट्रिय हित विपरीतका सन्धिहरू नगर्ने पक्षमा पार्टी फेरि उभिनेछ ।

दोस्रो दायित्व, यो र यस्तो असमान तथा राष्ट्र ठगिएको सन्धिका विरूद्ध व्यापक जनमत सिर्जना गर्नु हो । यो सबै क्रान्तिकारी र देशभक्त समूह तथा व्यक्तिहरूको संयुक्त काम हुनुपर्छ । यसै परिप्रेक्ष्यमा मैले सन्धि सम्बन्धी प्राप्त सबै तथ्य, तथ्यांक र विश्लेषण राखेर एउटा पुस्तक पनि हालै प्रकाशित गरेको छु । पुस्तकको नाम छ- "महाकाली सन्धि र राष्ट्रिय हितको सवाल" । यसले महाकाली सन्धिबारे वास्तविकता बुझ्न र जनमत सिर्जना गर्न केही काम गर्नेछ भन्ने मलाई लागेको छ । साथै अरू देशभक्त र क्रान्तिकारी समूह तथा व्यक्तिहरूले पनि आ-आफ्नो ठाउँबाट जनमत सिर्जना गर्न सक्दो योगदान गरिरहनु भएको मलाई लागेको छ । यो कामलाई अरू कैयन गुणा बढाउनु जरूरी छ । संपूर्ण देशभक्त, क्रान्तिकारी र कम्युनिष्टहरू यस मामलामा एक ढिका हुनुपर्छ ।

तेस्रो, कानूनी तवरले पनि यस सवालमा केही गर्नु पर्छ भन्ने मलाई लागेको छ ।

हाम्रो प्रतिनिधि सभा र राष्ट्रिय सभाको नियमावलीमा संयुक्त बैठक संचालन सभामुखले गर्ने नियम छ । र, संयुक्त बैठक विहान ११ बजे शुरू गरी दिउँसो ५ बजे टुंग्याउनु पर्छ । अन्यथा, गर्नु परेमा सभामुखले सूचना जारी गर्नु पर्छ ।

तर असोज ४ गते ११ बजेको सट्टा २ बजे बैठक डाकिएको थियो । यहाँसम्म कुरा ठीकै थियो । तर २ बजे बैठक शुरू भएन । अब नियम अनुसार ५ बजेभित्र हाउस बस्नु पर्थ्यो । त्यो पनि भएन । अब कति बजे बैठक बस्ने, त्यो पनि सूचना जारी गरिएन । कुनै सूचना नै नभइकन राति एक्कैचोटि बैठक बस्यो । र, संयुक्त बैठकद्वारा सन्धि अनुमोदनको घोषणा भयो । यो नियमावली विपरीत भयो । विनासूचना शून्य समयमा बैठक बस्यो ।

यसबारे कानूनी पक्षबाट के गर्न सकिन्छ ? त्यो गर्नै पर्छ भन्ने मलाई लागेको छ ।

❑

**अन्तर्राष्ट्रिय सीमा नदीमा नेपालको हैसियत चाहिं के त ? भिखारीको ? खै सीमा नदीको बरोबरीको साझेदारको हैसियत हाम्रो ?**

**बारम्बार मेरो दिमागमा यो प्रश्न उठिरहन्छ कि यसै पटक सन्धि अनुमोदन गराउनको लागि यति सारो भित्ता ठेलेर हाम्रा पार्टीका नेताहरु किन लागे ?**

**बजारमा आइसक्यो !**

*महाकाली सन्धिबारे सांगोपांगो थाहा पाउनको लागि एउटा अति उपयोगी पुस्तक*

**केशवलाल श्रेष्ठद्वारा लिखित**

**"महाकाली सन्धि र राष्ट्रहितको सवाल"**

◆ के हो महाकाली सन्धि ?
❑ के के छ महाकाली सन्धिमा ?
◆ कसरी पास भयो महाकाली सन्धि ?
❑ महाकाली सन्धिको विरोध किन ?
◆ सन्धिबाट कसले के पाउने ?
❑ कसरी आयो महाकाली प्याकेजको धारणा ?

**थाहा पाउनको लागि अवश्य पढ्नुहोस् ।**



गुइरेरो प्रान्तका पहाडहरुमा पिपुल्स रिभोलुसनरी आर्मीका छापामारहरु/न्यूजवीक

# मेक्सिकोमा नयाँ वामपन्थी छापामार संगठनको उदय

अमेरिकी सामाज्यवादको सीमासंगै जोडिएको देश मेक्सिकोमा जापातिष्टाहरूको सशस्त्र विद्रोहपछि नयाँ वामपन्थी छापामार संगठनले एकै समयमा पांच वटा प्रान्तहरूमा छापामार आक्रमण गरेर आफ्नो नयाँ अस्तित्वको परिचय दिएको छ। नयाँ वामपन्थी छापामार समूहको रूपमा प्रकट भएको लोकप्रिय क्रान्तिकारी सेना Populor Revolutionary Army (EPR) का छापामारहरूले मेक्सिकोका पांच वटा प्रान्तहरू मेक्सिको, गुइरेरो, ओक्साका, प्यूबेला र चियापासमा रहेका प्रहरी चौकी र सैनिक छाउनीहरूमाथि निकै संयोजित ढंगले आक्रमण गरेका छन्।

पाँच-पाँच वटा प्रान्तमा एकसाथ गरिएको यो आक्रमण संभवतः डेढदुई दशकभित्र गरिएका छापामार आक्रमणहरूमध्ये सबैभन्दा ठूलो हुनसक्छ। यसले गर्दा मेक्सिकोदेखि अमेरिकासम्मका पूँजीवादी-साम्राज्यवादीहरूको मुटुमा ढ्यांग्रो ठोकिएको आभाष मिलिरहेको छ।

अनुहारमा खैरो मास्क लगाएर हातमा AK-47 जस्ता अत्याधुनिक हतियार लिएर हरियो खाकीको सैनिक भेषमा EPR का छापामारहरूले गत असार १४ गते गुरेरो प्रान्तको कोयुका डे बेनितेज गाउँमा पहिलो पटक सार्वजनिक रूपमा प्रकट भएका थिए। गत वर्ष असार १४ गतेकै दिन सत्तासीन इन्स्टिच्यूशनल रिभोल्यूशनरी पार्टी (PRI) का सरकार विरोधी १७ जना किसानहरू मारिएका थिए। तिनै किसानहरूको शहादतको सन्दर्भमा भएको विरोध प्रदर्शनका क्रममा सशस्त्र रूपमा प्रकट भएका इ पी आर का छापामारहरूले अप्रजातान्त्रिक सरकारविरूद्ध युद्ध-घोष गरेका छन्। उनीहरूले पी आर आईको उत्पीडनकारी र प्रतिक्रियावादी सरकारलाई 'मेक्सिकोको खाडी' मा फ्याँकेर नयाँ, स्वतन्त्र, सार्वभौम, प्रजातान्त्रिक र समाजवादी मेक्सिको निर्माण गर्ने घोषणा गरेका छन्। 'अगुआज ब्लांकाज घोषणा पत्र' नामक आफ्नो प्रथम घोषणा-पत्रमा तिनीहरूले जन-सरकार स्थापना गर्ने आफ्नो लक्ष्य प्राप्ति गर्ने सिलसिलामा न्याय, समानता, स्वतन्त्रता, सुख-सम्बृद्धि जस्ता प्रजातान्त्रिक हक-हित र अधिकारको लागि पनि संघर्ष गर्दै अगाडि बढ्ने घोषणा गरेका छन्।

इ पी आर का नेशनल कमाण्डका एक कमाण्डर फ्रान्सिस्कोका अनुसार पपुलर रिभोल्यूशनरी आर्मीको स्थापना जापातिष्टा विद्रोह शुरू भएको वर्ष अर्थात् १९९४ को मई महीनामा भएको थियो। यसले यसबीच १४ वटा जनवर्गीय संगठनहरू निर्माण गरिसकेको दावी गरेको छ। कमाण्डर फ्रान्सिस्कोका अनुसार, देशव्यापी रूपमा इ पी आर को २३ हजार कार्यकर्ता र समर्थकहरू छन्।

इ.पी.आर. को घोषणा-पत्र अनुसार पपुलर रिभोल्युसनरी आर्मी मेक्सिकोका अधिकांश दलित-पीडित वर्ग र तब्काका जनताका छोराछोरीहरूबाट निर्मित संगठन हो।

इ.पी.आर. को विगतदेखि वर्तमानसम्मको इतिहास र यसका उद्देश्य, कार्यदिशा र कार्यनीतिबारे चारैतिर अस्पष्टता व्याप्त छ। धेरैंजसो मेक्सिकोका वामपन्थी नेताहरूले इ.पी.आर.को उत्पत्ति र विचारका बारेमा अनभिज्ञता जाहेर गरेका छन्। जेडिल्लो सरकारले शुरूमा यसलाई किसानहरूसंग सम्बन्धित जग्गा र जंगलको अधिकारको मामिलामा जुझारू संघर्ष चलाइरहेको क्रान्तिकारी संगठन 'कम्पेसिनो अर्गनाइजेशन अफ साउदर्न सियर्श' सग जोडेर हेर्न खोजेको थियो। पछिल्लो चरणमा जेडिल्लो सरकारका डेपुटी गृहमन्त्री आर्तुरो नुनेजले प्रहरीद्वारा जफत गरिएका इपीआरका दस्तावेजहरूको हवाला दिंदै यो समूह १९७० को दशकतिर क्रियाशील रहेको 'रिभोल्यूशनरी पीजेन्ट वर्कर्स पार्टी" बाट पल्हाएको एउटा शाखा हो भनी घोषणा गरेका छन्। उनले तीन वटा क्रान्तिकारी संगठन र किसान संगठनहरूको संयुक्त मोर्चाको रूपमा इपीआर कार्यरत रहेको जानकारी पनि दिएका छन्। उनले दिएको जानकारी अनुसार इपीआरको छातामुनि रहेका ती संगठनहरू हुन्: पूर्वी मेक्सिकोका इमिलियानो जापाता प्रजातान्त्रिक मोर्चा, लोकप्रिय प्रजातान्त्रिक राष्ट्रिय मोर्चा फ्रन्ट र दक्षिणी पहाडी क्षेत्रको किसान संगठन!

जेडिल्लो सरकारले दिएका जानकारीहरू पूर्ण देखिंदैनन्। तर अन्य स्वतन्त्र पर्यवेक्षकहरूबाट पनि इपीआरको इतिहास र वर्तमानबारे स्पष्ट जानकारी प्राप्त हुन सकिरहेको छैन। स्मरणीय छ, मेक्सिकोमा आफ्नो मातृभूमिको स्वतन्त्रता र भूमिसुधारको मागमा लामो समयसम्म छापामार संघर्ष गर्ने क्रान्तिकारी नेता

## पांच वटा प्रान्तमा एकै समय धेरै प्रहरी र सैनिक अखडाहरुमा आक्रमण !

इमिलियानो जापाताको शहादतपछि पनि त्यहाँ सशस्त्र संघर्ष गर्ने विभिन्न छापामार समूहहरूको पटक पटक उत्थान र पतन हुँदै आइरहेको छ। शिक्षकबाट छापामार नेता बनेका लुसियो काबानासले १९६७ मा ठूलो छापामार समूह निर्माण गरी, १९७४ सम्म संघर्ष गरेका थिए। छापामार नेता काबानासको निर्मम हत्यापछि पनि विभिन्न राज्यमा छुट्टाछुट्टै छापामार समूहहरूको निर्माण गर्ने र अलग अलग ढंगले संघर्ष गर्ने क्रम जारी रहेको छ।

अहिले पनि १९९४ को जनवरी १ देखि सशस्त्र विद्रोह गर्ने जापातिष्टा नेशनल लिबरेशन आर्मी (EZLN) जस्तो विशाल छापामार समूह बाहेक अन्य स-साना छापामार समूहहरू मेक्सिकोका विभिन्न प्रान्तहरूमा, विशेषतः गरीबीले ग्रस्त गुइरेरो प्रान्तका घना जंगलहरूमा क्रियाशील रहेको समाचार छ। यी सबै छापामार समूहहरूभन्दा सशक्त, सबल र सक्षम देखिएको जापातिष्टा नेशनल लिबरेशन आर्मीको १९९४ को चियापास-विद्रोहले मात्र राष्ट्रिय अन्तर्राष्ट्रिय स्तरमा प्रभाव पार्न सकेको छ। तर इपीआरले जापातिष्टा विद्रोहीहरूसंग प्रत्यक्ष सम्बन्ध नभएको कुरा स्वीकारेको छ।

इपीआरले ती अनेकौं सशस्त्र छापामारहरूलाई प्रजातान्त्रिक लोकप्रिय क्रान्तिकारी पार्टी (PDPR) निर्माण गर्न आह्वान गरेको छ। त्यसले PDPR मार्फत् प्रान्तीय सरकार, संविधान सभा निर्माण गर्दै मेक्सिकोमा जनताको सच्चा प्रजातन्त्र स्थापना गर्ने उद्देश्य प्रकट गरेको छ।

गत साउन महिनाको तेस्रो हप्तातिरै इपीआरले ४५ सूत्रीय माग सार्वजनिक गरेको छ। कमाण्डर फ्रान्सिस्कोका अनुसार, इपीआरका मागहरूमा अमेरिकी कम्पनीहरूका हातमा रहेका उद्योग-व्यापारको राष्ट्रीयकरण गर्नेदेखि लिएर फाँसीको पासो भइरहेको विदेशी ऋणलाई रद्द गर्ने, ऋण तिर्न असमर्थ मध्यमवर्गीय मेक्सिकोवासीलाई ऋण मुक्त गर्ने, गरीब किसानहरूलाई जग्गाको अधिकार प्रदान गर्ने र जेडिल्लो सरकारको राजीनामाको कुरा पनि समावेश गरिएका थिए।


आफ्नो घोषणा पत्र र ४५ सूत्रीय मागबारे सरकारले कसरी प्रतिक्रिया जनाउने हो भन्ने कुरा हेरेर मात्र आफूले आक्रमण गर्ने वा नगर्ने निधो भएको कुरो पनि कमाण्डर फ्रान्सिस्कोले पत्रकारहरूलाई बताएका छन्।

महिला कमाण्डर भिक्टोरियाका अनुसार इपीआरले सरकारसंग कदापि वार्ता गर्दैन। ती घोषणा पत्र र मागप्रति सरकारको प्रतिक्रिया नकारात्मक नै हुने कुरामा विश्वस्त कमाण्डर फ्रान्सिस्को भन्छन्- 'मेक्सिको सरकारले अघोषित रूपमा चलाइरहेको युद्धको विरूद्ध लड्न हातहतियार उठाउने र सरकारी दमनलाई बन्द गर्न सशस्त्र प्रतिक्रिया जनाउने बाहेक अर्को विकल्प केही पनि छैन।'

**इपीआरका मागहरुमा अमेरिकी कम्पनीहरुका हातमा रहेका उद्योग-व्यापारको राष्ट्रीयकरण गर्नेदेखि लिएर फाँसीको पासो भइरहेको विदेशी ऋणलाई रद्द गर्ने, ऋण तिर्न असमर्थ मध्यमवर्गीय मेक्सिकोवासीलाई ऋण मुक्त गर्ने, गरीब किसानहरुलाई जग्गाको अधिकार प्रदान गर्ने र जेडिल्लो सरकारको राजीनामाको कुरा पनि समावेश गरिएका थिए**

यही प्रतिबद्धताका साथ इपीआरका छापामारहरूले मेक्सिको सरकारको विरोधमा हतियार उठाउने क्रममा साउन १ गते 'हिंसाको विरूद्ध हिंसा' गरेका छन्। साउन १ गतेदेखि केही दिनअगाडिसम्म स-साना, छिटफुट आक्रमणमा मात्र सीमित रहेका इपीआरका छापामारहरूको संघर्षका कारणले दक्षिणी मेक्सिकोमा ५९ जना सैनिक हताहत भइसकेका थिए।

तर, गत भाद्र १२ गते राती भने उनीहरूले मेक्सिकोका पाँच वटा दक्षिणी प्रान्तमा रहेका प्रहरी चौकी र सैनिक छाउनीहरूमा एक्कै चोटि अचानक आक्रमण गरेका छन्। ११ जना सैनिक र प्रहरीहरूका साथै दुई जना छापामारहरू समेत मारिएको सो आक्रमणको क्रममा उनीहरूले ओआक्साका राज्यको एउटा प्रहरी चौकीमाथि आक्रमण गरेर दुई जना प्रहरी अधिकारीहरूलाई मारेका छन्। थप



फोटो साभारः न्यूजवीक

सैनिकहरू आउनुभन्दा अगावै ट्रकमा चढेर भागेका ती छापामारहरूको पक्षमा कुनै हताहत भएको समाचार छैन।

उता ओआक्साका प्रान्तको तालासियाको प्रहरी चौकीमा आक्रमण गरी दुई जना प्रहरीलाई मार्नुका साथै उनीहरूले भित्ते लेखन पनि गरेका छन्। भित्ताहरूमा उनीहरूले 'जनसंघर्ष जिन्दावाद! इपीआर जिन्दावाद!!' जस्ता नाराहरू लेखेका छन्।

त्योभन्दा केही समय अगाडि नै उनीहरूले मेक्सिकोको प्रमुख समुद्री किनारमा रहेको टुरिष्टहरूको आकर्षणको केन्द्रको रूपमा प्रख्यात सिसोर्ट नजिकै रहेको सान्ता मारिया हुआतुल्कोमा आक्रमण गरेका थिए। आधा घण्टासम्मको दोहोरो मुठभेडको क्रममा ७ जना प्रहरी र सैनिक एवं दुई छापामारहरू मारिएका थिए।

गुइरेरो प्रान्तका चार वटा शहरहरूमा पनि एक्कै चोटी आक्रमण गर्ने क्रममा उनीहरूले आकापुल्कोको टुरिष्ट सेन्टरको बाहिर रहेको प्रहरी चौकीमाथि ग्रेनेड आक्रमण गरेका छन्। ग्रेनेडले गर्दा चौकीको आधाभन्दा बढी भाग ध्वस्त भएको छ र एक जना प्रहरी सख्त घाइते भएको खबर छ। क्यूडाड अल्टामिरानो शहरको सैनिक ब्यारेकमाथिको आक्रमणको क्रममा ६ जना सैनिकहरू घाइते भए। गुइरेरो प्रान्तमा जम्माजम्मी २ जना प्रहरीको मृत्यु हुनुका साथै ६ जना सैनिक र प्रहरीहरू घाइते भएका थिए।

मेक्सिको प्रान्तमा राजधानी मेक्सिको सिटी नजिकैका चार वटा प्रहरी र सैनिक अखडाहरूमा एकसाथ आक्रमण गर्ने क्रममा पापालोत्ला शहरमा एक जना प्रहरीको मृत्यु भएको खबर छ। प्यूबेला प्रान्तमा पनि प्रहरी र सैनिक एवं छापामारहरूबीच आधा घण्टाभन्दा बढी समयसम्म गोली हानाहान भएको पनि खबर प्राप्त भएको छ।

त्यस्तै, चियापास प्रान्तको एउटा राजमार्गलाई बन्द गरेर उनीहरूले त्यहाँका आदिवासी जनतामाथि प्रहरी र सैनिक आक्रमणको घोर विरोध गरेका छन्। स्मरणीय छ, मेक्सिकोका आदिवासी, गरीब किसानहरूको हित लगायत प्रजातन्त्रको प्राप्तिको लागि जापातिष्टाहरूले हतियार उठाएपछि सरकारले चियापास प्रान्तमा जनविद्रोह दबाउने प्रशिक्षण प्राप्त १ लाखभन्दा बढी स्थल-सेना तैनाथ गरेर दमन-अभियान जारी राखेको छ।

इपीआरको सशस्त्र विद्रोहको शुरूवातको क्रममा भएको यो संयोजित आक्रमणले जेडिल्लो सरकार र देशको अर्थव्यवस्थामा समेत असर गरेको देखिएको छ। आक्रमणले गर्दा अत्यन्त सतर्क र चनाखो बनेको जेडिल्लो सरकारले राजमार्ग र एयरपोर्ट लगायत रणनैतिक महत्वका स्थानहरूको सुरक्षा



प्रवन्धलाई कडा पार्नुका साथै गुइरेरो र ओआसाका जस्ता छापामारहरूको चर्को आक्रमण भएका दक्षिणी किनाराका प्रान्तहरूमा विशाल मात्रामा सैन्य परिचालन गरेको छ। मेक्सिको सिटीको अखबार 'ला जोर्माडा'ले मध्य र दक्षिणी मेक्सिकोका ७ वटा प्रान्तहरूमा जल र स्थल सैनिकहरूका साथै प्रहरीहरू परिचालन गरिएको समाचार प्रकाशित गरेको छ। अहिलेसम्म सरकारले इपीआरका ६ जना सदस्यहरूलाई गिरफ्तार गरेको दावी गरेको छ।

सरकारले आफ्नो सेना र प्रहरी शक्तिलाई परिचालन गरी दमन-अभियान चलाउने क्रममा ओआक्साका प्रान्तमा छापामारहरूमाथि आक्रमण गरेको छ। त्यस प्रान्तको सान मिगेल सुचिक्लेथेक पहाडस्थित ला पेर्डिजको नजिकै गरिएको आक्रमणमा एक जना विद्रोही छापामारको हत्या गरेको र चार जनालाई समातेको दावी सरकारले गरेको छ। त्यस्तै हुआतुल्को प्रान्तमा गरिएको आक्रमणमा एक जना छापामार मारिएको समाचार पनि सरकारले प्रकाशित गरेको छ।

सरकारले चलाएको दमन-अभियानले गर्दा प्रतिपक्षी समूहहरू, किसान, मजदूर लगायत आदिवासीहरूसंग सम्बन्धित संगठनहरू पनि भयभीत हुन थालेका छन्। विपक्षीहरू मात्र होइन, आफ्नै पार्टीभित्रका विरोधीहरूलाई मार्न, अपहरण गर्न र बेपत्ता पार्न कुख्यात पीआर आई पार्टीको जेडिल्लो सरकार देखेर अहिले मानव अधिकारवादीहरू समेत डराउन थालेका छन्।

सरकारले इपीआरले हिंसात्मक ढंगले सत्ता कब्जा गर्न खोजेको र समाजवाद स्थापना गर्न चाहेको एवं शुरूमै वार्ताको ढोका बन्द गरेको तथ्य अगाडि सार्दै इपीआरलाई दमन गर्ने अठोट व्यक्त गरेको छ। राष्ट्रपति जेडिल्लोले 'निर्दयी हत्याराहरू र भयानक अपराधीहरू' विद्रोहीहरूको हिंसात्मक कारवाहीलाई सरकारले स्वीकार नगर्ने र उनीहरूमाथि कारवाही गर्न जुनसुकै उपाय पनि अवलम्बन गर्ने घोषणा गर्दै भनेका छन्- "हिंसात्मक उपायबाट सत्तामा आउने अधिकार कसैलाई पनि छैन।"

उता छापामारहरूका तर्क अनुसार मेक्सिकोको पूँजीवादी सरकारबाट हिंसालाई संस्थागत र केन्द्रीकृत भइसकेको स्थितिमा देशमा आफ्नो सार्वभौमसत्ता स्थापना गर्न र कानूनी राज्य स्थापना गर्नका लागि जनताले सशस्त्र संघर्ष गर्नु भनेको अनिवार्य मात्रै होइन, वैध पनि छ। उनीहरूले भनेका छन्- जनताको सशस्त्र संघर्ष मात्रै मेक्सिकोमा जनताको शासन र कानूनी-राज्य स्थापना गर्ने एक मात्र बैधानिक बाटो हो।

सरकार र इपीआरको हिंसा र प्रतिहिंसाले गर्दा आर्थिक मन्दीले अक्टोपसले झैं गाँजिरहेको मक्सिकोको अर्थव्यवस्था बिस्तारै-बिस्तारै 'उँभो' लाग्न लागिरहेकै अवस्थामा पुनः समस्याग्रस्त हुन थालेको तथ्य पूँजीवादी अर्थशास्त्रीहरूले प्रकाशित गर्न थालिसकेका छन्।- पटक-पटक अवमूल्यन भइरहेको मेक्सिकोको मुद्रा-पेसोको मूल्यमा फेरि अवमूल्यन हुन थालेको छ, स्टक एक्सचेन्जमा कमी आउन थालेको छ। तर अर्थमन्त्री गुइलेर्मो ओर्तिज भने इपीआरको आक्रमणले मेक्सिकोको वित्तीय बजारमा कुनै प्रभाव नपर्ने दावी गर्दै विदेशी निवेशकर्ताहरूलाई भयभीत नहुन अपील गरिरहेका छन्।

**पूँजीवादी र साम्राज्यवादीहरुको शोषण र शासनले गर्दा जर्जर हुँदै गइरहेको मेक्सिकोमा क्रान्तिको जरुरत भइसकेको कुरा जापातिष्टा र इपीआरको विद्रोहले पुष्टि गरिरहेको छ!**

पूँजीवादी र साम्राज्यवादीहरूको शोषण र शासनले गर्दा जर्जर हुँदै गइरहेको मेक्सिकोमा क्रान्तिको जरूरत भइसकेको कुरा जापातिष्टा र इपीआरको विद्रोहले पुष्टि गरिरहेको छ। गरीबी, भोकमरी, बेरोजगारी, उत्पीडन र हिंसाले गर्दा अमेरिकी विद्वान नोम चोम्स्कीले भने जस्तै 'टाइम बम' जस्तै भइसकेको देश मेक्सिकोमा अब केवल क्रान्तिको मात्र पर्वाह छ, टाइम बम जस्तै भइसकेको मेक्सिकोको क्रान्ति कहिले कसरी पड्किने हो, यसको प्रतिक्षा सबैतिर देखिन्छ।

❑ राजेन्द्र महर्जन

विजया दशमी २०५३ को शुभ उपलक्ष्यमा नेपालीको उत्तरोत्तर प्रगति र सम्वृद्धिको मंगलमय शुभकामना व्यक्त गर्दछौं।

**व्यापार प्रवर्द्धन केन्द्र**
**स्टाबेक्स परियोजना**
पाटनढोका, ललितपुर
फोनः ५२५७०२, ५२६८०२

# कसरी एउटी अनपढ महिला प्रसिद्ध क्रान्तिकारी उपन्यासकार बनिन् ?

उनको नाम वनिजा हो । उनको यो नाम उनका आमा-बाबुले दिएको नाम होइन । हुन त सबै बच्चाहरूले आ-आफ्ना आमा-बाबुबाट एउटा-एउटा नाम, एउटा-एउटा निशानी पाउँछन् । उनका आमा बाबुले पनि उनलाई आफ्ना अरू छोरा-छोरीलाई जस्तै एउटा नाम राखिदिएका थिए । तर उनलाई त्यो नाम याद छ कि छैन- थाहा छैन । किनकि उनको अनुहारमा बन्दै-बिग्रँदै गइरहेका रेखाहरूले पनि अब उनको त्यो पुरानो नामको साक्षी बस्न इन्कार गरेको देखिन्छ ।

आजभोलि उनको नाम वनिजा भारतको तेलुगू भाषाको साहित्य पढ्ने-लेख्नेहरूको जिब्रोमा भुण्डिएको पहिलो शब्द बनिरहेको छ । हो, वनिजा अहिले तेलुगू भाषाको चर्चित साहित्यिक नाम भइसकेको छ । सत्ताइस वर्षीया उक्त महिलाले बाल्यकालमा स्कूलको पिँढ्यूसम्म चाहिं पक्कै देखेकी थिइन् । तर आफ्नी आमाको गरीबीले उनलाई कहिल्यै पनि स्कूलमा पढ्न अनुमति दिएन । उनले १५ वर्षको उमेरमा पहिलो पटक आफ्ना औंलाहरूले स्लेट छोएकी थिइन् । सबैभन्दा पहिले उनले तेलुगू भाषा लेख्न सिकिन्, त्यसपछि मराठी, हिन्दी, गोंडी र कन्नड भाषा ! उनले जहाँ-जहाँ काम गर्नका लागि पाइला हालिन्, त्यहाँ त्यहाँको बोली, भाखा र भाषासंग उनले अभिन्न मित्रता गाँस्दै गईन् ।

चुस्त, फुर्तिलो शरीर र श्यामवर्णकी अनुहार भएकी यी महिला 'पीपुल्स वार ग्रुप'को छापामार दस्ताकी सदस्य हुन् । विगत १२ वर्ष अगाडिदेखि जंगल नै उनको सिंगो संसार हो । कहिलेकाहीं गाउँ-टोलमा, शहर-बजारमा पार्टीको काममा भूमिगत ढंगले आउने जाने गर्छिन् र त्यहाँ एक-दुई रात बिताउँछिन् ।

घना जंगलहरूमा छापामारको जिन्दगी बाँच्दै वनिजाले 'अडवी पुँत्रिका' (जंगलकी छोरी) नामक एउटा उपन्यास तेलुगू भाषामा लेखेकी छिन् । चर्चा चले अनुसार पेंग्विन प्रकाशनले समेत यो उपन्यासलाई अंग्रेजीमा अनुवाद गरेर छाप्दैछ !



पीपुल्स वार ग्रुपका महिला छापामारहरू

## तेलुगू भाषाकी चर्चित साहित्यकार वनिजाले पीपुल्स वार ग्रुपको छापामार भई काम गरेको गाथा

यो उपन्यास आत्मकथात्मक शैलीमा लेखिएको छ । यस उपन्यासबाट एउटी पीडित महिला कसरी जागरूक र शक्तिशाली बनिन् भन्ने कुरा थाहा हुन्छ । यो जागरूकताले उनको राजनैतिक-सामाजिक सोच-विचारको बन्द ढोका खोल्छ । उसलाई शारीरिक र मानसिक शक्ति प्रदान गर्छ । मानिसहरू पीपुल्स वार ग्रुपका हिंसात्मक क्रान्तिकारी सोचहरूसँगै सहमत नहुन सक्छन्, तर वनिजा जस्ता अनपढ महिलाहरूलाई पढाउन लेखाउन सिकाउनु कति महत्वपूर्ण छ भन्ने सत्य उनीहरूले पनि स्वीकार गरेकै हुन्छन् । तर अफसोच ! उनीहरूको माइक अगाडि र कागजमा यथार्थमा अनपढ तर सतही साक्षर महिलाहरू मात्र हुन्छन् ।

यहाँ वनिजालाई परिचित गराउन खोज्नुको मूल उद्देश्य के हो भने, यदि नियत सही छ र प्रतिवद्धता दृढ छ भने जतिसुकै मुश्किल काम पनि हल हुन सक्छ । यो परिचयबाट शायद, अब महिलाहरूलाई वनिजाको जीवनको उज्यालो प्रकाशमा आफ्नो बाटो खोज्न सहयोग मिल्ला कि ? आफ्नो मुक्तिको निमित्त राजनीतिक पार्टी, महिला वा सामाजिक संगठन खोज्न मद्दत होला कि ? एउटा सम्झनयोग्य निशानी छाड्ने खालको पाइला उठाउन सहयोग मिल्ला कि ?

❑ ❑

आन्ध्र प्रदेशको वारंगल जिल्लाको नागरम भूपाल पल्ली मण्डलम बिटियाला नामक गाउँमा वनिजाको जन्म भएको हो । बालककालमै उनले आफ्नो घरमा क्रान्तिकारी वातावरण देखेकी थिइन् । तर आफ्ना बुबा ए. चन्द्रैयाको मृत्युसँगै घरको क्रान्तिकारी वातावरणको पनि मृत्यु भयो । घरको गरीबीको गर्मी अनन्त कालसम्म लम्बिँदै गयो र बाल्यकालमै वनिजा आफ्नी आमासंगै विहान सबेरैदेखि नै जंगलमा मजदूरी गर्न जान थालिन् ।

वनिजाका एक्ला दाजु बेंकटेश्वर धेरैजसो विरामी भइरहन्थे । बेंकटेश्वर जति कमाउँथे, ती सबै पैसा आफ्नो औषधिमूलोमै खर्च गर्थे । उनकी आमाले यस्तो गएगुज्रेको स्थितिमा ११-१२ वर्षीया वनिजाको विवाह गरिदिइन्, त्यो पनि आफ्नै ठूली छोरीकी देवर राजम्मासंग ! राजम्मा वनिजाभन्दा उमेरमा १३ वर्ष जेठो थियो । र, ऊ पहिले नै पनि विवाहित थियो । पहिलो विवाह भएको १० महिनापछि नै उसले आफ्नी श्रीमतीलाई माइती फर्काइदिएको थियो । राजम्माले दोस्रो विवाहको बेला दहेजविना नै वनिजासंग विवाह गरेको थियो । तर केही दिनपछि नै उसले वनिजालाई पिट्न थाल्यो । दाइजोको माग गर्न थाल्यो । ६० एकड जमीनको मालिक राजम्माले एक दिन त वनिजालाई कुट्नसम्म कुटेर खाटमा डोरीले बाँधीराख्यो । उसले वनिजाको दाजु-बेंकटेश्वरलाई पनि अरू कुनै बहानामा त्यहाँ बोलायो । बेंकटेश्वरले आफ्नी सानी बहिनीको अपराध के हो भनेर सोधेपछि उनलाई पनि खाटमै बाँधियो ।

कसैले वनिजा र बेंकटेश्वरलाई खाटमा डोरीले बाँधेर राखेको खबर 'पीपुल्स वार ग्रुप'को एउटा छापामार दस्तासमक्ष पुर्‍याइदियो । ग्रुपको छापामार दस्ता 'दलम'ले राजम्मालाई वनिजा र उनका दाजुलाई तुरून्त रिहा गर्न आदेश जारी गर्‍यो । राजम्माले उनीहरूलाई छोडिदियो ।

ती दुवै दाजु बहिनी आफ्नो घर फर्के । पछि दलमले प्रजा पंचायत बोलाएर राजम्मा र वनिजाबीच सम्झौता गराउन खोज्यो । पतिपत्नीबीच सम्झौता गराउने दलमको यो प्रयास राजम्माको महिला विरोधी रवैयाले गर्दा असफल भयो । पछि वनिजाले आफ्नो शोषित जिन्दगीका बारेमा गहिराइपूर्वक सोच्न थालिन् र उनी आफू निरपराध भएको तथ्य उनले महसुस गरिन् ।

आफ्नो जिन्दगीलाई सार्थक बनाउने उद्देश्यले उनले आफूलाई बिस्तारै मुक्त गर्ने दलमलाई बुझ्न थालिन् । दलमका विचार र व्यवहारहरू अध्ययन गर्न थालिन् । आफ्नी आमा र दाजुको विरोधका बावजुद उनले दलमसंग दश दिनका लागि 'तेंदुपत्ता अभियान' मा शामेल हुने फैसला गरिन् । त्यसबेला तेंदुपत्ता टिप्ने कामको ज्याला बढाउनका

लागि जोरदार संघर्ष भइरहेको थियो । यही संघर्षलाई साथ दिन दलमले शुरू गरेको अभियान नै वनिजाको पहिलो राजनीतिक काम थियो । अत्यन्त कम ज्यालामा उनी स्वयंमले तेंदूपत्ता टिप्ने काम गरीसकेकी थिइन् । त्यसैले उनी स्वयंमको पीडा र चिच्याहटले नै उनलाई तेंदुपत्ता अभियानमा सकृयतापूर्वक शामेल हुन घच्घच्याएको थियो । यो दश दिनको प्रवासमा उनले धेरै नै कुरा सिकिन् । यही सिकाइको क्रममा उनी के निष्कर्षमा पुगिन् भने, शोषणको अन्त गर्नका लागि अरू बढी अगाडि बढ्न जरूरी छ । अर्थात् दलमको सदस्य भएर काम गर्नु जरूरी छ ।

हो, उनले त्यसपछि दलमको सदस्य बन्ने फैसला गरिन् । एक रात आफ्नो झुपडीमा सुतिरहेका आमा र दाजुलाई छाडेर उनी आफ्नो नयाँ बाटोमा लागिन् । उनले दलमका सदस्यहरूसंग संगठन अर्थात् संघमको सदस्या बन्ने इच्छा जाहेर गरिन् । संघमले उनका दाजुलाई बोलायो । वनिजाको फैसलामाथि दाजुको राय बुझ्न खोजियो । तर क्रान्तिकारीहरूसंग उठबस गर्ने दाजु बेंकटेश्वरले असजिलो मान्दै भने- 'वनिजाकै पार्टी त हो नि, उसलाई आफ्नो दाजुको रायको के जरूरत छ र !'

दलमले बेंकटेश्वरलाई संझाउने प्रयास गऱ्यो । वनिजाको श्रीमान्‌ले उनलाई राख्न नचाहेको स्थितिमा उनले के गर्ने त भन्ने प्रश्न तेर्स्याइयो । यसमा सबैभन्दा राम्रो त जनताको हितको लागि काम गर्नु नै हो भनेर बुझाउने प्रयास गरियो । तर बेंकटेश्वर केही पनि जवाफ नदिइकन त्यहाँबाट फर्किए । वनिजा त्यही दिन साँझ दलममा सहभागी भईन् ।

१९८४ को त्यो साँझसम्म उनी अनपढ नै थिइन् । गाउँको चौघेरो नै उनको पूरा भूगोल थियो । तर दलममा शामेल भएपछि उनलाई नयाँ नाम दिइयो । हो, वनिजा नाम त्यही बेला दिइएको थियो । नयाँ नामको अलावा नयाँ छापामार यूनिफर्म, स्लेट र बत्ती दिइयो । छापामार कमाण्डरले भने- "तपाईंले पनि पढ्नु-लेख्नु पर्दछ, राजनीति बुझ्नु पर्दछ ।"


कमाण्डरले एक जना साथीसंग वनिजाको परिचय गराइदिए । तिनै नयाँ साथीले उनलाई दैनिक एक घण्टा पढाउने काम गर्न थाले । अब उनको नयाँ जिन्दगी शुरू भयो । उनको जिन्दगीले नयाँ नयाँ आयामहरू खोज्न थाल्यो । बन्दूक समात्ने, निशाना लगाउने, जंगलमा साथीहरूको सुरक्षाको लागि पालो बस्ने, भोकै प्यासै बस्ने, सरकारी सैनिकहरूलाई छकाउने, अचानक आक्रमण गर्ने र विनाआवाज सुईकुच्चा ठोक्ने- हो, यही उनको नयाँ जिन्दगी भयो !

उनले छापामार जिन्दगी बाँच्ने क्रममै तेलुगू भाषामा लेख्न-पढ्न सिकिन् । आदिवासीहरूबीच काम गर्नका लागि गोंडी बोलीसंग पनि मित्रता गाँसिन् ।

आन्ध्र प्रदेशको इलाका छाडेर उनी महाराष्ट्र गईन् । त्यहाँ पनि उनले मराठी र हिन्दी भाषा सिकिन्, ता कि त्यहाँका जनताबीच सजिलैसंग काम गर्न सकियोस् । मध्य प्रदेशको बस्तर इलाकामा गएपछि उनले माडिया बोली पनि सिकिन् । त्यसैबीच उनले आफ्नै पार्टीको अर्को दलमका एक कमाण्डरसंग विवाह गरिन् र साहित्य पनि पढ्न थालिन् ।

वनिजालाई पुलिसले १९९३ मा 'टाडा' अन्तगर्त गिरफ्तार गऱ्यो । एक वर्षसम्म हैदरावाद जेलमा उनलाई कैद गरियो । 'आन्ध्र प्रदेश सिभिल लिबर्टिज' नामक मानव अधिकारवादी संस्थाले उनको मुद्दामा बहस-पैरवी गऱ्यो । उनलाई जुन बेला 'टाडा' अन्तर्गत गिरफ्तार गरिएको थियो, त्यसबेला उनको छोरो भर्खर १ वर्ष मात्रै भएको थियो । अदालतले उनको छोराको कलिलो उमेरलाई ध्यानमा राखेर वनिजालाई जमानतमा रिहा गरीदियो । तर रिहा भएपछि पनि जेलको चिसो र दुर्गन्धले उनको पीछा गर्न छाडेनन् । यद्यपि जेलमा उनी एउटी राजनीतिक कैदीको हैसियतले बसेकी थिइन्, त्यसैले उनले जेलमा अरू साधारण महिलाहरूले भन्दा निकै कम मात्रै समस्या र यातना भोग्न परेको थियो ।

तापनि जेलको पीडा कैदको पीडा हो, त्यो बन्धनको यातना हो ।



चित्र: आमुख

**जेलमा बन्दी जीवन बिताउने क्रममा उनले आफ्नो आरोह-अवरोहमय जिन्दगीलाई कागजमा उतार्न थालिन् । एक वर्षपछि जेलबाट छुटेपछि उनले फेरि आफ्नो पुरानो दिनचर्या अर्थात् छापामार जीवन नै बिताउन थालिन् । यो दिनचर्यामा अलिकति समय आफ्नो अधूरो उपन्यास लेख्नमा खर्च गर्न थालिन् ।**

वनिजा भन्छिन्- 'म एउटा मानव हुँ । ती बन्दी महिलाहरूले कसरी आफ्नो र अरूको मलमूत्र टीनको सानो पाईनमा भरेर बाहिर फ्याँक्छन् भन्ने कुरा म कसरी भुल्न सक्छु र ? र, जसले त्यो काम गरेवापत तलब पाउँछन्, उनीहरूले त्यहाँका भ्रष्ट अधिकारीहरूका घरमा काम गर्नु पर्दछ ।'

जेलमा बन्दी जीवन बिताउने क्रममा उनले आफ्नो आरोह-अवरोहमय जिन्दगीलाई कागजमा उतार्न थालिन् । एक वर्षपछि जेलबाट छुटेपछि उनले फेरि आफ्नो पुरानो दिनचर्या अर्थात् छापामार जीवन नै बिताउन थालिन् । यो दिनचर्यामा अलिकति समय आफ्नो अधूरो उपन्यास लेख्नमा खर्च गर्न थालिन् ।

उनको उपन्यास 'अडवी पुँत्रिका' अहिले हरेक तेलुगू भाषीहरू खोजी खोजीकन पढ्न चाहिरहेका छन् । यो उपन्यासलाई भाषा, शैली र अन्य औपन्यासिक कसौटीहरूमा जाँच्ने बुझ्ने विचारलाई एक छिन त्यागेर, अर्कै दृष्टिकोणले जाँच्नु अझ बढी जरूरी देखिन्छ । त्यो दृष्टिकोण हो- एउटी अनपढ महिलाले कसरी पढ्न-लेख्न सिकिन्, कसरी उनमा साहित्यप्रति प्रेमको बाढी आयो, कसरी उनले अन्य धेरै भाषा लेख्न र पढ्न सिकिन्, पढाईबाट कसरी आफ्नो विकास गरिन् ?- भन्ने आधारमा उनलाई जाँच्नु ! हो, वनिजा जनताका विकास कार्यहरूसंग जोडिईन् र उनीहरूलाई उनले विकासको बाटो देखाईन् भन्ने दृष्टिकोणबाट यो उपन्यासलाई अध्ययन गर्नु अरू बढी आवश्यक भएको देखिन्छ ।



**बन्दूक समात्ने, निशाना लगाउने, जंगलमा साथीहरुको सुरक्षाको लागि पालो बस्ने, भोकै प्यासै बस्ने, सरकारी सैनिकहरुलाई छकाउने, अचानक आक्रमण गर्ने र विनाआवाज सुईकुच्चा ठोक्ने- हो, यही उनको नयाँ जिन्दगी भयो !**

❑ **अलका आर्य**

('जनसत्ता'बाट रा.म.द्वारा अनूदित)

# आइन्स्टाइन पछिका ठूला वैज्ञानिक मृत्युको मुखमा हकिङ्ग



❑ "हाम्रा सबभन्दा महान् सैद्धान्तिक भौतिकशास्त्री"

*–Independent*

❑ 'आइन्सटाइन पछिका सबभन्दा उत्कृष्ट वैज्ञानिक दिमाग'

*–Daily Express*

❑ '......कहिल्यै निको नहुने अपाङ्ग रोगमाथि विजय हासिल गरी विश्व भौतिकशास्त्रका उदीयमान तारा बन्नु भएको छ । लेख्नमा असक्षम र अझ स्पष्ट बोली बोल्न नसक्ने, उहाँले सापेक्षताभन्दा अझ पर, क्वान्टम मेकानिक्स (quantum mechanics) भन्दा पनि पर, भयंकर बिस्फोटन (Big bang) बाट टाढा, ब्रम्हाण्डको सृष्टि गर्ने 'ज्यामितीको नृत्य (Dance of Geometry) तर्फ छलाङ्ग मार्दै हुनुहुन्छ ।'

*–Vanity Fair*

❑ 'ब्रम्हाण्डका मास्टर ... एक वैज्ञानिकको ब्रम्हाण्डका सीमाहरुसम्मको साहसिक यात्रा'

*-Newsweek*

तुल्सीदास महर्जन

विश्वका विभिन्न प्रतिष्ठित पश्चिमेली पत्रिकाहरूमा यस्ता र यस्तै अनेकौं विचारहरू विगत ६/७ वर्ष यतादेखि बरोबर आइरहने गरेका छन् । ती पत्रिकाहरू एक जना यस्तो व्यक्तिको बारेमा नानाथरिका कुराहरू लेख्दैछन्, जसको टाउकोभन्दा तलको सम्पूर्ण शरीर पक्षघातबाट ग्रसित छ । गएको जनवरी महिनामा ५४ वर्षको उमेर पार गरिसकेका, ६ फिट १ इन्च उचाइ भएका ती व्यक्तिको वजन भने मात्र ३८ किलोको छ र वजन घट्दैजाने क्रम अझै जारी छ ।

अपाङ्गपनाको कारण ह्वील चेयर (पांग्रा भएको मेच) मा बस्न बाध्य भएका ती वैज्ञानिकको आवाज पाँच वर्ष यतादेखि करीब करीब बन्द छ । हाल उनी यस्तो अवस्थामा छन् कि- कुनै पनि क्षण उनको मृत्यु हुन सक्दछ ।

उनी को हुन् र किन उनको बारेमा विश्व र अझ खास गरिकन पश्चिमी प्रेस जगतमा बडो महत्वका साथ चर्चा भइरहेको छ ?

किनभने, उनी यस शताब्दीका आइन्सटाइन पछिका अर्का महान् वैज्ञानिक हुन्, जो अझै जीउँदै छन् । उनको नाम हो- स्टेफेन हकिङ्ग ।

उनले यस अघिसम्म भौतिक शास्त्रमा छुट्टाछुट्टै अलग अलग रूपमा अध्ययन गरिंदै आएको 'क्वान्टम मेकानिक्स (Quantum mechanics)' र 'सामान्य सापेक्षता (General relativity)' का सिद्धान्तहरूलाई एकैसाथ राखी एक आपसमा सम्बन्ध स्थापित गरेका छन् । र, यिनीहरूको सम्बन्धबाट गुरूत्वको क्वान्टम सिद्धान्त (Auantum theory of gravity) को प्रतिपादन गरी उनले ब्रम्हाण्डको उत्पत्तिका विषयमा सर्वथा नयाँ र चुनौतिपूर्ण व्याख्या गरेका छन् । ब्रम्हाण्डको सम्बन्धमा उनी भन्छन्- "न कहिल्यै यो उत्पत्ति भयो, न त कहिल्यै यो नष्ट हुन्छ । यो त केवल रहन्छ मात्र ।"

स्मरणीय छ, उनको यो सिद्धान्त द्वन्दात्मक भौतिकवादसंग ठ्याक्कै मेल खान्छ । र, यसले द्वन्दात्मक भौतिकवादको सत्यतालाई अरू राम्ररी पुष्टि गरेको छ ।

वैज्ञानिक हकिङ्गका अनुसार उनीद्वारा प्रतिपादित सिद्धान्तलाई प्रायोगिक रूपमा पाउन विश्वले अझै केही समय पर्खनु पर्नेछ । उनको अध्ययन र अनुसन्धान तीव्र रूपमा जारी छ र सन् २००० सम्ममा उनको सिद्धान्तको प्रायोगिक रूपमा व्याख्या हुने कुरामा वैज्ञानिक जगतले विश्वास गरेको छ ।

मूलतः यसै कार्यबाट नै वैज्ञानिक स्टेफेन हकिङ्ग अहिले वैज्ञानिक जगतमा सबभन्दा महान् र आदरणीय बनेका छन् ।

उनको अर्को महत्वपूर्ण कार्य 'सबैथोकको सिद्धान्त (Theory of everything)' को प्रतिपादन हो । यो सिद्धान्त महान् वैज्ञानिक अल्बर्ट आइन्सटाइनले आफ्नो जीवनको अन्तिम २५ वर्षको समयमा अनुसन्धान गरी अधुरो रूपमा छोड्नु भएको 'यूनिफाइड फिल्ड सिद्धान्त (Unified Field Theoy)' को पूर्ण र विकसित रूप हो ।

वैज्ञानिक हकिङ्गले आफ्नो त्यस 'सबैथोकको सिद्धान्त' मा भौतिकशास्त्रमा रहेका चार प्रमुख बलहरू: गुरूत्व बल, विद्युत चुम्बकीय बल, कमजोर नाभिकीय बल (Weak nuclear force) र शक्तिशाली नाभिकीय बल (Strong nuclear force) लाई सूत्रवद्ध गर्ने प्रयास गरेका छन् । यी चार बलहरूमा पहिलो गुरूत्व बल सबभन्दा पुरानो बल अर्थात् सबभन्दा पहिले पत्ता लागेको बल हो । यो बल महान् वैज्ञानिक सर आइज्याक न्यूटनले सत्रौं शताब्दीको उत्तरार्द्धमा पत्ता लगाएका हुन् ।

गुरूत्वबलको प्रभाव अन्य तीन बलहरूको तुलनामा अत्यन्त न्यून महसुस गरिन्छ । त्यसैले, अहिलेसम्म पनि यसलाई समग्रमा बुझ्न सकिएको छैन । आइन्स्टाइनको 'युनिफाइड फिल्ड सिद्धान्त' यसै विन्दुमा अधुरो हुन पुगेको थियो । तर वैज्ञानिक हकिङ्गले यसलाई 'क्वान्टम गुरूत्व (Quantum Gravity)' को सिद्धान्त प्रतिपादन गरी पूर्णता प्रदान गरेका छन् ।

बिसौं शताब्दीको उत्तरार्द्धमा आएर 'कालो प्वाल (Black Holes)' को अन्वेषणबाट ब्रम्हाण्ड-विज्ञानमा नयाँ आयाम थपिएको थियो । यसले ब्रम्हाण्डको उत्पत्ति र भविष्यका विषयमा अध्ययन गर्न नयाँ बाटो खोलेको थियो । यस कार्यमा नोबेल पुरस्कार विजेता भारतका ख्यातिप्राप्त बैज्ञानिक सुब्रमन्यम चन्द्रशेखर र रसियाली वैज्ञानिक लेव डाविडोविच लाण्डाउको योगदान रहेको छ । उनीहरूका अनुसार अन्तरीक्षमा सूर्यभन्दा डेढ-दुई गुणा बढी ठूला पिण्डका कैयौं मृत ताराहरू रहेका छन्, जसले सबै प्रकारका पदार्थहरू तथा किरणहरूलाई निल्ने गर्दछन् । यसो हुनुमा तिनीहरूसंग अत्यधिक गुरूत्व हुनुको कारण बताइएको छ । प्रकाश समेत नै निल्ने भएकोले अन्तरिक्षमा यी मृत ताराहरू कालो अदृश्य पिण्डका रूपमा रहेका छन् । त्यसैले, तिनीहरूलाई 'कालो प्वाल' भनिएको हो ।

हुन त 'कालो प्वाल' को सम्भाव्यताबारे अठारौं शताब्दीको पूर्वार्द्धमा क्याम्ब्रिज विश्व विद्यालयका वैज्ञानिक जोन माइकेल र त्यही समयका अर्का फ्रान्सेली वैज्ञानिक मार्किस डे लेप्लासले पहिलो पटक विचार व्यक्त गरेका थिए । उनीहरूको विचारलाई पूर्णता दिने काम भने बिसौं शताब्दीमा आएर मात्र

## शताब्दीका जीउँदा महान् वैज्ञानिकः हकिङ्ग



PRABHAKAR BHATLEKAR

वैज्ञानिकहरू चन्द्रशेखर र लाण्डाउले गरे ।

तर, स्टेफन हकिङ्गले 'कालो प्वाल (Black Hole)' सम्बन्धी चन्द्रशेखर-लाण्डाउको अवधारणामा अझ अर्को नयाँ क्रान्तिकारी आयाम थपेका छन् । उनले ब्रम्हाण्डमा रहेका 'कालो प्वाल'हरूले सबै प्रकारका पदार्थहरू तथा किरणहरूलाई निल्ने मात्र होइन, ओकल्ने पनि गर्दछन् भन्ने अवधारणा व्यक्त गरी तिनीहरूका सम्बन्धमा नयाँ रहस्य खोलेका छन् । अहिले त्यही 'कालो प्वाल' ले ओकल्ने किरणहरूलाई 'हकिङ्गको रेडिएशन (Hawking's Radiation)' भनी नामाकरण गरिएको छ ।

सैद्धान्तिक भौतिक शास्त्रमा अद्वितीय योगदान दिने यस शताब्दीका जीवित महान् वैज्ञानिक स्टेफेन हकिङ्ग जति महान् छन्, यसको विपरीत, त्यति नै उनको जीवन शारीरिक कष्टमा बित्दैछ । ह्वील चेयरमा कैद हुन बाध्य उनी पूर्णतः अपाङ्ग छन् ।

तर उनको तीक्ष्ण र उत्कृष्ट दिमागलाई मानव सभ्यताको विकासमा निरन्तर उपयोग गर्न वैज्ञानिकहरूले अधिकतम प्रयास गरिरहेका छन् । उनको करीब करीब बन्द भएको आवाजलाई सुन्न सक्ने तुल्याउन एक शक्तिशाली 'ध्वनि विस्तारक (Audio Amplifier)' यन्त्रलाई प्रयोग गरिएको छ, जसले उनको आवाजलाई १३०० गुणा बढाइदिन्छ । ध्वनि विस्तारकले दिएको आवाजलाई Computer Simulatin पद्धति अप्नाई computer पर्दामा उतारी उनका कुराहरू लिने र टिप्ने गरिएको छ ।

वैज्ञानिक हकिङ्गको देब्रे हातका दुई वटा औंलाहरू मात्र चल्छन् । त्यसैले, उनलाई काम गर्न दुई वटा औंलाहरूले मात्र पनि चलाउन सकिने सानो खालको 'सुपर कम्प्युटर' आई.बि.एम. कम्प्युटर कम्पनीले बनाइदिएको छ ।

महान् वैज्ञानिक ग्यालिलियोको मृत्युको ठीक ३०० वर्षपछि सन् १९४२ मा बेलायतको अक्सफोर्डमा जन्मिएका वैज्ञानिक स्टेफेन हकिङ्गलाई २४ वर्षको कलिलो उमेरदेखि बेलायतमा 'मोटर न्यूरोन (Motor neuron)' भनेर भन्ने गरिएको Amyotrophic Lateral Sclerosis (ALS) भन्ने अचम्मको निको नहुने रोग लागेको छ । निरन्तर तौल घट्दै जाने यो रोग लागेको रोगीले प्रत्येक महिनामा शरीरमा रगत प्रत्यारोपण गर्नु पर्ने हुन्छ । प्रतिदिन हज्जारौं कोषहरू नष्ट हुन्छन् । फलस्वरूप लगातार 'जीन (Gene)' प्रत्यारोपण गर्नु पर्ने हुन्छ । उनमा गरिने उपचार केवल उनको आयुलाई सकेसम्म लम्ब्याउन मात्र हो, त्यसले उनलाई बचाउन भने सक्ने छैन ।

वैज्ञानिक हकिङ्गको प्राज्ञिक जीवनलाई नियाल्दा उनले अक्सफोर्ड विश्व विद्यालयबाट भौतिकशास्त्रको अध्ययन थालेको हामी पाउँछौं । तर, स्नातक भने उनले क्याम्ब्रिज विश्वविद्यालयबाट गरे । उनले अर्का वैज्ञानिक जर्ज इलिससँगै सबभन्दा पहिले सन् १९७३ मा 'The large scale structure of spacetime' भन्ने पुस्तक प्रकाशित गरे । त्यसपछि सन् १९८८ मा उनले 'A BRIEF HISTORY OF TIME' भन्ने पुस्तक प्रकाशित गरे । यही पुस्तकमा उनका महत्वपूर्ण सिद्धान्तहरूको व्याख्या भएको छ । र, यही पुस्तकको प्रकाशन पछि नै उनी विश्वसामु महान् वैज्ञानिकको रूपमा परिचित भए । यो पुस्तक अहिलेसम्ममा ३३ भाषामा प्रकाशित भइसकेको छ भने, विश्वभरीमा यसका करीब २ करोड ५० लाख प्रति बिक्री भइसकेको बुझिएको छ ।

उनी हाल ह्वील चेयरमा बसीबसीकन नै आफ्नो देब्रे हातका दुई औंलाहरूद्वारा विशेष प्रकारको सुपर कम्प्युटर चलाउँछन् । र, त्यसैको मद्दतबाट जटिल सोधकार्यहरू गर्ने गर्छन् । अनुसन्धान पत्रहरू तयार पार्छन् र प्राध्यापन तथा प्रवचनका टिपोटहरू तयार पार्छन् । उनको साप्ताहिक प्रवचनलाई यूरोपभरि टेलिभिजनले सिधै प्रसारण गर्छ । उनको कक्षामा वैज्ञानिक तथा भौतिकशास्त्रीहरू मात्र नभई सामान्य मानिसहरू पनि संलग्न हुने गरेका छन् ।

घोर कष्टदायी अपाङ्ग अवस्थामा रहेर पनि असाधारण वैज्ञानिक कार्य गर्न सफल हुनुमा उनलाई उनकी पत्नी जेन र छोराछोरीहरू रबर्ट लुसी र टिम्मीको निरन्तर सहयोग प्राप्त हुनाले पनि हो




भन्ने कुरा उनी बताउँछन् । उनी भन्छन् कि- परिवारमा प्राप्त भएको वातावरणले गर्दा नै उनले सामान्य जीवन व्यतीत गर्न सकेका छन् र त्यसले गर्दा वैज्ञानिक कार्य गर्न उनले धेरै हौसला पाएका छन् । त्यस्तै उनका वैज्ञानिक सहपाठीहरू पनि उनको सफलताको कारण बनेको कुरा उनी स्वीकार्छन् ।

❑

*सन्दर्भ स्रोतः* 1. Times of India 2. कान्तिपुर 3. A Brief History of Time by *Stephen Hawking*

---

# परंपरागत विज्ञान शिक्षण: एक नयाँ अन्धविश्वास ?!

माधवप्रसाद अधिकारी




आधुनिक विश्वको कारीगर विज्ञान हो । विज्ञानद्वारा प्रतिपादन गरिएका प्रविधिहरू नै यस्ता कुरा हुन्, जसले विश्वको रूपान्तर नै गरिदिएका छन् । आजको विज्ञान-प्रविधिको विकासको मात्राको आधारमा नै उन्नत राष्ट्रहरूको वर्गीकरण गर्ने गरिन्छ ।

वर्तमान विश्वमा तहल्का मच्चाउन सफल प्रविधि भनेको इलेक्ट्रोनिक्स हो । कम्प्युटर यस युगमाथि आधिपत्य जमाउन सफल भइरहेछ । विकसित मुलुकहरूमा कम्प्युटर मानिसहरूको साथी भइसकेको छ । एक चार्टर्ड एकाउन्टेन्टलाई महिनौं घोत्लनु पर्ने गणितीय समस्या मिनटभरमा सुल्झाउन मात्र होइन, उद्योग संचालन, क्रय-विक्रय, मर्मत संभार, औषधोपचार, चिरफार मात्र पनि होइन, जासूसी जस्तो जटीलतम क्षेत्रमा समेत कम्प्युटर हावी भइसकेको छ । कुनै दिन मानिसको मालिक्याइँ असह्य भएर विश्वभरका कम्प्युटरहरूले विद्रोह गर्दै मानिसहरूलाई कैद गरी संसारका गतिविधिहरू आफैं पो संचालन गर्ने हुन् कि भनेर सोच्न थालियो भने पनि 'राँची' जानै पर्ने आवश्यकता भइहाल्दैन ।

विज्ञान र विज्ञानको उपज, प्रविधि आज मानिसको आयु लम्ब्याउन, उत्पादन बढाउन, मनोरन्जन प्रदान गर्ने, छोटो समयमै विश्व परिक्रमा गराउन मात्र होइन चन्द्रमाको सयर गराउन समेत सफल भइसकेको छ । यतिखेर हाम्रा सबै असंभवहरू पराजित भइसकेका छन् र उनीहरूकै असंभवहरू पनि पराजित हुने निश्चितै छ । अब असंभव शब्दको बढी प्रयोग पछौटेपनाको परिचायक बन्न पुगेको छ ।

तर के संसारभर यो उत्साह व्याप्त छ ? के विज्ञान र प्रविधि सूर्य-रश्मि झैं सबै मुलुकमा एकनासले आफ्नो प्रभाव छर्दैछ ? खोज, अनुसन्धान र आविष्कारमा के विश्वका सबै मुलुक हाराहारीको योगदान गरिरहेछन् ?

अहँ, यस्तो छैन । मुलुक मुलुकबीच विज्ञान र प्रविधि विकासको अन्तर आकाश र पातालकै छ । यस्तो अन्तर हुनुमा देशको भौगोलिक अवस्थिति, आर्थिक विकासको

मात्रा, प्रतिस्पर्धाको स्थिति, चेतनाका फरक आधार (आध्यात्मिक/भौतिक) हरू आदि अनेक पक्षहरू प्रभावी रहेका हुनसक्छन् । यति हुँदाहुँदै पनि कुनै देशमा विज्ञान व्यवहारोपयोगी हुन त्यस देशमा विज्ञानको पाठ्यक्रम कस्तो निर्धारित गरिएको छ र त्यसको पठनपाठन कसरी भइरहेछ भन्ने कुरामा निर्भर गर्दछ ।

हाम्रो देशमा विद्यालयदेखि विश्वविद्यालयसम्म विज्ञान विषयको अध्ययन अध्यापन उत्तीर्णाङ्क र विशिष्ठाङ्क प्राप्तिको लक्षले गरिन्छ न कि अन्वेषक, शोधक, आविष्कारक बन्ने र वैज्ञानिक उत्पादन गर्ने हेतुले । नत्र विश्व विज्ञान-सागरमा किन हाम्रो थोपाको जति पनि योगदान हुन सकिरहेको छैन ?!

हामी यहाँ विज्ञान घोकाउने शिक्षक र घोक्ने विद्यार्थी मात्र भयौं शायद ।

यो भनाइसंग केही शिक्षक शिक्षार्थी विमत हुनुहोला । तर यथार्थको सक्छन् ? त्यसबाट व्यावहारिक लाभ कसरी उठाउने ? हाम्रो देशको विशिष्ठतामा त्यसलाई कसरी उपयोगी बनाउने ? आदि कुराहरू सधैं तपसिलमा रहँदै आएका छन् ।

यही कारणले १९८० मा अटोइन्जिनियरिङ्ग गरेको इन्जिनियर १९९५ को भेइकल (सवारी साधन) देखेर अचम्भित हुन्छ र पुनः नयाँ कोर्स गर्नु पर्ने महसुस गर्दछ !

के छन् हाम्रा गडबडीहरू ? यसतर्फ विज्ञान अध्ययन अध्यापनसंग संबन्धित निकायहरू कत्ति सरोकार राख्छन् ? यी अनुभूतिहरूलाई पाठ्यक्रममा कसरी व्यवस्थित गरिएको छ ? यदि आज नै हिजोको सिंहावलोकन गरिहाल्ने समय हो भने परिणामले साबित गरी सकेको छ- हाम्रो हिजो निस्फल प्रायः थियो ।

विश्वविद्यालय कति सफल छ ? अरू खोजी गरिनु पर्दछ । तर हाइस्कूल-विज्ञानमा समावेश गरिएका मानविकी/वाणिज्य/कानून संकायका स्नातक-स्नातकोत्तरलाई सोध्नुहोस्- "प्राणीहरूले श्वासप्रश्वास क्रियामा कुन हावा भित्र तान्दछन् र कुन बाहिर छोड्दछन् ?" यसको उत्तर हुनेछ- क्रमशः अक्सिजन र कार्वनडाईअक्साइड ।

त्यसपछि फेरि प्रश्न गर्नुहोस्- 'वनस्पतिले नि ?' उत्तर हुनेछ- ठीक उल्टो अर्थात् कार्वनडाईअक्साइड र अक्सिजन ।

हाय ! हामीले पढेको विज्ञानले हाम्रा ग्रेजुएट, पोष्ट ग्रेजुएटहरूलाई वनस्पतिले पनि श्वास प्रश्वासमा प्राणीले जस्तै अक्सिजन लिन्छन् र कार्वनडाईअक्साइड छोड्दछन् भन्ने कुरामा विश्वस्त पार्न सकेन ।

विज्ञान विषयको मूल्याङ्कन प्रक्रिया नै हेर्नुहोस् न ! पाठ्यपुस्तकमा प्रयोगात्मक विधिलाई प्राथमिकता दिने आग्रह हुन्छ तर एस.एल.सी. मा प्रश्न सोधिन्छ सैद्धान्तिक ।

हामी पछौटे रहीरहनको निम्ति विज्ञानको यस्तै अध्ययन-अध्यापन सोचिएको छैन ?

नत्र हाम्रो जस्तो मुलुकको विज्ञान-पाठ्यक्रममा लालटिन, पेट्रोमेक्स, स्टोभ, टर्चलाइट, रेडियो, घडी, लाइटर आदि मर्मत संभार संबन्धी जनजीवन उपयोगी सामग्री किन समावेश गरिन्नन् ? रासायनिक मलको महङ्गी र अभाव, किटनाशकको अविश्वसनीयता तथा पर-निर्भरता जस्ता समस्याबाट नेपाली किसानलाई राहत दिलाउन स्थानीय उपलब्ध पदार्थहरूबाटै सरल विकल्प दिनतर्फ किन उत्प्रेरित गरिन्न ? विज्ञान शिक्षणमा फलफूल जगेर्ना तथा प्रशोधन र उपयोग, जमीनको उर्वरत्व अभिवृद्धि तथा संरक्षण, घुम्ती/मिश्रितबाली, बाली सर्वेक्षण, नश्ल सुधार, दूध उत्पादन, प्रशोधन, पशुरोग पहिचान र उपचार, पारीवारिक स्वास्थ्य-सफाइ जस्ता अत्यन्तै जीवनोपयोगी विषयहरूमा विशेष जोड दिएर देशको तत्कालीन आवश्यकता पूर्ति गर्नेतिर हामीले सोच्नु पर्दैन ? न्यून रूपमै भएपनि



(लेखक)

**लोकसेवा दिइरहेको स्नातक/स्नातकोत्तर सफलताको निम्ति दक्षिणकाली भाक्दछ !**

प्रतिधिल्वि एउटा सानो प्रयोगशाला भएका केही विद्यालय/क्याम्पस र त्यहाँका सीमित शिक्षक-विद्यार्थीहरूले गर्दैनन् । छाना, फर्निचर्स, कालोपाटी नभएका यो देशका अधिकांश विद्यालयहरूमा विज्ञान सामग्रीको व्यवस्था के होला ? सहजै सोच्न सकिन्छ ।

केही विद्यालयहरूमा प्रत्येक वर्ष विज्ञान शिक्षण क्रममा एक डेढ दर्जन प्रदर्शन विधि प्रयोग हुन्छन् र क्याम्पसहरूमा युगौं पुराना सानातिना प्रयोग दोहोऱ्याइन्छन्- प्राक्टिकलको नाममा ।

शंखेकिरा पचासौं व्याचले चिरे तर कुनै समूहले अक्टुपस वा स्क्वीड चिरेन । क्या अनुशासित हामी ! अगुवाहरूका पदचिन्हहरू छोडिएला भनेर हामी त्रसित छौं । यसरी हज्जारौं विद्यार्थीहरू विज्ञानका स्नातक बन्दछन्, फगत अरूले गरेका प्रयोग दोहोऱ्याएर । बनीबनाउ सूत्रहरू कण्ठाग्र गरेर, वैज्ञानिक र तिनका आविष्कारहरूको तिथि मिति टिपोट गरिएको सजीव डायरी जस्तो भएर । परंपरागत ब्राम्हणले अर्थको सुझबुझबिना वेदका ऋचाहरू बाँचे जस्तै हाम्रा विज्ञान स्नातकहरूलाई केही सूत्रहरू- केही परिभाषाहरू, केही प्रयोगहरू, केही साखिकीहरू निरन्तरको अभ्यासको कारण खरर आउँछ- बस् ! ती सूत्रहरूको अन्य प्रयोग के हुन सक्छ ? त्यसका डिराइभ्स कति हुन पाठ्य सामग्रीहरू प्राय; ज्ञान वा जानकारी (Knowledge) विधाका छन् । यो पाठ्यक्रमका अनुयायीहरूमा वैज्ञानिक धारणा विकसित हुने संभावना अत्यन्त कम छ । ढुङ्गा, कागज, धातु आदि वस्तुहरू निर्जीव हुन्, यिनमा जीवन प्रक्रिया हुँदैन । कुनै क्रियालाई अनुभूतिसाथ प्रतिक्रिया गर्ने चेतनाविहीन हुनाले यिनीहरू सक्दैनन् भनेर सजीव निर्जीवको भिन्नता राम्ररी भन्न र लेख्न सक्ने प्रथम श्रेणीमा उत्तीर्ण हुने अपेक्षा गरिएको विद्यार्थी परीक्षा दिन जानुअघि, परीक्षा दिइसकेपछि सफलताको निम्ति तिनै ढुङ्गा, धातु कागज काठ अगाडि हात जोड्दै प्रार्थना गरिरहेको हुन्छ । लोकसेवा दिइरहेको विज्ञानको स्नातक/स्नातकोत्तर सफलताको निम्ति दक्षिणकाली भाक्दछ !

यी घटनाहरूले के सिद्ध गर्दछन् ? के विज्ञान यस्तै नागरिक उत्पादनको लक्ष्य राख्दछ ? यसैलाई वैज्ञानिक धारणाको विकास भएको भनेर मान्ने ? यस्ता 'विज्ञानविज्ञ'हरू अघि लागुन्जेल र गुरू बनुन्जेल अनुयायीहरू/चेलाहरूले गुणात्मक फड्को मार्ने संभावना छैनभन्दा पनि हुन्छ ।

आजसम्म हाम्रो र हाम्रो जस्तै पछौटे मुलुकमा विज्ञान एउटा परंपरागत शास्त्र वा दन्त्यकथाका रूपमा पढाइने-पढिने गरिँदैछ । यो केवल पढ्न र उत्तर लेख्नको निमित्त हो, यसको उपयोग दैनिक जीवनमा संभव छैन भन्ने ढङ्गले विज्ञानलाई बुझाउने कार्य भइरहेको छ । कक्षा १० सम्म विज्ञान पढेको जिम्मेवार छ । शहरी क्षेत्रमा रूपैयाँ प्रशस्त भएका अभिजात वर्गले आधुनिक वैज्ञानिक उपकरण खरिद गरी क्याटलग हेरेर वा 'प्रयत्न र भूल' द्वारा यान्त्रिक ढङ्गले संचालन र प्रयोग गर्न सकेका छन् भनेर हामी उन्नत भएका छौं भन्ने ठान्नु बेकार छ । लक्ष्मी पूजाको दिन टेलिभिजन र मोटर समेत पूजा गर्ने, प्लेन चढ्दा दुर्घटना नहोस् भनी इष्टदेवता पुकार गर्ने गरेकैबाट पोल खुल्दछ - ऊ विज्ञान र प्रविधिलाई कसरी आत्मसात गरिरहेछ ?

विज्ञान जबसम्म मानिसको दैनिक जीवनमा व्यवहार सहयोगी बनेर प्रवेश गर्दैन, तबसम्म यो शास्त्रीय परिधिभित्रै रहने छ । हाम्रा पाठ्यक्रम निर्माताहरू अन्तरमनले विज्ञानको उज्यालो समाजमा फैलिएको देख्न चाहन्नन् कि भनेर शंका गर्नुपर्ने स्थिति छ । यहाँका शासक-प्रशासकहरूलाई रक्षा गरिरहेको पुरातनताको जीर्ण महल विज्ञानको प्रखर उपस्थितिले गर्ल्यामगुर्लुम ढल्न सक्दछ र परिवर्तन उनीहरूको हितविरूद्ध जानेछ भन्ने ढङ्गले त कतै बेरोजगारी समस्या हल गर्ने, जनताको जीवनस्तर उठाउँदै देशको आर्थिक विकासमा कमसेकम टेवा पुऱ्याउने कार्य गर्दै जनजीवनमा विज्ञानलाई स्वीकार्य र सहयोगी बनाउन प्रयत्न गरिहाल्नु पर्ने होइन र ?

यसको निम्ति माथि उल्लेखित विषयहरूलाई कक्षा ६ र ७ मा २०० र ८, ९ र १० मा ३५० देखि ४०० पूर्णाङ्कसम्म राखी अन्य विषयहरू कटौती गर्ने वा न्यून पूर्णाङ्कमा परिचयात्मक ढङ्गले मात्र समावेश गर्न कसो होला ? यदि यसो गर्ने हो भने दैनिक जीवनमा आइपर्ने समस्याहरू नै विद्यार्थीहरूका निम्ति वास्तविक प्रयोगशाला हुनेछन् र अभिभावक वर्गहरू पनि शिक्षामा गरिएको लगानी सार्थक भएको अनुभूति गर्नेछन् । अन्यथा, विज्ञान एक नयाँ अन्धविश्वास मात्र बन्न पुग्नेछ- विगतका समयहरूमा जस्तै । यसतर्फ विज्ञान र प्रविधि विधामा कार्यरत विद्वानहरू र पाठ्यक्रम निर्माताहरूको ध्यानाकर्षण गरानु असान्दर्भिक नहोला ! ❑

*विजया दशमी र शुभ-दिपावलीको शुभ उपलक्ष्यमा नेपाली जनताको उत्तरोत्तर प्रगति र सम्वृद्धिको मंगलमय शुभकामना व्यक्त गर्दछौं ।*

मेयर, बेलप्रसाद श्रेष्ठ तथा

**धुलीखेल नगरपालिका परिवार**



# महाकवि देवकोटालाई कसरी हेर्ने ?

## वैचारिक विकासको सन्दर्भमा लक्ष्मीप्रसाद देवकोटा

-मोदनाथ प्रश्रित

**दन्त्य कथाका देवकोटा**

**देवकोटा जयन्तीको सन्दर्भमा**

नेपाली साहित्यका धेरै नै पाठक र श्रोताहरूलाई आज पनि लक्ष्मीप्रसाद देवकोटा कुनै दन्त्यकथाका नायक झैं अलौकिक र रहस्यमय लाग्दछन् । वास्तवमा देवकोटा दन्त्यकथाकै युगमा जन्मे र सपना जस्तै अनौठा र रमाइला दन्त्यकथामा रमाउँदै उनको किशोर उमेर बित्यो । कलिलो दिमागमा परेको त्यस बाल-मनोवैज्ञानिक प्रभावले उनको जीवनलाई बढी भावनामय र सम्वेदनशील पार्न निश्चय नै केही न केही असर गरेको हुनु पर्दछ, तर त्यसभन्दा बढी उनलाई कथामय र रहस्यमय बनाई प्रचार गर्ने काम त उनका साथी, आफन्त, पाठक, श्रोता र आलोचकहरूले नै गरेका छन् ।

ऐतिहासिक रूपले नेपाली साहित्यको चिन्तन-धाराले दन्त्यकथाको युग नाघेको चालीस-पचास वर्ष भयो, तर सैकडौं वर्षदेखि रहस्यमय अध्यात्मवादी दर्शनबाट प्रभावित नेपाली जन-जीवनको ठूलो भाग आज पनि दन्त्यकथाको चेतनाबाट मुक्त हुनसकेको छैन । कवि, शासक, जोगी, विद्वान, नेता आदिलाई अलौकिक पुरूष, दैवी अवतार या कुनै न कुनै रूपको अतिमानव सम्झने धारणा अशिक्षित जनतामा मात्र हैन, शिक्षितहरूमा पनि अझ मनग्गे बाँकी छ । पहिलेको तुलनामा नेपालमा शिक्षा र राजनीतिक चेतनाको प्रसार बढेकोले निश्चय नै त्यस धारणाको ह्रास हुँदै गएको छ तर वर्तमान शिक्षा-प्रणालीको चरित्र अझ पनि अर्ध सामन्ती र अर्ध उपनिवेशी नै रहेको हुँदा त्यसले द्वन्दात्मक भौतिकवादी वैज्ञानिक चिन्तनपद्धतिलाई अघि बढ्न दिइरहेको छैन । त्यसले सामन्ती र औपनिवेशिक स्वार्थअनुरूप अर्ध-दैवी र अर्ध-यान्त्रिक भौतिकवादी चिन्तनधाराको प्रचार गरिरहेको छ । त्यसैले गर्दा नेपालमा तयार भएको बौद्धिक जमातको ठूलो संख्या पनि त्यसै अनुरूपको चेतना लिएर हुर्केको छ । भारतीय शिक्षा प्रणालीको पनि स्थिति यही नै भएको हुँदा त्यहाँ गएर पढ्ने हजारौं नेपालीहरूको स्थिति पनि उस्तै छ । पढाईको निमित्त भारतदेखि बाहिर पुग्नसक्नेहरू तल्लो वर्गका हुँदैनन् र ती मध्ये अधिकांश अन्यत्र पनि पूँजीवादी, साम्राज्यवादी या संशोधनवादी मुलुकमा नै जान्छन् र त्यहाँ पनि त्यस्तै शिक्षा पाउँछन् । त्यसरी पढ्न जाने माथिल्लो वर्गका शिक्षितहरू कथित विज्ञानको नाममा चाहे जेसुकै पढेर आए पनि आफ्नो वर्गको स्वार्थलाई हेरी विज्ञान विरोधी कुराकै प्रचारमा जुट्दछन् । यसमा थोरै फरक समाजवादी देशहरूमा पढेर फर्कनेहरूको सानो संख्याको पनि आंशिक भागमा देखिन्छ । यस्तो स्थितिले गर्दा नेपालमा वैज्ञानिक चिन्तनको प्रचार राजनीतिक र साहित्यिक क्षेत्रका सीमित प्रगतिशील तत्वहरू र केही व्यक्तिगत चिन्तकहरूको प्रयासमा मात्र सीमित रहेको छ । फलतः जनमानसको ठूलो भागमा सामन्ती, पूँजीवादी, साम्राज्यवादी र संशोधनवादी संस्थाका पण्डितहरूकै प्रभाव रहिआएको छ । आज पनि सामन्ती विद्वानहरू अद्वैत विश्व विद्यालय, साइबाबा, बाल योगेश्वर, आचार्य रजनीश आदि जस्ता संस्था, सम्प्रदाय र व्यक्तिको माध्यमबाट रहस्यवादको जाल बुनी नै रहेका छन् । पूँजीवादी साम्राज्यवादी विद्वानहरू पनि फ्रायडवाद, अस्तित्ववाद र बुद्धिवाददेखि लिएर हिप्पीवादसम्मका पश्चिमी पूँजीवादी विकृतिहरू नेपालमा भित्र्याएर नयाँ खाले अन्धविश्वास र रहस्यवादको भरमार प्रचार-प्रसार गर्दैछन् । त्यसरी नै संशोधनवादीहरू द्वन्दात्मक भौतिकवादी विज्ञानविरोधी कुराका तानाबाना फैलाउँदैछन् । यी तीनै थरीको ध्येय वैज्ञानिक भौतिकवाद र समाजवादी आदर्शवादलाई धमिल्याउने र शोषित जनतालाई रनभुल्लमा पारिरहने प्रयास गर्नु हो । त्यसैले नै यिनीहरू र यिनका प्रतिनिधि समालोचकहरू देवकोटा या अरू कुनै पनि व्यक्ति, कृति र विषयवस्तुलाई रहस्यवादी जालमा तुनेर-बुनेर जटिल र 'अलौकिक' तुल्याउने प्रयास गर्दछन् ।

सामन्ती र पूँजीवादी समीक्षकहरू मानिसको विचारधारालाई सामाजिक वस्तुस्थितिको विकासको ऐतिहासिक सन्दर्भमा नहेरी दैवीलीला र अतिमानवी दिमागी चमत्कारको रूपमा मात्र हेर्दछन् । त्यसैले उनीहरू मानिसका संवेग, भावना, विचार र स्वभावहरूको निर्माणमा र तिनको परस्पर भिन्नता हुनुमा कुन कुन भौतिक नियमहरूले काम गर्दछन्, यसको सही विवेचना गर्न सक्तैनन् । सामाजिक वस्तुस्थिति र मानिसका विचार एवं स्वभावलाई एक-अर्कासित गाँसेर नहेर्ने यसै गलत पद्धतिले गर्दा समाजको फेरिएको परिस्थिति अनुसार आउने नयाँ विचारधारालाई उनीहरू ऐतिहासिक आवश्यकताको रूपमा हैन, आकस्मिक संजोगको रूपमा लिन्छन् । संशोधनवादीहरूको दृष्टिकोण पनि एकपक्षीय र ऐतिहासिक भौतिकवादको विरूद्ध हुन्छ । नेपाली साहित्यमा आजसम्म प्रमुख रूपले छाएका यिनै गलत पद्धतिले गर्दा देवकोटा जस्ता व्यक्ति या त अलौकिक 'देवदूत' नै सम्झिन्छन्, या विचारको सिलसिला नभएका जटिल, सन्की या त दिमागी सनक चढेका लथालिङ्ग साहित्यिकको रूपमा मात्र चित्रित गरिन्छन्, अथवा उनको एक पक्षलाई मात्र बढाई-चढाई चित्रण गरिन्छ । यस खाले चित्रणको भुमरीमा देवकोटा जत्तिको नचाइएको अर्को व्यक्ति नेपाली साहित्यकारहरूमा छदैछैन भने पनि हुन्छ ।

नेपालको जुन ऐतिहासिक स्थिति र परिवेशमा देवकोटा जन्मे र हुर्के, त्यसका साथसाथै गाँसेर उनलाई हेर्ने हो भने न त उनी कुनै 'अलौकिक पुरुष' नै सावित हुन्छन्, न त जटिल, लथालिङ्ग या रहस्यमय नै लाग्दछन् । उनी मध्ययुगीन बर्बर सामन्ती राणातन्त्रको मध्यान्हमा जन्मेका थिए (जन्मतिथि २७ कार्तिक, १९६६ वि.सं.) । तर उनको तन्नेरी र प्रौढ उमेरको नेपाल राजनीतिक उथल-पुथल र वर्गसंघर्षको नेपाल थियो । नेपालमा सैकडौं वर्षदेखि चलिआएको दास र भूदास प्रथामा आधारित सामन्ती व्यवस्थाका विरूद्ध पूँजीवादी र समाजवादी विचारधाराहरू उठ्दै गएका थिए । अर्कातिर, संसार पूँजीवादी युगलाई समेत नाघेर समाजवादी युगमा लम्कँदोथियो । नेपालका उत्तर र दक्षिणका दुई ठूला देशहरूमा परिवर्तनको आँधि उठिरहेको थियो । कहिल्यै घाम नअस्ताउने साम्राज्यवादका अङ्ग-प्रत्यङ्गहरूमा धमाधम घाम अस्ताइरहेको थियो । यो सबै बाहिरी वातावरणले नेपालको भित्री द्वन्दलाई चर्काउन मनग्गे

सहायता पुऱ्याइरहेको थियो । यसै नयाँ खलबलीले देवकोटाका पहिलो उमेरका आध्यात्मिक र दन्त्यकथाका मान्यताहरू डग्मगाएका थिए र उनी सुधारवादको बाटो हुँदै पूँजीवादी प्रजातन्त्रतिर झुकेका थिए । उनको ४२ वर्षको उमेरमा २००७ को जनसंघर्षको बिस्फोट भएको थियो । त्यस बिस्फोटमा विश्व स्तरमा नै पक्षाघात हुँदैगएको पूँजीवादी प्रजातन्त्रले नेपालमा पनि आफ्नो लँगडोपन र प्रतिक्रियावादी स्वरूप सबका सामु देखाएको थियो । उसले सामन्तवाद र उपनिवेशवादको सेवा र सहारामा हिंड्ने अन्धा र लँगडाको मितेरी गाँठो दिल्लीमा पुगेर कसेको थियो । क्रान्तिको नाममा प्रतिक्रियावादी नेतृत्वको त्यो क्रान्तिविरोधी चरित्र र प्रजातन्त्रको नाममा जनद्रोही मनपरी तन्त्र देख्दा देवकोटाको तात्कालीन आदर्श पनि धर्मराएको थियो र त्यसपछि नेपालका जनआन्दोलन र समाजवादी मुलुकहरूको अध्ययन भ्रमणले उनलाई नयाँ जनवादी र समाजवादी आदर्शतिर ढल्काउँदै लगेका थिए । तर यसैबीच, नेपालको श्रमिक वर्गको दर्शन र राजनीतिमा शुरूदेखि नै छद्म रूपले लुकेर बसेको दक्षिणपन्थी विचार र नेतृत्व नाङ्गिंदै जाँदा जनताका बीच उठेको वर्ग संघर्षको धार कुल्चिदैगयो, जसले गर्दा देवकोटा जस्ता बुद्धिजीवीहरूलाई त्यस आदर्शको गहिराइसम्म पुग्ने प्रेरणाको राष्ट्रिय आधार मिल्न सकेन । उनले संगठित, अनुशासित क्रान्तिकारी लेखकको रूपमा अघि बढ्ने अवसर कहिल्यै पाएनन् । अर्कातिर, प्रतिक्रियावादी वर्गहरूको साँठगाँठ र दवाब अनि साह्रै नै बिग्रेको स्वास्थ्यले पनि समय समयमा देवकोटालाई मध्यमवर्गीय विचलनको स्थितिमा पुऱ्याउँदै रहे । यसै पृष्ठभूमिको सन्दर्भमा राखेर देवकोटाको वैचारिक परिवर्तनशील अवस्थाको क्रमबद्ध अध्ययन गर्न सकिन्छ र त्यसै सन्दर्भमा उनको मानसिक स्थितिको उकाली ओराली खोजेमा उनको अति भावुकता, कथित सन्कीपन या लथालिङ्ग अवस्थाको वास्तविकता बुझ्न सकिन्छ ।

यसरी हेर्दा, वैचारिक दृष्टिले देवकोटा क्रमशः सामन्ती, पूँजीवादी र समाजवादी धारणामा फेरिंदै गएको सिलसिला स्पष्ट रूपले देखिन्छ । तर माथि भने झैं उनको जीवनभरि नै नेपालको राजनीतिले वर्ग संघर्षको सर्वोच्च रूप लिन नसकेको र अवसरवादी तत्वहरूको भद्रगोलपूर्ण स्थितिले गर्दा सामाजिक वर्ग सम्बन्धहरू गुजुल्टिएर जटिल हुँदै गएकाले देवकोटाले पनि आफ्नो प्रतिभालाई क्रान्तिकारी विचारको ध्रुवमा केन्द्रित गरी त्यस जटिलतालाई पूरा भेदन गरेर अघि बढ्न सकेनन् । बरू उनको दार्शनिक चिन्तन जहिले पनि छिपछिपे र भावुकताकै सेरोफेरोभित्र घुम्दै गुजुल्टिंदै रह्यो । उनी घटनाक्रमका प्रवाहहरूमा भावनाका छाल बनेर उचालिंदै र पछारिंदै रहे ।

देवकोटाको निजी स्वभाव तर्कशील र दार्शनिक प्रकृतिको भन्दा बढी सम्वेदनशील र भावुक प्रकृतिको थियो । आफ्नो अगाडि घटेका कुनै पनि घटनाले उनको 'सम्वेदन-केन्द्रलाई जति असर गरेको देखिन्छ, त्यसको आधा पनि तर्क-केन्द्रलाई गरेको देखिन्न । कुनै पनि दुःखको घटना घट्यो भने उनी पूरै रन्थनिन्छन् । सुखको घटनामा त्यत्तिकै हस्कन्छन् । अर्थात् उनी आफ्नो अगाडि घटेका प्रत्येक घटनाका कारण र नियमहरूको विवेचना गरेर निष्कर्ष निकाली बस्तुतथ्यको अडान लिनुभन्दा घटनाकै भेलमा हेलिएर अतासिंदै डुबुल्की मारिरहेका देखिन्छन् । त्यस भेलभित्र झिरेली खेलुन्ज्याल उनी त्यसबारे तर्क गर्न सक्तनैनन् । जब भेलले हुत्याएर एउटा किनारामा पछाँकिदिन्छ, उनी बगरको माछो झै छट्पटाएर रन्थनिंदै अर्को नयाँ विचारको भेल खोज्न थाल्छन् । यो कुरा उनको जीवनका दुई महत्वपूर्ण संक्रमण काल (१) १९९७ को शहीद काण्ड पछि २००४ मा राष्ट्रिय कांग्रेसमा सम्मिलित हुने पृष्ठभूमिसम्म र (२) २००७ को दिल्ली सम्झौताको धोका पछि २०१० मा समाजवादी विचारतिर संक्रमणको समयसम्ममा र अरू घटनाहरूमा पनि टड्कारोसंग देख्न सकिन्छ । त्यसैले उनी आफ्नो समयका विशिष्ट साहित्यिक साथीहरूमा भावुक कल्पनाको दौडाइमा खरायो गतिले सबभन्दा अगाडि र दार्शनिक गतिमा कछुवा गतिले झनै सबैभन्दा पछि परेका देखिन्छन् । तर अरू दार्शनिक खरायाहरू थाक्दै, पछारिंदै या पछि फर्कंदै जान्छन् भने देवकोटा चाहिं कछुवै गतिले सही लगातार अगाडि बढिरहन्छन् । आफ्नो अगाडि घटेका घटनाहरूलाई भावुक अनुभवले भ्वाप्प पक्डेर कल्पनाका बुट्टा भरी साहित्यिक सामान उत्पादन गर्न उनलाई कुनै समकालीनले भेट्टाउन सकेन । तर घटनाहरूको विश्लेषणमा दार्शनिक पकडको दृष्टिले उनले ३८ वर्षको उमेरपछि मात्र परम्परावादी धारणा तोड्नसके ।

साहित्यिक र व्यावहारिक जीवनमा देवकोटाका आफ्नै खालका अनेकौं विशेषताहरू थिए । उनका समग्र जीवनको बानीबेहोरा र घटना-दुर्घटनाहरूका सरसरी तस्वीर उतार्ने हो भने त्यो स्वयं नै एक अत्यन्त रोमान्चकारी उपन्यास बन्न सक्तछ । कलात्मक सिर्जनाको असीम प्रतिभा; सरल र मिलनसार बानी; सबै वर्गसंग घुलमिल भएर हिंड्ने मध्यम वर्गीय उदार आदत; भोलिको निम्ति सन्चय नगर्ने फाङ्फुङे फकीरीपन; अनेकौं भाषाको ज्ञान; मोहनीलाग्दो भाषण-शक्ति; आदर्शवादी स्वाभिमान; सीमा नाघिरहने भावुकता र सम्वेदनशीलता; घटना र दुर्घटनाले भरिएको, मन्त्रीदेखि ढाक्रेसम्मको जीवनक्रम आदि आदि तमाम कुराले देवकोटा साहित्यको क्षेत्रमा मात्र हैन, अरू अनेकौं क्षेत्रमा पनि बिपत्तैसित चर्चित र जनप्रिय व्यक्ति बने । हुन पनि देवकोटा जीवनमा के के बनेनन् ? विद्यार्थी, वकील, ट्यूशनजीवी, जागिरे, लेखक, प्राध्यापक, सरकारी सल्लाहकार, मन्त्री र एकेडेमीका सदस्य । परम्परावादी, पूँजीवादी, मार्क्सवादका समर्थक, आस्तिक, नास्तिक, वेदान्ती, प्रगतिवादी । अनि जुद्ध समसेरका डायरी लेखक, निर्वासित क्रान्तिकारी, राणा समक्ष आत्मसमर्पणवादी, दिल्ली सम्झौताका विरोधी, माओका प्रशंसक । अनि साहित्यका विधाहरूमा- कवि, गीतकार, कथाकार, नाटककार, उपन्यासकार, निबन्धकार, समालोचक, पत्रकार, अनुवादक आदि । कहिले पुत्रशोकले रोइरहेका, छोरीको विहे खर्चले तड्पिरहेका, दालभात डुकूले पोलिरहेका, सिगरेटको निम्ति हात पसारिरहेका, राँचीको अस्पताल भोगेका, क्यान्सरले छट्पटाइरहेका, ठीकसित उपचार हुन नपाएर अफन्नाइरहेका, आउने साथीसित विष मागिरहेका र अर्कातिर हातमा पैसा पर्दा साथीहरूलाई भोजमा जुटाइरहेका । यस्तै यस्तै उनले भोगेका र गरेका घटना र कामको सूचि बनाउने हो भने सानो पुस्तिका नै बन्नेछ ।

कमाइको दृष्टिले देवकोटाले जीवनमा ट्यूशन, जागीर, रायल्टी, सहयोग र पुरस्कार आदिबाट कम्तीमा असी हजार रूपियाँ हात पारेका थिए । (यो आँकडा नित्यराज पाण्डेद्वारा लिखित देवकोटाको जीवनी र अरू स्रोतहरूको आधारमा जोडिएको हो- ले.) २०१६ साल पूर्वको नेपालमा एउटा मध्यमवर्गीय मान्छेले कमाउने यो धनराशी सानो हैन । मितव्ययी र व्यवसायी मान्छे भएको भए त्यस कमाइले नै उनी जीवनमा राम्ररी गुजारा गरेर बस्नसक्थे । तर उनी जस्ता फकीरको निम्ति भने त्यति त के अमेरिकी सेठ रक-फेलरको भण्डारै टकारिदिए पनि पाँच वर्षभन्दा उता शायदै लाग्नसक्थ्यो होला ! जे होस्, देवकोटाका यी तमाम विशेषताहरूले उनलाई अत्यधिक चर्चित र विवादग्रस्त व्यक्ति बनाइदिए । राष्ट्रिय क्षेत्रमा भानुभक्तपछि उनी जत्तिको चर्चित साहित्यिक व्यक्ति अरू कुनै भएन र अन्तर्राष्ट्रिय ख्यातिमा त उनलाई आजसम्म अर्को कुनै साहित्यकारले भेटेको छैन ।

देवकोटाका यी समग्र विशेषताले भरिएका व्यक्तित्व र कृतित्वको क्रमबद्ध विश्लेषण हुन नसकेको हुनाले नै उनलाई धेरै नेपालीहरूले बुझिनसक्नु व्यक्तित्व ठानेर सही देवकोटाभन्दा भिन्नै खालका 'अलौकिक' देवकोटाका रूपमा चिन्ने गरेका हुन् । तर अब नेपाली



**देवकोटा आफ्नो समयका विशिष्ट साहित्यिक साथीहरुमा भावुक कल्पनाको दौडाइमा खरायो गतिले सबभन्दा अगाडि र दार्शनिक गतिमा कछुवा गतिले झनै सबैभन्दा पछि परेका देखिन्छन्**



# क. माओ त्से तुङ्ग

– महाकवि
लक्ष्मीप्रसाद देवकोटा

**मैले पूर्वका विशाल निर्माणकर्तालाई देखेको छु**
**एक बलियो र मुसुमुसु हाँसीरहेको मान्छे**
**जसका आँखाहरु सूक्ष्मदर्शी छन् ।**
**सामान्य मानिसहरु भन्दा उसले बढी**
**पृथ्वी र आकाश ढाक्नै पर्ने हो,**
**(उसबाट अनन्त महानता प्रकट भइरहेको छ)**
**र उसभित्र रहेको यो महानतालाई उसले**
**कमसेकम मात्रामा मात्र देखाएको छ ।**
**उसले कल्पनालाई आफ्नो वशमा पारेको छ**
**उसको प्रतिष्ठा र गहनताले मलाई जसरी प्रभावित पाऱ्यो**
**त्यसरी यसअघि कसैले पनि पार्न सकेको थिएन ।**
**एउटा शान्त मानवीय गौरव उसको उपस्थितिबाट प्रस्फुटित भइरहेको थियो**
**लाखौं करोडौंको आवाजबाट उसले बोलेको छ कुनै महासागरको गर्जन झैं**
**र त्यस अक्टोबर दिवसमा एउटा गहिरो क्रान्तिकारी खैलाबैला छाएको थियो**
**जुन दिन मुक्तिले आफ्नो शरीरलाई बाँध्ने सिक्रीहरु**
**चुँडालेर छ्यान्नव्यान्न पार्दै**
**जाग्रत पूर्वलाई उभिने र आनन्दोत्सव मनाउने आव्हान गरिन् ।**
**आफ्नै संघर्षहरु र अनुभवहरुबाट शिक्षित-दीक्षित भएको ऊ शक्तिरुप हो ।**
**पृथ्वीको ज्योति धमिलिदै फुस्रिदै गएको बेला**
**महान उच्चताको शान्त वातावरणमा सूर्य किरणलाई प्रतिबिम्बित गर्ने**
**एक पर्वत शिखर ।**

स्रोत: 'जस्केलो' दोस्रो अंक

साहित्यमा यथार्थवादी समीक्षापद्धतिको क्रमशः विकास हुन थालेको छ र यसले विषयवस्तुको सही-सही विवेचन गर्ने वैज्ञानिक पद्धति हुर्केर जानेछ । यसै पद्धतिले नै देवकोटालाई जस्ताको तस्ता देवकोटाको रूपमा चिनाउन सक्नेछ ।

देवकोटाको क्रमबद्ध अध्ययन हुन नसकेको हुनाले र उनका रचनामा सबै वर्ग र विचारका मानिसहरूका निम्ति उपयोगी उद्धरण पाइने हुनाले सबै वर्गका बुद्धिजीवीहरूले उनलाई समालोचनाको क्षेत्रबाट आफ्नै पक्षको साहित्यकार सिद्ध गर्ने प्रयास गर्दै आएका छन् । हुन पनि दन्त्यकथाका नायक बनाइएका यी महान् कलाकारको साहित्यिक भण्डार पनि दन्त्यकथाकै 'मनचिन्ते झोली' जस्तै भएको छ । सामन्ती विचारकहरू केही उद्धरण टिपी उनलाई अध्यात्मवादी दर्शनदेखि एक पाइला अघि बढेको साबित गर्न खुरी खेल्दैछन् । त्यसरी नै पूँजीवादीहरू उनलाई पूँजीवादी प्रजातन्त्रको घेराभित्र थुन्न र साम्यवाद विरोधी सिद्ध गर्न धमर्धुस गर्दैछन् भने समाजवादी-जनवादीहरू उनलाई शुरूदेखि नै भौतिकवादी भएको प्रमाणित गर्न कम्मर कस्दैछन् । यसको केही उदाहरण हेरौं-

संस्कृत साहित्यका विद्वान् तथा वर्तमान (तात्कालीन-मूल्याङ्कन) 'राजकीय प्रज्ञा प्रतिष्ठान' का सदस्य प्रा. चूडानाथ भट्टराय देवकोटालाई अध्यात्मवादी दर्शनदेखि एक इन्ची पनि पर नहटेको ठोकुवा गर्दै भन्दछन्-

**"लक्ष्मीप्रसादको बारेमा उनको कुन दर्शनमा विश्वास थियो भन्ने प्रश्नै उठ्दैन । किनभने संशय नभई अनुमानको आवश्यकता नै पर्दैन । यिनले भौतिकवादी या जडवादी पक्षलाई लिएर कुनै विचार नै प्रस्तुत गरेको पाइँदैन । उनी कल्पना जगतमा पनि अध्यात्मवादको मर्यादाभित्रै रहन्छन् । ...... उनी अध्यात्मवादीका साथै ईश्वरको अस्तित्वका समर्थक छन् । उनी खानापानीमा स्वतन्त्र थिए तर विचारमा होइन । जातिपाति, मूर्तिपूजा इत्यादिको कहीं उनले आक्षेप गरे भनेर उनी नास्तिक हुँदैनन् भन्ने हामीले बुझिदिनु पर्छ ।"**

*('देवकोटा र पूर्वीय दर्शन', 'भानु' (देवकोटा-विशेषाङ्क) पृष्ठ १७९-१८०)*

भट्टरायको यस भनाइको आशय स्पष्ट छ । उनी देवकोटालाई सामन्त वर्गको मात्र बफादार लेखक सिद्ध गर्ने ढिठ्याइँ गर्दछन् । उनले देवकोटाका अरू क्रान्तिकारी पक्षहरूमाथि बिलकुलै पर्दा लाइदिन खोजेका छन् ।

अंग्रेजी साहित्यका पण्डित र पश्चिमी पूँजीवादी समीक्षा-पद्धति अँगालेका समालोचक डा. ईश्वर बराल देवकोटालाई पूँजीवादी प्रजातन्त्रको घेराबन्दीभित्र मात्र राख्ने इरादा लिँदै उनले अरू सिद्धान्त अपनाउन खोजेका कुराको विरोध गर्दै लेख्दछन्-

**"उसताक (२००७ अघि- ले.) नेपालमा नागरिक स्वातन्त्र्य ठ्याम्मै थिएन । मौलिक अधिकार खोज्न जनता रौसिएको थियो । ......तिनताक काशीमा नेपाली राष्ट्रिय कांग्रेस नामक राजनीतिक संस्था स्थापित भएको थियो । देवकोटा त्यस संस्थामा काम गर्न भनी आए । ......२००७ को नेपाली कांग्रेसद्वारा संचालित क्रान्ति सफल भएपछि देवकोटाले युगौंदेखि आफ्नो अवरुद्ध द्वार खुलेको परिवेश पाए । ......तिनका मृत्युका आसन्न कालमा पनि राजनैतिक वातावरणलाई अस्वास्थ्यकर बनाउने केही व्यक्तिले धुत्न खोजे । देवकोटाले धेरै अघिदेखि ननिलेको कालकूट निल्नु पऱ्यो ।"**

*('झ्यालबाट', चौथो संस्करण पृष्ठ २०४-२०५)*

डा. बराल २००७ को धोकापूर्ण घटनाक्रममा देवकोटा सहभागी भएको र २००७ पछि उनको अवरुद्ध द्वार खुलेको देखाई उनलाई त्यहाँसम्म सही भएको र पछि नेपाली कांग्रेसप्रति उनले नकारात्मक रूप देखाई समाजवादतिर आकर्षित भएको कुरालाई कालकूट विष निल्नुसंग दाँज्दछन् । कालकूट निल्नुको अर्थ हो- मरेर जानु । ज्यूँदै मरेका कविको के महत्व ?

अर्कातिर, मार्क्सवादी समीक्षा-पद्धति अँगालेका समालोचक गोविन्द भट्ट देवकोटालाई शुरूदेखि नै भौतिकवादद्वारा बढी प्रभावित सिद्ध गर्ने प्रयासमा यसो लेख्दछन्-

**"लक्ष्मीप्रसादलाई अध्यात्मवादी र ईश्वरवादी भनेर केही लेखकहरुले आफ्नै पूर्वाग्रह देखाएका छन् । वास्तवमा हेर्ने हो भने, शुरुदेखि नै उनमा पारलौकिकवाद भन्दा लौकिकवादकै प्रभाव बढी पाइन्छ र भौतिकवादी दर्शनको प्रसस्त छाप पनि उनमा देखिएको छ ।"**

*('लक्ष्मीप्रसाद देवकोटामा क्रान्तिकारी प्रवृत्ति' 'भानु' (देवकोटा-विशेषाङ्क) पृष्ठ ३५९)*

समीक्षक भट्ट देवकोटामा शुरूदेखि नै लौकिकवादको बढी प्रभाव भएको कुरा लेखी अरूलाई पूर्वाग्रही भन्दाभन्दै स्वयं आफू पनि द्वन्दात्मक विकासक्रमको पद्धति बिर्सेर त्यसै पंक्तिमा पुग्न खोज्छन् ।

विभिन्न वर्ग-स्वार्थका प्रतिनिधि विद्वानहरूका उपर्युक्त धारणाबाट यस्तो लाग्दछ, मानौं, देवकोटालाई शुरूदेखि अन्त्यसम्म आफ्नै वर्गको प्रतिनिधि साबित नगरी आफ्नो वर्गस्वार्थ नै पूरा हुन सक्तैन । यो कुरा सही हो कि हरेक वर्गका सचेत प्रतिनिधिले कुनै पनि कुराको उद्धरण या उपयोग आफ्नै वर्गस्वार्थलाई हेरेर गर्दछ । तर यथार्थवादी जनवादी अर्थात् मार्क्सवादी दृष्टिकोण राख्ने समीक्षकहरूका निमित्त यस खाले खिंचातानीको कुनै आवश्यकता पर्दैन र यस्तो पद्धति अँगाल्दा मार्क्सवाद जस्तो वैज्ञानिक दर्शन छोडी दुराग्रहवादको भासमा डुब्न पुगिन्छ । कुनै पनि विषयवस्तुलाई शुरूदेखि अन्त्यसम्म र भित्रदेखि बाहिरसम्म सबै पक्षबाट राम्ररी जाँची, पूर्वाग्रह र एकल्काँटे प्रवृत्ति छाडेर उसैको ऐतिहासिक सन्दर्भमा राखेर मूल्यांकन गर्नु नै यथार्थवादी जनवादी समालोचन पद्धति हो । वास्तवमा समालोचना शब्दको अर्थ नै 'चारैतिरबाट राम्ररी निरीक्षण गर्नु' हो । कुनै पनि विषयवस्तुको एक पक्षलाई उपेक्षा गरी या कम महत्व दिई अर्को पक्षको मात्र मूल्याङ्कन गर्दा त्यसको वास्तविक मूल्याङ्कन हुन सक्तैन । बरू त्यसले एकल्काँटे र रूढीगत मान्यता नै स्थापित गर्दछ । यसैको नतीजा हो कि सबै पक्षका समीक्षकहरूले मूल्याङ्कन गर्दा पनि देवकोटाको अझै सही र वस्तुगत मूल्याङ्कन हुन सकेको छैन । बरू उल्टै, त्यसले देवकोटालाई अझ जटील, विवादास्पद र दन्त्यकथाकै पात्र बनाउन मद्दत पुगेको छ ।

कसैको कुनै पनि खालको तर्क र विश्लेषणले मूल वस्तुको गुणमा कुनै परिवर्तन आउँदैन । न त सामन्ती पक्षले देवकोटालाई पूरा अध्यात्मवादी भनेर हुकुम दिँदैमा उनी त्यत्तिमै टाँगिन सक्छन्, न त पूँजीवादी पक्षले आफ्नो पक्षमा उनलाई दर्ता गर्दैमा उनी त्यस खोरमा मात्र थुनिन्छन्, न त जनवादी पक्षले लालमोहर ठोक्दैमा उनी आद्योपान्त भौतिकवादी हुन सक्छन् । देवकोटा स्पष्टतः जीवनको पहिलो चरण (१९७७ वि. देखि २००३) सम्म सामन्ती पुनरुत्थानवादी छन्; दोस्रो चरण (२००४ देखि २०१०) मा पूँजीवादी प्रजातान्त्रिक मन्जिलमा उक्लेका छन् र तेस्रो र आखिरी चरण (२०१० पछि) मा समाजवादतिर उन्मुख हुँदै गएका छन् । उनको जीवनमा कुन कुन भौतिक परिस्थितिले यो क्रमिक परिवर्तन भयो, त्यसलाई परिमाणात्मक र गुणात्मक दुवै रूपले फेरिइरहेको नेपाल र विश्वको सन्दर्भमा राखेर मात्र विवेचना गर्न सकिन्छ । ...... ❑

***साभार: वैचारिक विकासको सन्दर्भमा लक्ष्मीप्रसाद देवकोटा, २०४२ बाट***

नेपाली रंगमंच क्षेत्रको हास्य-व्यंग्य विधामा स्थापित नयाँ पुस्ताका एक चर्चित कलाकार हुन्- मनोज गजुरेल । ताप्लेजुङ्ग जिल्लामा जन्मी आठ वर्षको उमेरमा झापा झरेताकादेखि नै बाख्रा-स्याल कराउने, साँपको आवाज निकाल्ने र ठट्यौला पाराका नाचगानमा सक्रिय रहने यी कलाकारले शुरु शुरुमा गाउँघरमा, त्यसपछि, अनेरास्ववियूका कार्यक्रमहरुका माध्यमबाट विद्यार्थी जमातमा र अहिले आएर रंगमञ्च र श्रव्य दृश्यका माध्यमहरुमार्फत् आम नेपाली जनताका बीचमा लोकप्रियता हासिल गरेका छन् ।

जन-आन्दोलन २०४६ सालमा काठमाडौं मैतीदेवीमा उनका दाजु केशव गजुरेललाई तिघ्रा तथा पिंडौलामा ३ ठाउँमा र उनी स्वयंलाई खुट्टामा गोली लागेको थियो । त्यतिखेर उनले करीब एक हप्ता अस्पतालमै बसी उपचार गराएका थिए । २०४७ मा 'सामना' परिवारका कलाकारहरुसंग काम गरेका मनोजले २०४८ पछि सो परिवार छाडी 'उपत्यका सांस्कृतिक परिवार'मा रही आफूलाई सक्रिय गराएका थिए । उनका चार वटा श्रव्य-क्यासेटहरु बजारमा निस्कीसकेका छन् । यस वर्षको गाइजात्रे हास्यव्यंग्य कार्यक्रममा उनी निकै चर्चित बने । यस पटक यहाँ हामी प्रस्तुत गर्दछौं- उनै मनोज गजुरेलसंगको कुराकानी ।

*-हरिगोविन्द लुईटेल*

# हास्य-व्यगय कलाकार मनोज गथजुरेल

# के गर्दैछन्, के सोच्दैछन् ?



फोटो: उषा

**यस वर्णको हास्य-व्यंग्य कार्यक्रममा तपाई निकै व्यस्त देखिनु हुन्थ्यो । कार्यक्रम कस्तो भयो ?**

- मैले गाईजात्राको अवसर पारेर एउटा क्यासेट एल्वम "उखरमाउलो" तयार गरी बजारमा ल्याएँ । यसबाहेक, काठमाडौंमा राष्ट्रिय सभागृहमा लगातार १० दिनसम्म चलेको स्टेज-कार्यक्रममा पनि भाग लिएँ । रंगमञ्च र श्रव्यदृश्यमार्फत् पोखरामा पनि...... ।

यी कामहरूका कारण म त्यतिखेर बढी व्यस्त हुनु स्वाभाविकै भयो ।

क्यासेटलाई स्रोताहरूले मन पराउनु भएकोले एक पटकको स्टक सकिएर दोस्रो पटक पनि उत्पादन गरिदैछ भने, स्टेज कार्यक्रमलाई पनि यसपल्ट ताली र सुझावहरूलाई नै म यस सफलताको श्रेय दिन चाहन्छु ।

यस पटकको गाइजात्रा हास्यव्यंग्यमा प्रतिस्पर्धा पनि ज्यादा भयो । कलाकारहरू को कति क्षमतावान एवं प्रतिभावान छन् भन्ने कुरा र को समाजप्रति कति जिम्मेवार छन् भने कुरा पनि केही हदसम्म यस कार्यक्रमले प्रष्ट पार्न मद्दत गऱ्यो । मैले यी सबका बीचमा रहेर आफ्नो परिचय देखाउन सकें । चलचित्र र टेलिभिजन क्षेत्रका व्यक्तिहरूले पनि मेरो प्रस्तुतिलाई राम्रो माने ।

यसरी अरूले राम्रो मान्नुबाट म आफूले थुप्रै कुरामा झन् बढी सिद्धहस्तता हासिल गर्नु जरूरी छ भन्ने बोध ममा पैदा गरेको छ ।

❑ **तपाई अब तत्कालै के गर्दै हुनुहुन्छ ?**

- अहिले म गुडनाइट एफ.एम. दर्शकहरूले निकै मन पराएको पाएं । गाइजात्राको उपलक्ष्यमा स्टेज कार्यक्रममा मैले यसअघि पनि दुई पटक भाग लिइसकेको हुँ । तर यस पटक मेरो प्रस्तुति विगतको प्रस्तुतिको तुलनामा उल्लेखनीय रूपमा थप प्रभावकारी भएको कुरा स्रोता-दर्शकहरू, शुभचिन्तकहरू र अग्रजहरूका विविध प्रतिक्रियाहरूद्वारा मैले जान्न पाएँ । मेरो निम्ति यो निकै खुशीको कुरा हो । तिनै स्रोता, शुभचिन्तक र अग्रजहरूका कार्यक्रममा "रमाइलो साँग्रिला" नामक आइताबारे साप्ताहिक हास्यव्यंग्य कार्यक्रम चलाइरहेको छु । साथीहरूसंग मिलेर टेलिभिजनमा पनि जाने तयारी गर्दैछु । हास्य-व्यंग्य लेखहरू पनि म निरन्तरजस्तै लेखिरहेछु र पत्रपत्रिकाहरूमा प्रकाशित पनि गरिरहेको छु । हास्य-व्यंग्यका यी लेखहरू संगेटर छिट्टै एउटा संगालो निकाल्ने विचार पनि गरिरहेको छु ।

❑ **कुनै नयाँ क्यासेट एल्वम निकाल्ने तयारी पनि गरिरहनु भएको छ भन्ने सुनिन्थ्यो नि !**

-"उखरमाउलो" पछि अर्को कुनै क्यासेटको तयारी मैले गरिरहेको छैन । अहिले बजारमा हास्य-व्यंग्यका नाममा क्यासेटहरूको 'वर्षे बाढी' नै लागेको छ, यो बाढीको समयमा म नयाँ क्यासेट ननिकालौं भन्ने पक्षमा रहेको छु ।

❑ **स्टेज कार्यक्रमहरुलाई धेरै दर्शकहरुसमक्ष पुऱ्याउने एउटा सजिलो र टिकाउ माध्यम भिडियो क्यासेट निकाल्नु पनि हो । यसतर्फ तपाईको ध्यान किन नगएको हो ?**

- निश्चितै रूपमा भिडियो क्यासेटको उपयोग गर्नु जरूरी छ । यसका निम्ति मसंग पर्याप्त कला-सामग्री पनि छ तर म यसतर्फ लाग्न सकिरहेको छैन । यसो हुनुमा एउटा कारण त आर्थिक कारण पनि हो । तर चाँडै नै यो विषयमा पनि

**म देखिरहेको छु- वर्तमानमा हास्यव्यंग्य क्षेत्रमा स्तरहीनता व्याप्त रहेको छ**

सोच्ने र आफ्ना कलालाई चिरस्थायी पार्ने पक्षमा छु ।

**❑ तपाईं त हास्य-व्यंग्य कला क्षेत्रमा आफैं संलग्न भएर लागीरहनु भएको छ । यस क्रममा तपाईंले आजको नेपाली हास्य-व्यंग्यको मूल्यांकन कसरी गरिरहनु भएको छ ?**

- वास्तवमा, अहिले हास्य-व्यंग्य कलाकार बन्ने लहर नै चलेको छ भने पनि हुन्छ । विभिन्न संचार माध्यमहरूबाट पनि आ-आफ्नै खाले हास्य-व्यंग्यहरूको प्रवाह भइरहेको छ । तर म देखिरहेको छु- आज यो क्षेत्रमा स्तरहीनता व्याप्त रहेको छ । मदनकृष्ण, हरिवंश जस्ता अग्रज कलाकारहरूसंग आम दर्शकहरूले उहाँहरूका पंचायतकालीन प्रस्तुति जस्तै आजको समयमिल्दो स्तरीय र प्रभावकारी रचनाको माग गरिरहेका छन् । अरू कलाकारहरूबाट पनि २०४६ पछिको परिवर्तनपछि झन् झन् निर्भिक, स्तरीय र सत्यमुखी रचनाहरूको आशा जनताले गरिहेछन् । तर कलाकारहरूले जनताको यो माग पूरा गर्न सकिरहेका छैनन् । उनीहरू नाम र दाममा तैरिरहेका छन् ।

उल्टो, आज त कतिपय व्यक्तिहरूमा हास्य-व्यंग्य भनेको छिट्टै लोकप्रिय हुन पाइने 'लहड' पो हो भन्ने भ्रम समेत पैदा भएको म देखिरहेको छु । अस्वाभाविक अभिनय र उरन्ठेउला विषयवस्तुहरूको अर्को नाम नै हास्य-व्यंग्य हो कि क्या हो भन्ने थप भ्रम पैदा हुँदै गइरहेको छ । हल्का विषयमा हल्का र उत्ताउलिएको टिप्पणी पेश गर्नु र जिउ मर्काउनु, टाउको नचाउनु, आँखा फर्काउनु, कम्मर मर्काउनु वा भुँडी बंग्याउनु आदिमा मात्र हाम्रो हास्य-व्यंग्य सीमित हुँदैछ । यो गंभीर चिन्ताको विषय भइरहेछ ।

प्रगतिशील विचार वा कला सार्थक हुनुपर्छ भन्ने विचार लिएका कलाकारहरूले पनि आफ्नो समूहको वा विचारको छुट्टै पहिचान बनाउन सक्ने गरी आफूलाई प्रस्तुत गर्न सकिरहेका छैनन् ।


के कुरामाथि व्यंग्य गर्नु जरूरी छ र के कुरालाई हास्यमा उडाउन सकिन्छ भन्ने बारेमा यहाँ कुनै गंभीर चिन्तन, अध्ययन, छलफल हुने गरेको छैन । जसले जे मन लाग्यो, त्यही कुरा प्रस्तुत गरिदियो, सकियो । राम्रा र गंभीर समीक्षकहरूको पनि यहाँ ठूलो अभाव छ । आजका समीक्षकहरू मुसमुन्द्रे र

> **मदनकृष्ण, हरिवंश जस्ता अग्रज कलाकारहरुसंग आम दर्शकहरुले उहाँहरुका पंचायतकालीन प्रस्तुति जस्तै आजको समयमिल्दो स्तरीय र प्रभावकारी रचनाको माग गरिरहेका छन्**

थेत्तरो 'नाटक'लाई हाँस्यव्यंग्यको उपमा भिडाइदिएर गलत कुरालाई प्रश्रय दिइरहेका छन् ।

**❑ यो हल्कापन हटाउन तपाईं चाहिं के गरिरहनु भएको छ त ?**

- म कलालाई सार्थक बनाउन चाहन्छु । अर्थात् न्यूनतम रूपमा कला सार्थक हुनुपर्छ र समाजका लागि हुनु पर्छ भन्ने विचारलाई नै आफ्नो कलाका मूल सिद्धान्त ठान्छु । आफ्नो कला प्रस्तुति समाजमा विकृतिहरू फैलाउनमा हैन, मानिसमा आफैं सोच्न सक्ने, आफैं विचार गर्न सक्ने क्षमता बढाउनमा उपयोगी बनोस् भन्ने म चाहन्छु । मान्छेमा रहेको मानवीय प्रवृत्तिको उत्थान होस्, ह्रास नहोस् भन्ने म चाहन्छु । एउटा सच्चा र जन कलाकार काम गरिखानेहरूको पक्षमा उभिनै पर्छ र ऊ काम गरिखानेहरूको पसीना लुटी खानेहरूको विपक्षमा स्पष्टतापूर्वक र दृढतापूर्वक उभिनै पर्छ भन्ने मेरो मान्यता छ ।



कला-क्षेत्रमा भएका भ्रमहरू हटाउन र यसमा व्याप्त हल्कापनाका विरूद्ध जुध्न म आफ्नो सृजनालाई एउटा विकल्पको रूपमा पेश गर्ने प्रयत्नमा छु । फिल्म, टेलिफिल्म र रंगमंचका केही साथीहरू पनि यही सक्रियताका निमित्त जुर्मुराउँदै हुनुहुन्छ । हामी सबै मिलेर हास्य-व्यंग्य क्षेत्रमा यस्ता राम्रा विकल्पहरू दर्शकहरूलाई दिनसक्छौं, जुन सार्थक, प्रगतिमुखी र स्वस्थ मनोरञ्जक होस् । यसका निमित्त म संलग्न रहेको संस्था 'हासिस' मा पनि कुराकानी हुँदैछ । निश्चय नै त्यस काममा सबैको सहयोग र टेवाको ठूलो महत्व रहने छ । अग्रज साहित्यकार, बौद्धिकहरू, कलाप्रेमीहरू, सार्थक कलाका हिमायतीहरूबाट म यसनिम्ति विशेष अपेक्षा पनि राख्दछु ।

**❑ तपाईंले कार्यक्रममा वाहवाही मात्रै त पाउनु भएको छैन होला, हुटिङ्ग पनि त खानु भएको होला नि । कस्तो कुरामा हुटिङ्ग खानु भएको छ ?**

- पक्कै मैले दर्शकहरूबाट हुटिङ्ग पनि खाएको छु, तर मुट्ठीभर दर्शकहरूबाट । मैले नराम्रो कुराको, नराम्रो प्रवृत्तिको विरोधमा हास्य-व्यंग्य प्रदर्शन/प्रस्तुत गरेको मन नपर्नेहरू पनि यही समाजमा छन्, उनीहरूले हुटिङ्ग गर्नु स्वाभाविकै हो । मैले कलाका माध्यमबाट भ्रष्टाचारको विरोध गर्दा भ्रष्टाचारी स्वयंले चाहिं मेरो कला मन नपराउन सक्छ । यो त स्वाभाविकै कुरा हो नि । भ्रष्टाचारी, अन्यायी, बलात्कारीहरू र उडन्ते बौद्धिकहरूलाई खुसी पार्न म आफ्नो कलालाई प्रयोग गर्न पनि चाहन्न ।

तर मेरो कलालाई असंख्य जनताले मन पराएका छन् । यही दशैंको समयमा मैले झापाका केही स्थानहरूमा कार्यक्रम प्रस्तुत गरें, त्यहाँ मेरो प्रस्तुतिको निम्ति विशेष अनुरोध (Once More) गरेर दर्शकरूले घण्टौंसम्म कार्यक्रम दिइरहन बाध्य जस्तै पारे । यस घटनाले ममा ठूलो हौसला थपेको छ । यहाँ उर्मिलामार्का र तुलसामार्का दर्शकहरूमात्र होइन, जीवनमुखी, प्रगतिवादी र सार्थक कला मन पराउने दर्शकहरूको पनि ठूलो संख्या रहेको छ भन्ने कुराको प्रामाणिक उदाहरण हो यो ।

आजसम्म आयोजकहरूले भने, ममाथि कुनै भेदभाव गरेका छैनन् । मेरो विचारलाई बुझेरै उनीहरूले जुन प्रजातान्त्रिक व्यवहार गरे, त्यसलाई म राम्रो मान्दछु । यसमा मेरो कलाले पाएको


## कृषि विकास बैंक

(किसान, व्यापारी, उद्यमीहरु र सबैको !)

हामी ग्रामीण कृषि कर्जा, व्यापार कर्जा र बैंकिङ्ग सुविधाहरू समेत प्रदान गर्दछौं । हाम्रो मुख्य ऋण लगानी कार्यक्रमहरू निम्न अनुसार छन्:-

✪ कृषि उत्पादन ✪ कृषि सामाग्री ✪ सिंचाई
✪ फलफूल खेती ✪ चिया/कफी ✪ घरेलु तथा साना उद्योग
✪ उपयुक्त प्रविधि आदि

हाम्रा प्रमुख प्राथमिकताका क्षेत्रहरू विशेष गरी कृषि विकाससंग सम्बन्धित छन् । यसको लागि हामी सुलभ व्याजदरमा ऋणहरू उपलब्ध गराउँछौं । सरकारका कतिपय कार्यक्रमहरू कार्यान्वयन गर्ने जिम्मेवारी पनि बैंकलाई छ । बदलिंदो प्रतिस्पर्धात्मक बैंकिङ्ग वातावरणमा हामीलाई सेवा गर्ने मौका प्रदान गर्नुहोस् ।

फोन नं. : २११७४४
२११८०२-८०६
टेलेक्स : २२६७
तार : कृषि बैंक,
फ्याक्स : ९७७-१-२२५३२९

कृषि विकास बैंक
मुख्य कार्यालय
रामशाहपथ, काठमाडौं

**रा.ज.सां. मंच, इसास, रक्तिम, सामना, रामेशदाइ आदि प्रगतिशील कलाका पक्षधरहरु र आरोहण लगायतलाई अझ एकीकृत, संगठित र समाजोपयोगी बनाउदै लानुपर्ने आजको आवश्यकता हो ।**

महत्व पनि समावेश भएको छ भन्ने म ठान्दछु ।

**❑ विचारको कारणले तपाई आजसम्म कतै 'सेन्सर' मा पर्नु भएको छ कि ?**

-छैन, सत्ता नियन्त्रित माध्यमहरूमा बाहेक अन्यत्र आजसम्म यस्तो भएको छैन । मेरो प्रस्तुतिमा रहने विचार पक्षका बारेमा आयोजकहरूसंग शुरूमै कुराकानी हुनेगर्छ । सेन्सर नहुने सीमा र शर्तमा मैले काम गर्दै अएको छु ।

**❑ तपाई बिभिन्न मंच र माध्यमहरुमा गएर आफ्नो हास्य-व्यंग्य प्रस्तुत गरिरहनु भएको छ । तिनीहरुमा आफ्ना रचनाहरु अस्वीकृत नबनून् भनेर तपाई आफैंले आफ्ना विचारहरुलाई मार्ने गर्नुभएको पो छ कि ?**

-हरेक ठाउँमा विचारका कुरालाई मात्र प्रस्तुत गर्नु पर्छ भन्ने चाहिं म मान्दिनँ । ठाउँ हेरेर, त्यस ठाउँको सीमा र स्वरूपभित्र रहेर म काम गर्ने गर्छु । अहिलेको परिस्थितिमा एफ. एम., रेडियो वा टि. भी. मा गएर बन्दूक उठाऊ, ज्वाला दन्काऊ... मूर्दाबाद नै भन्नु पर्छ भन्ने केही छैन । राष्ट्रियताको पक्षमा र नेपाली जनताको हक अधिकारको पक्षमा बोल्ने सन्दर्भ रहेका ठाउँमा चाहिँ म आफ्नो जनपक्षीय अडान व्यक्त गर्छु नै, यसमा म डराउन्न । यो नै मेरो वैचारिक, व्यवहारिक र कला पक्षमा रहेको स्पष्टता र आफ्नोपन हो ।

**❑ नेपालका प्रमुख संचार माध्यम र मंचहरु प्रायः सत्ताका आसेपासेहरुले भरिएका छन् । पंचायतकालका जनविरोधी सोच भएका मानिसहरु पनि तिनीहरुमा अझै बाँकी बसेका छन् । तिनलाई त जनपक्षीय सोच पटक्कै मन पर्दैन । तिनीहरु तपाईप्रति कत्ति पूर्वाग्रही रहेका छन् ? तिनीहरु तपाईप्रति आतंकित पनि होलान् । कसो ?**

-निश्चित रूपमा हो- समाज गरीखाने र लुटीखाने गरी दुई वर्गमा बाँडिएको छ । लुटीखाने विचारका सत्ता नजिकका त्यस्ता तत्वहरू यहाँ पक्कै छन्, जसलाई जनपक्षीय र सार्थक सोच पटक्कै पच्दैन । तर तिनीहरूको सोझो सामना मैले अहिलेसम्म गर्नु परेको छैन ।

**❑ रेडियो नेपाल वा नेपाल टेलिभिजनमा पनि ?**

-यी सरकारी संचार माध्यमहरूमा त निश्चय नै यस्ता मानिसहरू पनि बाँकी छन् । त्यहाँ हामी जनपक्षीय, जनोपयोगी र सार्थक कुराहरू राख्न निक्कै कम मात्रै पाउँछौं । सानातिना समाज सुधारका कुरा, सानातिना विरोध वा आलोचनाका कुरा समेतलाई नसहनेहरू त्यहाँ छन् । अपसंस्कृतिको विरोध गरेको आमसामाग्रीसम्मलाई पनि उनीहरू मन पराउँदैनन् । पंचायती शासनकालमा दिइने गरेका जस्ता हल्काफुल्का र हाटहुटे कुराहरू मात्रै यी माध्यमहरूबाट प्रसारण गर्न उनीहरू रूचाउँछन् र भइरहेका छन् । पंचायती व्यवस्थाका यी 'मानसिक सन्तान'हरूले गर्दा सरकारी संचार क्षेत्रमा आजसम्म 'बहुदल' आउन सकेको छैन । सत्तादलको दलदल हावी छ ।

**❑ सरकारी संचार माध्यमहरुले सबै थरि विचारका कलाकारहरुलाई स्थान नदिनुमा अरु कारण पनि केही देख्नु भएको छ ?**

- सबै विचारलाई ठाउँ दिनु पर्छ भन्ने छैन । अश्लील विचारका कुराहरू र समाजलाई अधोगतितिर लाने हानिकारक कुराहरूलाई रोक्नु नै पर्छ । तर राजनीतिक आस्था वा विचारका कारण भने कुनै पनि प्रस्तुतिलाई रोक्न पाइदैन । यो आम मान्यता हुनुपर्ने हो तर यहाँ सत्तालाई के भ्रम पर्‍यो भने, भिन्न विचारलाई स्थान दियो भने देशमा ठूलै हलचल मच्चिएला वा आफ्नो जागिरै पो उड्ला !- भन्ने सोचले हामीलाई यो अधिकारबाट बञ्चित गरेका छन् र त्यहाँ जान रोकिएको छ ।

यहाँ त भइदियो के भने, रोक्नु पर्ने कुरालाई चाहिं नरोक्ने मात्र हैन, प्रोत्साहित नै गर्ने, उता नरोक्नु पर्ने कुरालाई भने प्रशस्त रोकिएको छ । त्यहाँ जनपक्षीय कलाकारहरूलाई मात्र हैन, त्यहाँ त सार्थक कलाका पक्षधर कलाकारहरूलाई पनि पक्षपात गरी किनारा लगाइने गरिएको छ ।

हामीसंग उनीहरू आत्तिन्छन् । हाम्रो वौद्धिकता सक्रियता, कलात्मक प्रष्टता र आकर्षणदेखि उनीहरू डराउँछन् । म उनीहरूलाई 'कमजोर मनस्थितिका अबौद्धिक मानिसहरू' भन्न बढी रूचाउँछु ।

**❑ सरकारी संचार माध्यमको यो अप्रजातान्त्रिकता हटाउन तपाई र सार्थक कलाका पक्षधरहरुको सक्रियता कस्तो रहेको छ नि ?**

-हो, यसमा हाम्रो कमजोरी पनि छ । हामीले राम्रो दवाव दिन सकेका छैनौं । तर खुसीको कुरा, हाम्रो विचारसंग मत नमिल्ने तर हामीलाई सम्मान र सहयोग गर्ने केही निजी संचार माध्यम वा कर्मीहरूले हामीलाई बुझेर मौका दिनु भएको छ । प्रतिभालाई आफूले चिनेर जनतामाझ पुऱ्याउन सहयोग गर्नु भइरहेकैछ । तर सत्ता नियन्त्रित माध्यममा जान चाहिँ हामी सबै मिलेर कुनै बलियो दवाब-समूह बनाएरै काम गर्नु पर्ने जरूरी छ ।

**❑ तपाईले अहिले प्रगतिशील कलाकारहरुको सक्रियता कस्तो रहेको पाउनु भएको छ ?**

- एकथरि मित्रहरू केही गरिरहनु भएको छ, तर कमजोर कलात्मक स्तर लिएर । अर्काथरि साथीहरू चाहिं कलामा 'सार्थक' र 'निरर्थक' भन्ने कुरा हुँदैन भन्दै पैसा र सस्तो प्रचारका पछि पछि कुदेका छन् ।

यो स्थितिमा रा.ज.सां. मंच, इसास, रक्तिम, सामना, रामेशदाइ आदि प्रगतिशील कलाका पक्षधरहरू र आरोहण लगायत असंगठित वा संगठित थुप्रै सार्थक कलाका पक्षधरहरू जे जति सक्रिय हुनुहुन्छ, त्यो राम्रो र खुसीको कुरा हो । यसलाई अझ एकीकृत, संगठित र समाजोपयोगी बनाउदै लानुपर्ने आजको आवश्यकता हो ।

**❑ श्रव्य/दृश्यका आधुनिक माध्यमहरुमा प्रगतिशील र सार्थक कलाहरु आउन पछि पर्नाको कारण के हो ?**

- यसको मूल कारण सम्बन्धित वैचारिक क्षेत्रले यस माध्यमको महत्वलाई नबुझ्नु र यसमा कम ध्यान दिनु नै हो । त्यसैगरी, कला देखाउने मौका वा ठाउँ नपाएर पनि थुप्रै कलाकारहरू पछि परेका छन् । 'अनुभवीलाई ग्राम्यता' भन्ने, अनि अनुभव गर्ने मौकै चाहिँ नदिने चलन पनि अर्को बाह्य कारण हो । यस बाहेक, आन्तरिक कारण, जो जे जति यस दिशामा अघि बढ्न खोज्दैछौं, हामीहरूमा अध्ययनको कमी छ, वैचारिक स्पष्टताको कमी छ । 'ठूलै' कलाकार हुँ भनी आफूलाई मान्ने र मख्ख पर्ने, तर क्षमता र प्रतिभालाई समयानुकूल वृद्धि र विकास गर्नेतिर नलाग्ने प्रवृत्ति यहाँ व्याप्त छ । विचारको आडमा अहंकार पाल्ने काम ठीक हैन । हामीले आफू कति पानीमा छौं भन्ने कुरा स्वीकार्नै पर्छ र कमीहरू हटाउनतिर लाग्नै पर्छ । विषयविज्ञहरुसंग एक भई सिक्ने, सिकाउने काम गर्नमा हामी पछि छौं । यसमा पछि पर्नु भनेको सबै कुरामा पछि पर्नु हो ।

**❑ पर्दा र रंगमंचका प्रगतिशील कलाकारहरुबीच एकता किन संभव नभएको होला ?**

-प्रगतिशील लेखक निर्देशक संगीतज्ञ, गायक, अभिनयकर्ताहरू आदि सबै एकगठ हुनु जरूरी छ । पर्दा टि.भी.मा रहेका सार्थक कलाका पक्षधरहरूसंग पनि न्यूनतम कुरामा मिलेर जान सकिन्छ । सानो सानो काममा गरिने एकताबाट यो एकगठ हुने काम शुरू हुनु पर्छ । यसका निमित्त कला र कलाकारको महत्त्व बुझ्ने वौद्धिक व्यक्तित्वहरूले पहल लिनु जरूरी छ । कलाकारहरू केही भावुक र मुडी पनि हुन्छन् । यसलाई समेत विचार गरी एकता गर्नु जरूरी छ । तर कुनै पार्टी विशेषको दीर्घकालीन प्रचारयन्त्रका रूपमा मात्र गरिने गठजोड भावनामा चाँडै टुट्न सक्छ ।

**❑ तपाई देशभित्र मात्रै सीमित हुनुहुन्छ, देश बाहिर पनि पुग्ने विचार किन नलिनु भएको ?**

-क्यासेटको माध्यमबाट म विदेशमा पनि केही मात्रामा पुगेको छु । त्यस्तै, कार्यक्रम प्रदर्शनका सिलसिलामा भारतको गोरखपुर लगायत केही ठाउँसम्मका दर्शकसामु उभिएको छु । देशभित्र त चालीस जिल्लाका बिभिन्न ठाउँमा आफैं उपस्थित भई मैले कला प्रस्तुत गरेको छु ।

यद्यपि देश-विदेश दुवैमा अझै म पुग्न बाँकी नै छ । भारतमा रहनु भएका लाखौं नेपालीहरूसम्म पनि पुग्न चाहन्छु । यस निमित्त म उपयुक्त माध्यमहरूको खोजी गर्दैछु पनि । यसमा मेरा शुभेच्छुक सहयोगीहरूबाट पनि मैले सहयोगको आशा राखेको छु । ❑


शुभ-विजया दशमी तथा
शुभ-दिपावलीको
उपलक्ष्यमा
नेपालीको प्रगति र
सम्वृद्धिको निम्ति मंगलमय
शुभकामना व्यक्त गर्दछौं !

प्रमुख
**ध्यानबहादुर राई**
**धरान नगर पालिका परिवार**



विजया दशमी तथा
दिपावलीको
शुभ-उपलक्ष्यमा
नेपालीको प्रगति र
सम्वृद्धिको निम्ति
मंगलमय शुभकामना
व्यक्त गर्दछौं !

प्रमुख
ठाकुरप्रसाद गजुरेल तथा
**विदुर नगरपालिका परिवार, नुवाकोट**

# कतै हाम्रो केन्द्रियता नोकरशाही त भइरहेको छैन ?

**के असोज ४ गते महाकाली सन्धि पास गर्ने पक्षमा एमाले केन्द्रमा वास्तविक बहुमत थियो ? के एमालेको सिंगो पार्टी पंक्तिमै सन्धिको पक्षमा बहुमत थियो ? जुन तरीकाले त्यो दिन बहुमत जुटाइयो, के त्यो बहुमत वास्तविक, जायज र नैतिक थियो ?**

यही २०५३ असोज ४ गते प्रमुख प्रतिपक्षी दल नेकपा एमालेको बैठकमा अचम्म भयो । शुरूमा भोटिङ गरियो । १७-१७ भयो, अर्थात् महाकाली सन्धिको पक्ष र विपक्ष दुबैमा बराबर मत भयो । त्यत्ति भएपछि कुरो सिद्धिसकेको थियो । किनभने, बराबर मत भएपछि कुनै निर्णय भएन । पहिलेको निर्णय हावी हुने भयो । चार दिन पहिले, १३ को विरूद्ध १९ मतले गल्ती सुधार नगरी सन्धि पारित नगर्ने, अहिलेको सन्धि संसदको विशेष समितमा पठाउने र दफावार छलफल गर्ने, सत्तापक्षले बलजफ्ती भोटिङ गराएमा विपक्षमा मतदान गर्ने निर्णय भएको थियो । अब त्यही निर्णय लागु हुने स्थिति पैदा भएको थियो वा पार्टी केन्द्रमा निर्णय हुन नसकेपछि पार्टीको महाधिवेशन वा राष्ट्रिय सम्मेलनद्वारा त्यो टुंग्याउनु पर्ने स्थिति पैदा भएको थियो । तर त्यहाँ दुवै प्रक्रिया अप्नाइएन । बलजफ्ती फेरि भोटिङ गरियो । त्यसमा १ मत बदर भएकोले १७ विरूद्ध १६ को स्थिति पैदा भयो । यसरी एमाले केन्द्रीय समीतिले महाकाली सन्धि पास गर्ने निर्णय गर्‍यो ।

पार्टीका केन्द्रीय अध्यक्ष मनमोहन अधिकारी अस्पतालमा छन् । उनी अस्पतालबाट डिस्चार्ज हुने स्थितिमा छन् र उनको मत (विपक्षमा रहेको मत) जगजाहेर छ । उनलाई अस्पतालबाट बैठकमा ल्याउन नसकिने कुनै कारण छैन । अथवा, अस्पतालबाटै पहिले एमालेको सरकार ढल्ने बेलामा जस्तै उहाँको मतको भिडियो रेकर्डिङ्ग गरेर ल्याउन पनि त सम्भव थियो । तर यीमध्ये कुनै उपाय अप्नाइएन । अध्यक्षको मतभन्दा विपरीत मत भएको मान्छेलाई, त्यो पनि अध्यक्षको मौजुदगीमा भोट दिने हक नै नभएको वैकल्पिक सदस्यलाई अध्यक्षको सट्टामा भोट दिन लगाइयो । यसरी केन्द्रीय समितिमा कृत्रिम बहुमत जुटाइयो र महाकाली सन्धि पास गरियो ।

हो, केन्द्रीय समितिमा बहुमत जुटेपछि त्यो निर्णय कानूनी त भयो होला । तर त्यो जायज कसरी भयो ? त्यो नैतिक कसरी भयो ? पंचायती शासनकालमा गाउँका जाली फटाहाहरूले गाउँ पञ्चायतको बैठकमा यस्तो गरेको भए त्यो आश्चर्यको कुरो हुने थिएन । किनकि, नाजायज र अनैतिक तरीका अप्नाएर पनि प्रतिक्रियावादीहरू आफूले भनेजस्तो आफ्नो फाइदाको निर्णय गराउँछन् । उनीहरूको नैतिक सांस्कृतिक स्तर नै तल्लो हुन्छ ।

तर एउटा वामपन्थी पार्टीभित्र, त्यो पनि आफूलाई कम्युनिष्ट पार्टी दावी गर्ने पार्टीभित्र, गाउँका जाली फट्टाहाले गर्ने खालको जालझेल कसरी जायज हुन्छ ? कसरी यो नैतिक हुन्छ ? यस्तो गर्ने हो भने, पंच पार्टी र कम्युनिष्ट पार्टीमा वास्तविक भेद नै के बाँकी रहन्छ ? लटरपटर तरीकाले येनकेन प्रकारले बहुमत जुटाउने र बहुमत प्राप्त भनेर कुनै कुरा पास गर्ने र निर्णय लाद्ने प्रक्रिया पूँजीवादी पार्टीमा, पूँजीवादी संसदमा र कुनै पनि प्रतिक्रियावादी संस्थामा मात्र हुन्छ । एउटा वामपन्थी पार्टीभित्र, एउटा कम्युनिष्ट पार्टीभित्र, बहुमत जुट्नु नै काफी हुँदैन । त्यो बहुमत वास्तविक, जायज र नैतिक हुनुपर्छ । अनि मात्रै त्यो जनवादी बहुमत हुन्छ ।

तर आधारभूत प्रश्न के छ भने, के असोज ४ गते महाकाली सन्धि पास गर्ने पक्षमा एमाले केन्द्रमा वास्तविक बहुमत थियो ? के एमालेको सिंगो पार्टी पंक्तिमै सन्धिको पक्षमा बहुमत थियो ? जुन तरीकाले त्यो दिन बहुमत जुटाइयो, के त्यो बहुमत वास्तविक, जायज र नैतिक थियो ?

सबैलाई थाहा छ- थिएन । तथापि, हरकुनै उपायले जालझेल, लटरपटर गरेर भएपनि बहुमत त जुटाइयो त फेरि । र, त्यही अवास्तविक बहुमतका आधारमा त्यो निर्णय मान्नै पर्ने कानूनी बाध्यता सिर्जना गरियो । यस परिप्रेक्ष्यमा केन्द्रको त्यो निर्णय कानूनी त भयो, तर त्यो जायज र नैतिक थिएन । अंग्रेजीमा एउटा भनाइ छ, It is legal, but illegitimate । बस्, यहाँ पनि त्यस्तै भयो ।

पार्टी केन्द्रदेखि तलसम्म बहुमतको विचार छ अलग्गै । पार्टीका अत्यधिक बुद्धिजीवीहरू, सांसदहरू र जनवर्गीय संगठनहरूको विचार देखिन्छ अलग्गै । तर पार्टी केन्द्रको निर्णय छ, त्यसको ठीक उल्टो । त्यो पनि लटरपटर बहुमतको आधारमा । यो त वास्तविकतामा सानो अल्पमतको अत्यधिक बहुमतमाथिको शासन भएन र ? यो त थोरै चलाखहरूको धेरै सोझा र इमान्दारमाथिको हालीमुहाली भएन र ?

हो, वास्तवमा नोकरशाही केन्द्रीयता भनेकै यही हो । नोकरशाही केन्द्रीयताको मुख्य दोष नै यही हो कि- कानूनी तवरले त्यो 'केन्द्रीयता' त हुन्छ, तर त्यो केन्द्रीयता वास्तविक, जायज र नैतिक केन्द्रीयता नै हुँदैन । त्यो त्यस्तो केन्द्रीयता हुन्छ, जुन जनवादको जगमा उभिएकै हुन्न । निर्णय मान्न तपाईलाई कानूनी तवरले बाध्य तुल्याइएको छ, तर अन्तर्मनमा तपाईको त्यो निर्णयप्रति आस्था र सहमति नै छैन । त्यस्तो निर्णय मान्न तपाईलाई बाध्य तुल्याइएको छ, जसको निर्णयप्रक्रियामा तपाई आलोचनात्मक सहभागी नै हुनुहुन्नथ्यो ।

नोकरशाही केन्द्रीयताको विशेषता नै यही हो कि माथि टप्पूमा केही थोरै सारै चलाख मानिसहरू सत्तामा हुन्छन्, तल विशाल संख्यामा सोझा सिधा तर निरीह मानिसहरू । दुई थरीबीच कुनै द्वन्दात्मक सम्बन्ध नै हुँदैन । दुई थरीबीच कुनै आलोचनात्मक संवाद नै हुँदैन । निर्णयको ठेक्का तिनै चलाख व्यक्तिहरूले लिएका हुन्छन् । निर्णय प्रक्रियामा तलको तहको आलोचनात्मक सहभागिता नै रहेको हुन्न । सहभागिता भइहालेछ भने पनि, त्यो खालि व्यहोरा पुर्‍याउने खालको औपचारिक सहभागिता मात्र हुन्छ । माथि टप्पूमा बसेका मानिसहरू शत्रुसित पनि जालझेल गर्छन् । र, त्यस्तै जालझेल आफ्ना साथी र सहकर्मीहरूसित पनि गर्छन् । निर्णय र निर्णय गर्ने प्रक्रिया जायज र सही भएकोले होइन, निर्णय गर्नेहरूप्रति आस्था र विश्वास हुनाले पनि होइन, निर्णय माथिबाट आएको छ, त्यसैले तपाई त्यसलाई मान्न कानूनी रूपले बाध्य हुनुहुन्छ ।

सबै खालका लटरपटर केन्द्रीयताहरू नोकरशाही केन्द्रीयता हुन् । नाजायज र अनैतिक उपायहरू अप्नाएर जबरजस्ती पैदा गरिएका सबै केन्द्रीयताहरू नोकरशाही केन्द्रीयता हुन् । निर्णय मान्न बाध्यहरूको आलोचनात्मक सहभागिताविनाका, अर्थात् उनीहरूको जनवादविनाका सबै केन्द्रीयताहरू नोकरशाही केन्द्रीयता हुन् ।

महाकाली सन्धिको घटनाले प्रष्टै देखायो कि, एमाले-केन्द्रको निर्णय गर्ने प्रक्रिया नोकरशाही चरित्रको भएको



प्रज्ञानरत्न

छ। त्यहाँ नोकरशाही केन्द्रीयता हावी भएको छ। निर्णय प्रक्रिया जनवादी भएकोले होइन, निर्णय सही भएकोले पनि होइन, केन्द्रीयता वास्तविक, जायज र नैतिक भएकोले पनि होइन, माथिबाट आएको निर्णय भएको हुनाले जे भएपनि यो मान्नै पर्छ भनेर अहिले जो भनिदैछ, त्यो नोकरशाही केन्द्रीयताकै ज्वलन्त उदाहरण हो।

तर नोकरशाही केन्द्रीयता खालि एमालेमा मात्रै छ भन्नु अवास्तविक र नाजायज हुनेछ। किनभने, निर्णय गर्ने र निर्णय लाद्ने यस्तै प्रक्रिया धेरथोर सबैजसो बामपन्थी पार्टीहरूमा पनि देखिएको छ। फरक मात्राको मात्र देखिन्छ, गुणको देखिन्न।

प्रश्न उठ्छ- जनवादी केन्द्रीयता चाहिँ के गर्दा हुन्थ्यो त ?

हामी अहिले महाकाली सन्धिको उदाहरणमा छलफल गर्दैछौं। त्यसैले यो प्रश्नको उत्तर पनि यही उदाहरणभित्र खोज्नु बेस हुनेछ।

महाकाली सन्धिमा पहिले गहनतापूर्वक बुझ्दैनबुझी राष्ट्रिय सहमतिमा ल्याप्चे ठोक्ने काम भयो। केन्द्रीय समिति र राष्ट्रिय परिषद्को बैठकले कुनै गम्भीर बहस बिनानै ल्याप्चे सदर गर्ने काम भयो। जब एमालेले राखेको देउवा सरकारमाथिको अविश्वास प्रस्ताव भारतीय राजदूत समेत लागेर फेल पारियो, अनि मात्र सन्धिमाथि गम्भीर अध्ययन गर्न कार्यदल बन्यो। वास्तवमा, सन्धिमाथिको गम्भीर बहस र अध्ययन अनुसन्धान त्यसपछि मात्र शुरू भयो। कार्यदलले राम्रै अध्ययन गरेर आफ्नो प्रतिवेदन पार्टी केन्द्रीय समितिमा पेश गर्‍यो। त्यो प्रतिवेदनलाई केन्द्रीय समितिले सर्वसम्मतिले स्वीकृत पनि गर्‍यो। तर पछि त्यही केन्द्रीय समतिले निर्णय गर्‍यो- कार्यदलको प्रतिवेदनले निर्देश गरेकोभन्दा ठीक उल्टो।

कार्यदलको प्रतिवेदनले भनेको छ- सन्धिमा २६ वटा गम्भीर दोषहरू छन्, त्यो सुधार नगरी सन्धि पास नगर। तर केन्द्रीय समतिले निर्णय गर्‍यो- सुधार नभए पनि सन्धि तत्कालै पास गर्ने। किनभने, पार्टीले पहिले राष्ट्रिय सहमतिमा नै सन्धि स्वीकार गर्ने बचन दिइसकेको छ। त्यो बचन अहिले आएर फेर्नु हुन्न, इज्जत जान्छ। विश्वसनीयता गुम्छ।

निर्णय गर्ने यो प्रक्रिया उल्टो र निकै विरोधाभाषपूर्ण देखियो। यो प्रक्रियामा 'गाडा अगाडि गोरू पछाडि' देखियो। जनवादी केन्द्रीयता यही उल्टो निर्णय प्रक्रियालाई सुल्टाउनुमा छ। पहिले सन्धिमा सहमति, अनि अध्ययन अनुसन्धान र बहस छलफल: यो त उल्टो र बेठीक प्रक्रिया भयो। जनवादी केन्द्रीयता अभ्यास गर्ने हो भने, हुनुपर्ने प्रक्रिया थियो- पहिले गम्भीर अध्ययन अनुसन्धान र बहस छलफल, अनि जायज भए मात्र सन्धिमा सहमति। कार्यदलको गठन राष्ट्रिय सहमतिमा ल्याप्चे ठोक्नु अगाडि भएको भए र त्यसको प्रतिवेदनमाथि व्यापक छलफल भएपछि मात्र सन्धि अनुमोदन गर्ने नगर्ने निर्णय भएको भए के अहिलको नौवत एमालेले भोग्नु पर्थ्यो ? के त्यतिखेर एमालेको हात अहिलेजस्तो पहिले नै बाँधिएको हुन्थ्यो ? अहिलको कार्यदलको प्रतिवेदनले के देखाएको छ भने, सन्धिबारे गम्भीर अध्ययन खोजबीन गर्न सक्ने मान्छे एमालेभित्र नै पनि मौजूद त रहेछन् त। ती मान्छेहरूलाई यो काम पहिले नै किन सुम्पिएन ? किन हतार हतारमा पहिले नै सन्धिसम्बन्धी गहन अध्ययन बहसछलफल नै नगरी राष्ट्रिय सहमतिमा ल्याप्चे ठोकियो ?

यसको कारण हो- पार्टी नेतृत्वमा निर्णय गर्ने मामलामा जनवादी केन्द्रीयतामा आधारित सही कार्यशैली छैन। उसको निर्णय गर्ने शैली नोकरशाही खालको छ।

पहिले त गल्ती भयो भयो, कार्यदलको प्रतिवेदन आएपछि र त्यसले सन्धिमा गम्भीर दोषहरू छन् भनेर किटानीसाथ देखाएपछि सन्धिबारे पार्टी केन्द्रीय समितिले निर्णय गर्ने होइन, पार्टीको राष्ट्रिय सम्मेलन, राष्ट्रिय परिषद्को बैठक वा महाधिवेशनमध्ये कुनैको आयोजना हुनुपर्थ्यो। सन्धिबारे पार्टीव्यापी र जनव्यापी बहस छलफल हुनपर्थ्यो। यही प्रक्रियाका दौरानमा आम पार्टी सदस्यहरूले जनवादको अभ्यास गर्न पाउँथे। आफ्नो आलोचनात्मक विचार व्यक्त गर्न पाउथे। आम जनता पनि सन्धिबारे सूसुचित र प्रशिक्षित हुन्थे। निर्णय पनि परिष्कृत हुन्थ्यो। जे निर्णय हुन्थ्यो, त्यो जनवादको जगमा उभिएको हुन्थ्यो। यसरी पैदा भएको केन्द्रीयता मात्र साँच्चै जनवादी केन्द्रीयता हुन्थ्यो। सबैको लागि सहज स्वीकार्य हुन्थ्यो।

तर यसो गरिएन। यस्तो गर्नुको सट्टा सुटुक्क केन्द्रीय समितिले निर्णय गर्ने प्रक्रिया अप्नाइयो। महाकाली सन्धि यस्तो मुद्दा थियो, जसले सिंगो राष्ट्रको भविष्यमा व्यापक र दीर्घकालीन तवरले असर पुर्‍याउँथ्यो। यस्तो गम्भीर राष्ट्रिय र सार्वजनिक महत्वको कुनै पनि मुद्दामा पार्टीको केन्द्रले मात्रै निर्णय गर्ने प्रक्रिया सर्वथा गलत थियो। यस्तो मुद्दामा सार्वजनिक राष्ट्रिय बहस जरूरी थियो।

**तर एउटा बामपन्थी पार्टीभित्र, त्यो पनि आफूलाई कम्युनिष्ट पार्टी दावी गर्ने पार्टीभित्र, गाउँका जाली फटाहाले गर्ने खालको जालझेल कसरी जायज हुन्छ ? कसरी यो नैतिक हुन्छ ? यस्तो गर्ने हो भने, पंच पार्टी र कम्युनिष्ट पार्टीमा वास्तविक भेद नै के बाँकी रहन्छ ?**

तर यसो गरिएन। यसले पनि देखाएको छ- नेतृत्वको निर्णय गर्ने ढंग जनवादी केन्द्रीयतामा आधारित भइरहेको छैन। यो नोकरशाहीहरूले गर्ने निर्णयको ढंग जस्तै भइरहेको छ।

वास्तवमा, जनवादी केन्द्रीयता भनेकै जनवादको जगमा उभिएको केन्द्रीयता हो। पहिले जित-हारको मानसिकता नराखीकन जनवादी बहसछलफल, अध्ययन, खोजबीन। त्यसपछि बल्ल केन्द्रीयता। पहिले आलोचनात्मक विचार-द्वन्द गर्ने जनवादी स्वतन्त्रताको व्यापक अभ्यास, अनि मात्र केन्द्रीयता। पहिले निर्णय मान्नु पर्नेहरूद्वारा निर्णय गर्नुपर्ने विषयमा छलफलमा व्यापक आलोचनात्मक सहभागिता, अनि मात्र निर्णय। जनवादी केन्द्रीयता पैदा गर्ने यो नै जायज र नैतिक बाटो हो।

जनवादी केन्द्रीयता तब मात्रै अभ्यास हुन सम्भव छ, जब जसरी भएपनि बहुमत सिर्जना गर्ने नाजायज र अनैतिक उपाय अप्नाउने हरकत गरिदैन। जब जसरी भएपनि जित्ने होइन, सत्यको खोज गर्ने नैतिक सांस्कृतिक स्तर सहभागीहरूमा हुन्छ, तब नै जनवादी केन्द्रीयताको अभ्यास सम्भव हुन्छ। एमालेको नेतृत्वमा जसरी पनि बहुमत ल्याउने नोकरशाही मानसिकता हावी भयो। त्यसैले पार्टीव्यापी र जनव्यापी बहसछलफल सम्भव भएर पनि त्यसलाई अप्नाइएन। माथि पनि भनियो, यो जसरी पनि जित्ने र बहुमत पैदा गर्ने मानसिकता सिर्फ एमालेको रोग होइन। तल्लो दर्जाको नैतिक साँस्कृतिक स्तर भएको जो कोही मान्छेमा वा जुनसुकै पार्टीमा पनि यो रोग धेरथोर हावी भइरहेको हुन्छ। हावी भइरहेको देखिन्छ पनि। हामी गमेर हेरौं त, यो रोग हामी स्वयंभित्र पनि छ कि छैन ?

जनवादी केन्द्रीयताको अभ्यासको निम्ति जरूरी कुरा हो- माथि र तलबीच, नेता र नेतृत्व गरिइनेहरू बीचको द्वन्दात्मक सम्बन्ध। नेताको भनाइ हुनाको कारणले होइन, जायज भनाइ भएकोले मात्र स्वीकार्ने, नत्र आलोचना गर्ने खालको आलोचनात्मक सम्बन्ध। माथिबाट आएको हुनाले होइन, सही विचार आएको हुनाले र त्यो विचार पनि आफ्नो सहभागितामा आएको हुनाले त्यसलाई मान्ने, नत्र विरोध गर्ने खालको द्वन्दात्मक सम्बन्ध। नेता जसरी पनि आफ्नो विचार लाद्न खोज्ने अथवा कार्यकर्ता अन्धतापूर्वक नेताको विचार स्वीकार्ने: यो दुबै स्थितिमा माथि र तलबीच, नेतृत्व गर्ने र गरिइनेबीच द्वन्दात्मक सम्बन्ध कायम हुन सक्दैन। जहाँ द्वन्दात्मक सम्बन्ध हुँदैन, त्यहाँ जनवादी केन्द्रीयतको अभ्यास नै हुन सक्दैन। त्यहाँ नोकरशाही केन्द्रीयता मात्र हावी हुन्छ।

अहिले एमालेभित्र यही परिदृश्य देखापर्दैछ। एकथरि नेतृत्व भन्दैछ, अब पार्टी-केन्द्रले निर्णय गरिसक्यो, त्यसैले जसरी पनि यो निर्णय मान्नु पर्छ। यो निर्णयमा विचार-द्वन्द गर्न पाइदैन। आलोचना गर्न पाइदैन। चूपचाप यो निर्णय स्वीकारिनु पर्छ। माथिबाट आएको कुरा, बहुमतको कुरा, जसरी पनि स्वीकारिनु पर्छ भन्ने स्कूलमा हुर्केका कार्यकर्ताहरू जसरी पनि र अन्तर्मनले नमानेता पनि विवश भएर निर्णयलाई अन्धतापूर्वक पालना गर्दैछन्। यी दुबै थरिको मिल्ती त्यहाँ भइरहेको देखिन्छ। यो भनेको कुनै द्वन्दात्मक सम्बन्ध होइन। यो नोकरशाही सम्बन्धको परिचायक हो। यसबाट कदापि जनवादी केन्द्रीयताको अभ्यास हुन सक्दैन। यसबाट माथि टप्पूमा कोही चलाख नोकरशाहरू र तल छातीभरि अनास्था र विद्रोहीभाव पालेका विवश तर अराजक कार्यकर्ताहरू मात्र पैदा हुन्छन्।

हाम्रो आदर्श न त नोकरशाही केन्द्रीयता हो, न अराजकता नै। दुबैको हल जनवादी केन्द्रीयतामा मात्र छ। हामीसित, केन्द्रीयता हुनैपर्छ। तर त्यो हमेशा जनवादको जगमा खडा हुनुपर्छ। हामीसित अराजकता होइन, अनुशासन हुनुपर्छ। तर अनुशासन आलोचना गर्ने

विजया दशमी तथा दिपावलीको शुभ-उपलक्ष्यमा नेपालीको उत्तरोत्तर प्रगति र सम्वृद्धिको मंगलमय शुभकामना व्यक्त गर्दछौं !

**खाद्य उद्योग लि.**

हेटौंडा

स्वतन्त्रताको जगमा उभिएको हुनुपर्छ । निर्णय मान्नु पर्छ तर निर्णय द्वन्दात्मक सहभागिताको जगबाट आएको हुनुपर्छ । जनवाद भएन, केन्द्रीयता मात्रै भयो, स्वतन्त्रता भएन, अनुशासन मात्रै भयो, सहभागिता भएन, निर्णय मात्रै लादियो भने, कुनै बिन्दुमा गएर त्यहाँ विद्रोह र विष्फोट हुन्छ, हुन्छ, त्यहाँ अराजकता हुन्छ, हुन्छ । तसर्थ, नोकरशाही केन्द्रीयताको अर्को किनारमा हमेशा अराजकता हुन्छ ।

महाकाली सन्धिबारे केन्द्रीयता पैदा गर्नुअघि नै त्यहाँ जनवाद हुनुपर्थ्यो । जनव्यापी र पार्टीव्यापी व्यापक बहस छलफल हुनुपर्थ्यो । त्यो भएन । अहिले माथिको निर्णय भन्दै जबरजस्ती मुख थुनिदैछ, केन्द्रीयता लादिदैछ । त्यसैले, स्वभाविक छ कि यसले विस्फोट जन्माउनेछ । अराजकता जन्माउने छ । यसको हल गर्ने हो भने, फेरि पनि महाकाली सन्धिबारे व्यापक र जनवादी बहस छलफलको प्रक्रिया थालिनु पर्छ । बिग्रिने कुरा बिग्रिसकेको छ । तथापि, भविष्यमा यस्तै खालको अरू गल्ती नहोस् भन्नाको लागि, विगतको गल्तीबारे व्यापक जनवादी बहस छलफल नै एकमात्र उपाय हो । महाकाली सन्धि यस्तो गम्भीर विषय हो, जसले सिंगो राष्ट्रको जीवनलाई गम्भीर रूपले र व्यापक तवरले असर पार्दछ । त्यसैले पूँजीवादी संसदमा समेत यो र यस्तो विषयलाई दुई तिहाई बहुमतले निर्णय गर्नुपर्ने बनाएको छ । तर जुन मुद्दा पूँजीवादी संसदले समेत दुई तिहाईले पास गर्नुपर्ने बनाइएको छ, त्यस्तो मुद्दा फैसला गर्ने कम्युनिष्ट पार्टी जस्तो देश र जनताप्रति सबैभन्दा संवेदनशील पार्टीमा कम्तीमा दुई तिहाई बहुमत चाहिन्छ कि चाहिदैन ? यस्तो गम्भीर राष्ट्रिय महत्वको मुद्दालाई सामान्य बहुमतबाट र त्यो पनि लटरपटर बहुमतबाट पास गर्नु जायज हुन्छ कि हुँदैन ?

कम्युनिष्ट पार्टीलाई सबैभन्दा उन्नत र जनमुखी पार्टी भन्नुको तात्पर्य यो हो कि- यसको लक्ष्यमात्र होइन, यसको नैतिकता र सांस्कृतिक स्तर पनि सबैभन्दा उन्नत हुन्छ । र यो देश र जनताप्रति सबैभन्दा जिम्मेवार र संवेदनशील पनि हुन्छ । कम्युनिष्ट पार्टीको निर्णय प्रक्रिया पनि उसको देश र जनताप्रतिको गम्भीरता प्रष्ट रूपमा झल्किएको हुनुपर्छ । यस परिप्रेक्ष्यमा महाकाली सन्धिले के सिकाएको छ भने- कम्युनिष्ट पार्टीभित्र देश, जनतालाई गम्भीर र व्यापक प्रकारले असर गर्ने कुनै पनि मुद्दा सर्वसम्मतिले मात्र गर्ने परिपाटी हुनुपर्छ । कुनै पनि गम्भीर सार्वजनिक महत्वको मुद्दा र सैद्धान्तिक मुद्दा सर्वसम्मतिले मात्र पास गर्ने परिपाटी हुनुपर्छ । सामान्य दिनानुदिनको कार्यनीति र कार्यक्रमसम्बन्धी निर्णय मात्र अल्पमत र बहुमतको आधारमा गर्नुपर्दछ ।

महाकाली सन्धिले के पनि सिकाएको छ भने- सार्वजनिक महत्वको र सैद्धान्तिक महत्वको कुनै पनि मुद्दाबारे भित्री पार्टी छलफल मात्र पर्याप्त हुँदैन । यसबारे आम जनतालाई समेत सुसुचित र प्रशिक्षित गर्नु जरूरी हुन्छ । सुसुचित र जागरूक जनताले मात्र गम्भीर दुर्घटना हुनुबाट राष्ट्रलाई बेलामा जोगाउन सक्छ । त्यसैले, यस्ता सबै मुद्दामा पार्टीव्यापी मात्र होइन, जनव्यापी छलफल हुनुपर्छ ।

यस्तो खुलेआम बहसछलफल गर्ने परम्परा अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलनमा मार्क्स ऐंगेल्सदेखि लेनिनको पालासम्म पनि जीवित थियो । लेनिन सबै सार्वजनिक र सैद्धान्तिक मुद्दामा खुल्ला सार्वजनिक बहस सञ्चालन गर्नुहुन्थ्यो । यो बहस र लगातार विचारधारात्मक संघर्षले गर्दा लेनिनका पालामा थुप्रै गलत विचारहरू र विचारकहरू निस्के पनि ती सबै परास्त भए । ती विचारका संवाहकलाई जनताले राम्ररी बेलैमा चिने । साथसाथै, जनता पनि सैद्धान्तिक रूपले प्रशिक्षित र जागरूक बने । श्रमिक वर्गको चेतनास्तर निकै माथि उक्सियो ।

तर देशमा गृहयुद्धको र विश्वयुद्धको नीति-विशेष आएपछि यो प्रक्रिया रोकियो । र, पछि यो प्रक्रिया रोकिएको रोकिएकै भयो । विश्वभरी नै अन्तरपार्टी बहस गर्ने परम्परा मात्र बस्यो । विशेष स्थितिमा सिर्जना भएको यो परम्परा पार्टीको दैनिक कार्यपद्दति बन्यो ।

यसैले गर्दा, पार्टीमा खुश्चेभहरू र गोर्वाचोभहरू जस्ता खतरनाक संशोधनवादी तत्वहरू नेतृत्वदायी तहमा रहँदा पनि आम जनताले त्यो चालै पाएनन् । उनीहरू जनताको आँखामा लुकेर बस्न सके । जनताले तब मात्र चाल पाए, जब स्थिति डाँवाडोल भइसकेको थियो, सोभियत संघ विघटनको स्थितिमा गइसकेको थियो । माथिबाट आएको जे पनि मान्नुपर्छ भन्ने कुरालाई नै जनवादी केन्द्रीयता ठानेका नेता-कार्यकर्ताहरूले तबसम्म पनि माथिको आदेश केन्द्रीयताको नाममा मानेर बसे, तब सोभियत संघमै कम्युनिष्ट पार्टी प्रतिबन्धित भयो र समाजवाद ढाल्ने निर्णय भयो । यो घटनाबाट हामीले ठूलो पाठ सिक्नु जरूरी छ । कतै हामी पनि अहिले त्यही बाटोमा त छैनौं ?

त्यसैले, फगत अन्तरपार्टी बहसमै सीमित हुने परम्परा तोड्नु जरूरी छ । सार्वजनिक बहसको, छलफलको आवश्यकता के कारणले पनि महत्वपूर्ण छ भने, खालि केही पार्टी-कार्यकर्ताहरू मात्र जागरूक र प्रशिक्षित भएर पुग्दैन, क्रान्तिको लागि पूरै श्रमिक वर्ग र उत्पीडित जनसमुदाय पनि जागरूक र प्रशिक्षित हुनु जरूरी छ । के पार्टी भित्री बहसले मात्र पूरा श्रमिक वर्ग र जनसमुदायले त्यस्तो मौका पाउँछन् ?

आफूलाई कम्युनिष्ट पार्टी मान्ने हाम्रा सबै वामपन्थी पार्टीहरू र तिनका सहयोगी, समर्थकहरू सबैले पनि यस विषयमा गहिराईमा सोच्नु जरूरी छ । ❑


शुभ-विजया दशमी तथा शुभ-दिपावलीको उपलक्ष्यमा
नेपालीको प्रगति र सम्वृद्धिको निम्ति मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**अध्यक्ष रोहितबहादुर कार्की**
**तथा**
**खनार गाविस परिवार**

शुभ-विजया दशमी तथा शुभ-दिपावलीको उपलक्ष्यमा
नेपालीको उत्तरोत्तर प्रगति र सम्वृद्धिको मंगलमय
शुभकामना व्यक्त गर्दछौं ।

**सभापति रामबहादुर वस्नेत तथा**
**सुनसरी जिविस परिवार**

विजया दशमी तथा दिपावलीको शुभ उपलक्ष्यमा
नेपालीको उत्तरोत्तर प्रगति र सम्वृद्धिको मंगलमय
शुभकामना व्यक्त गर्दछौं ।

**सभापति, श्यामकृष्ण कोजु तथा**
**भक्तपुर जिविस परिवार**

**विजया दशमी तथा**
**दिपावलीको**
**शुभ उपलक्ष्यमा**
**समस्त नेपालीहरुको**
**उत्तरोत्तर प्रगति र सम्वृद्धिको**
**मंगलमय शुभकामना**
**व्यक्त गर्दछौं !**

अध्यक्ष
**प्रमोद श्रेष्ठ**
तथा
**नगर विकास समिति,**
**इटहरी गाविस कार्यालय**

# के सोच्दै हुनुहुन्छ, के गर्दै हुनुहुन्छ पुराना किसान नेता सानुदाइ ?



'सानु दाइ'को नाममा ख्यातिप्राप्त ८५ वर्षीय किसान नेता 'सानु महर्जन' नेपालको किसान आन्दोलन तथा वाम-राजनीतिमा लागेका पुराना नेता तथा कार्यकर्ताहरूको लागि कुनै अपरिचित र नयाँ नाम होइन । वि.सं. १९६८ श्रावण महिनाको घण्टाकर्ण पूजा (गठेमुगल) को दिनमा काठमाडौंको इटुम्बहालमा जन्मनु भएका वहाँ अखिल नेपाल किसान संघको स्थापना कालदेखि नै किसान आन्दोलनमा सक्रिय हुनुहुन्थ्यो । २०१० सालमा सम्पन्न अखिल नेपाल किसान संघको पहिलो काठमाडौं जिल्ला सम्मेलनबाट सभापतिमा निर्वाचित भएदेखि २०१७ सालमा पंचायत आउनु अगाडिसम्म वहाँले काठमाडौंको किसान आन्दोलनलाई नेतृत्व प्रदान गर्नु भयो । पंचायतको आगमनबाट किसान संघ लगायत राजनीतिक पार्टीहरू तथा अन्य सबै जन-वर्गीय संगठनहरू प्रतिबन्धित भए । त्यसैले, २०१७ सालदेखि २०३६ सालसम्म किसान नेता सानु महर्जनले भूमिगत रूपमा किसान संघमार्फत् किसानहरूको मुक्तिको निम्ति उनीहरूलाई संगठित गरी संघर्षको लागि तयार गर्नु भयो ।

२०३६ सालमा भएको जन-आन्दोलनमा किसान संघमार्फत् काठमाडौंका किसानहरूलाई सक्रिय सहभागी गराउनमा वहाँले महत्वपूर्ण र नेतृत्वदायी भूमिका निर्वाह गर्नु भयो । त्यही बेला वहाँ दुई पटकसम्म जेल पर्नु भयो भने, कैयौं पटक वहाँको घरमा प्रहरीले छापा मार्‍यो ।

२०३१ सालमा नेकपा (चौम) को गठन भएदेखि २०४० सालमा सो पार्टी नफुट्दासम्म किसान नेता सानु महर्जन त्यस पार्टीको नजिक रहँदै आउनु भयो । तर, २०४० सालमा पार्टी फुटेपछि वहाँ फुटेका कुनै पनि पार्टीहरूमा संलग्न हुनु भएन । हाल बृद्ध अवस्थाको कारणले सक्रिय हुन नसकेकोमा दुःख पोख्ने उहाँ यसरी नेकपा विभिन्न टुक्रामा विभाजित भएकोमा दुःख व्यक्त गर्नु हुन्छ र सबै नेकपाहरू संयुक्त भई जनक्रान्ति गरून् भनी उहाँ चाहनुहुन्छ ।

आफ्नै सन्तान कोही नभएका किसान नेता सानु महर्जन हालसम्म पनि आफ्नी श्रमितीसित स्वतन्त्र र स्वावलम्बी जीवन निर्वाह गरिरहनु भएको छ । प्रस्तुत छ- यहाँ वहाँसंग गरिएको एक कुराकानीको सारसंक्षेपः

**◆ तपाईंको अहिलेको दैनिक जीवन कसरी चलिरहेछ ?**

- खै, कसरी चलेको छ भनुं ? कहीं बाहिर हिंड्नै नसक्ने अवस्थामा पुगिसकें । अलिकति हिंड्यो कि खुट्टा दुखेर उभिनै नसक्ने हुन्छु । हिंड्नको लागि लाठीको सहारा नभई हुँदैन । त्यसैले, हामी दुई बूढाबुढी विहान बेलुका खाना पकायों, खायो, बस्यो, बस् यतिकै दिन बितिराखेको छ । किसान भएर पनि आफ्नो खेतमा जान नसकेको पनि अब त धेरै वर्ष पो भइसक्यो ।

**◆ तपाईहरुले विगतमा किसान आन्दोलन कहिलेदेखि कसरी चलाउनु भयो ?**

-आन्दोलनकै कुरा गर्ने हो भने २००८ सालमा अखिल नेपाल किसान संघको स्थापना भएयता मात्रै संगठित किसान आन्दोलनको थालनी भयो । २०१० सालमा किसान संघको काठमाडौं जिल्ला समिति गठन भएपछि सो समितिको नेतृत्वमा काठमाडौंमा ठूला ठूला किसान आन्दोलनहरू भए ।

त्यसबेला किसान आन्दोलन भन्नाले सरकारले विभिन्न काम गर्नको लागि भनेर जथाभावी विनामुआब्जा जबरजस्ती जग्गा अधिग्रहण गर्ने कार्यको विरूद्धको संघर्ष थियो । संघर्षको क्रममा हामीले ठूला ठूला हज्जारौंहजारको जुलूस निकाल्यौं । जबरजस्ती सरकारले हडपेका जग्गामा किसान संघको झण्डामुनि किसानहरूलाई गोलबन्द गरी ठूलो संख्यामा किसानहरूलाई उपस्थित गराई बलपूर्वक खेती गर्ने कार्यहरू गर्‍यौं ।

त्यसताका काठमाडौंका किसानहरूमा किसान संघप्रति ठूलो विश्वास र आस्था थियो । उनीहरूले आफूहरूलाई भएको कुनै पनि समस्या अर्थात् कसैको थिचोमिचोकाबारे 'इखाबहाल' मा भएको हाम्रो किसान संघको जिल्ला समितिमा खबर गर्थे र किसान संघले खबर भएअनुसार कुनै पनि किसानलाई भएको पीर मर्कालाई समाधान गर्न आवश्यक कार्यहरू गर्थ्यौं ।

**◆ तपाईलाई त्यसरी आन्दोलनमा लाग्न कहाँबाट प्रेरणा मिल्यो ?**

-हेर्नुस्, मैले आफू सानो छँदादेखि नै दुःख झेल्दै आएँ । म ७ वर्षको उमेर पुग्दा नै मेरा बाबुको मृत्यु भयो । र, बालक काल मेरो दुःख कष्टमै बित्यो ।

**राणा सरकारले काम गर्न आउन आदेश दिएपछि आफ्नो घरमा आमा मरे पनि, बाबु मरे पनि जोकोही पनि दरबार जानु पर्थ्यो । राणाहरुका हात्तीहरुलाई ख्वाउन पालैसित घाँस पुर्‍याउँन जानु पर्थ्यो ।**

आफूले केही कुरा बुझ्न जानेदेखि नै किसानहरूको दुःख दर्दसंग म परिचित हुँदैआएँ । त्यतिबेला यहाँ राणा शासन थियो । हामी किसानहरूले आफ्नो काम मात्र गरेर पुग्दैनथ्यो, तल्सिङ्गहरूको पनि काम गर्नु पर्थ्यो । तल्सिङ्गको कुनै पनि काम नगरिदिंदा जग्गा खोसिदिन्थ्यो र बाल बच्चा भोकै पर्थे । त्यसैले किसानहरूले बाध्य भई आफ्नो तल्सिङ्गले जे भन्यो त्यो काम गर्नु पर्थ्यो ।

राणाहरूले आफ्ना कुनै दरवारीया काम गराउन पनि घर-घरमा खबर पठाई उर्दी जारी गरी काम गराउँथे । प्रत्येक घर धुरीबाट ५/५ जनाको दरमा काम गर्न दरबार जानु पर्थ्यो । आदेश नमान्नेलाई पक्डन्थ्यो, थुन्थ्यो र यातना दिन्थ्यो । राणा सरकारले काम गर्न आउन आदेश दिएपछि आफ्नो घरमा आमा मरे पनि, बाबु मरे पनि जोकोही पनि दरबार जानु पर्थ्यो । राणाहरूका हात्तीहरूलाई ख्वाउन सबै परिवारहरूले दरबारमा पालैसित घाँस पुर्‍याउँन जानु पर्थ्यो ।

राणाहरूलाई इच्छा हुनासाथ कुनै पनि ठाउँको जग्गा विनामुआब्जा हडपेर लिन्थे र त्यहाँ उनीहरू ठूला-ठूला दरबारहरू बनाई मोजमस्ती गर्थे । तर, किसानहरू भोकै-भोकै मर्न बाध्य हुन्थे ।

बिडम्बनाको कुरो, त्यतिका शोषण, दमन, अन्याय र अत्याचार भए पनि किसानहरू बोल्न सक्दैनथे । त्यतिबेला संगठनहरू पनि केही थिएनन् ।

तर, मेरो मनमा सधैं

किसानहरूलाई दिनरात त्यत्रो दुःख कष्ट खेपेर पनि दुई छाक खान किन धौ धो पर्छ ? यो कसले गर्दा भयो ? राणाहरूले मात्र किन जे गरे पनि हुने ? भन्ने सवालमा कुराहरू उठिरहन्थे । यसबाट मेरो मन क्रमशः आन्दोलित हुँदै गयो । पछि २००८ सालमा अखिल नेपाल किसान संघको स्थापना भएपछि त्यसबाट मैले धेरै कुरा सिकें र म किसान आन्दोलनमा लागें ।

**◆ तपाईंले चीन भ्रमण पनि गर्नु भयो भन्ने सुनेको छु । त्यो भ्रमण कहिले र के मार्फत् गर्नुभयो ?**

-मैले २०२३ सालमा चीनको भ्रमण गरेको थिएँ । त्यो भ्रमण नेपाल-चीन मैत्री संघमार्फत् भएको थियो । त्यसताका मैत्री संघले त्यससंग सम्बद्ध व्यक्तिहरूलाई र नेपाल सरकारले तोकी पठाएकाहरूलाई चीन भ्रमणको लागि चिनियाँ सरकारको निमन्त्रणा उपलब्ध गराउँदथ्यो ।

म २०२२ सालमा नेपाल-चीन मैत्री संघको सदस्य बनेको थिएँ र उक्त संघको तर्फबाट चीन भ्रमणमा पठाउन छनौटको लागि संघभित्र चुनाव हुँदा म पनि छानिन पुगें ।

**◆ चीन भ्रमणको अनुभव कस्तो रह्यो ?**

-चीन पुग्दा मलाई त स्वर्गमा पुगेको जस्तो भयो । त्यत्रो ठूलो देशमा न खान नपाउने मानिसहरू थिए, न त काम नपाउने मानिसहरू नै । जताततै सफा र हरियाली थियो ।

हामी गाउँ-गाउँमा पनि पुग्यौं र त्यहाँका किसानहरूसंग पनि भेटघाट गर्‍यौं । उनीहरू सबै सुखी र खुसी थिए । हामीकहाँ जस्तो चोर, लुच्चा र फटाहाहरू त्यहाँ कहीं पनि देखिनँ ।

त्यस्तै, हामीले त्यहाँ थुप्रै कलकारखानाहरूको भ्रमण गर्‍यौं र त्यहाँका मजदूरहरूसंग कुराकानी गर्‍यौं । तिनीहरू सबै सुखी र खुसी थिए ।

जोसुकै भेट्दा पनि उनीहरूको त्यो सुखको स्थिति आउनुमा चिनियाँ कम्युनिष्ट पार्टी र अध्यक्ष माओको देन रहेको बताउन उनीहरू चुक्दैनथे । त्यतिबेला मलाई हाम्रो देशमा पनि त्यस्तो व्यवस्था कहिले आउला भनी मनमा कुरा खेलिरहन्थ्यो ।

**◆ चीनमा तपाईंले अध्यक्ष माओसंग पनि भेटघाट गर्नुभो ?**

-हामीले अध्यक्ष माओसंग भेटघाट गर्न त पायौं, तर त्यस्तो खास कुराकानी भने गर्न पाइएन । तर, प्रधानमन्त्री चाओ एन लाईसंग भने राम्ररी नै भेटघाट गर्न पाएँ । र कुराकानी पनि राम्ररी नै भयो । उहाँले वहाँ काठमाडौं भ्रमणमा आउनुहुँदा मैले उपहारस्वरूप चढाएको कपडा त्यतिबेलासम्म पनि साथमा राख्नु भएको थियो । र, वहाँले मेरो हात समाई धेरै समयसम्म भावविभोर हुनुभयो ।

**◆ नेपाल फर्केपछि भ्रमणको अनुभव कहीं बताउने काम गर्नुभो ?**

-गरें, त्यसबेला राष्ट्रिय नाचघरमा भ्रमणबाट फर्केकाहरूबाट कुरा सुन्ने एउटा कार्यक्रम राखेको रहेछ । त्यहाँ चिनियाँहरू पनि उपस्थिति थिए । त्यस्तै मन्त्रीहरू र अन्य सरकारी मानिसहरू पनि थिए ।

मैले त्यहाँ आफ्नो कुरा भन्ने क्रममा नेपालमा पनि त्यस्तो व्यवस्था कहिले आउला भनेर भनेको थिएँ । त्यसको लगत्तै मलाई प्रहरीले वारेन्ट काट्यो ।

**◆ एकछिन अब अहिलेको देशको स्थितिबारे कुराकानी गरौं । तपाई अहिलेको देशको अवस्थाबाट कत्तिको सन्तुष्ट हुनुहुन्छ ?**

- अहँ, पटक्कै सन्तुष्ट छुईन । अहिले पनि किसानहरूको समस्या ज्यूँ का त्यूँ नै छ । अन्याय, अत्याचार त्यत्तिकै छ र त्यो अझ झन् बढ्दैछ ।

तर, जनताले विश्वास गरेका वामपार्टीहरू झन् झन् टुक्रेर गई सबै आ-आफ्नो डम्फु मात्र बजाउँदैछन् । अब जनताले कोसित आशा गर्ने ?

**◆ के भविष्यमा फेरि पनि किसान आन्दोलन होला ?**

-पार्टीहरू संगसंगै किसान संघ पनि विभिन्न टुक्रामा विभाजित छ । त्यसैले सबै मिलेमा फेरि पनि किसान आन्दोलन सम्भव छ, तर मिलेनन् भने संभव छैन । म यी सबै वामपार्टीहरू र किसान संघहरू मिलेर संघर्ष गरून् भन्ने चाहना राख्दछु ।

म त अहिले निक्कै बुढो भइसकें । घरबाट कहीं बाहिर जान पनि सक्दिनँ । आजभोलि मेरो घरमा पनि कोही आउनु हुन्न । त्यसैले, काम होस् भन्ने आशा राख्नु सिवाय मैले त अरू के गर्न सक्छु र ? ❑

प्रस्तुतिः **तुल्सीदास महर्जन**

# सरकारी स्कूलहरूको शिक्षाको स्तर किन गिरिरहेको छ ?

**विचार मञ्च**

**विचार-मञ्च ।**

हामीले यो नयाँ स्तम्भ यसै अंकदेखि शुरू गर्न लागेका हौं । यसमा हामी निश्चित विषयमा पाठकहरूबाट प्राप्त विचार प्रकाशित गर्दै जानेछौं । यो पटकको विचार-मंचको विषय छ- "सरकारी विद्यालयहरूको पढाइको स्तर किन गिर्दै गइरहेको छ ?"

यो विषयमा विभिन्न महानुभावहरूबाट प्राप्त विचारहरूलाई हामीले यहाँ प्रकाशित गरेका छौं ।


अर्को पटकको विचार मञ्चको लागि विषय हुनेछ-

**"भ्रष्टाचार हाम्रो देशमा किन बढिरहेछ ?"**

यो विषयमा दुई सय शब्दमा नबढाई आफ्नो विचार पठाउनु हुन हामी यहाँहरूलाई आह्वान गर्छौं । प्राप्त विचारहरूमध्ये उत्कृष्ट केही विचारहरू प्रकाशित गरिनेछन् । प्राप्त विचारहरूमा स्पष्टताको लागि र स्थानाभावको कारण सामान्य संपादन हुनसक्नेछ ।

-मूल्याङ्कन

## सरकारले गंभीर चासो लिएको छैन



**-प्रा. हर्षनारायण धौभडेल**
**शिक्षाविद्, हालः प्राध्यापक**
**त्रिभुवन विश्वविद्यालय**

सरकारी स्कूलको पढाइको स्तर गिर्नुमा दुईतीन वटा कारणहरू छन् । सबभन्दा पहिले ऐतिहासिक कारणतिर जाउँ । पंचायतकालको केही समयावधिसम्म सरकारले नयाँ माध्यमिक विद्यालय खोल्नको लागि स्वीकृति दिन बन्द गरिराखेको थियो । तर पछिल्लो समयमा सरकारको अनुदानबिना पनि स्कूलहरू खोल्न चाहनेहरूलाई स्वीकृति दिइयो । त्यतिबेलादेखि नेपालमा प्राइभेट बोर्डिङ्गहरूको स्थापना हुनथाल्यो । बोर्डिङ्ग स्कूलहरूको स्थापनापछि सम्पन्न र शिक्षित परिवारका सन्तानहरू धमाधम ती स्कूलहरूमा भर्ना गरिन थालिए । बाँकी अरू आर्थिक रूपले विपन्न र अशिक्षित परिवारका सन्तानहरू मात्र सरकारी स्कूलहरूमा भर्ना हुन थाले । यहींबाट सरकारी स्कूलको शिक्षाको स्तर क्रमशः गिर्न थाल्यो ।

अर्कोतिर, सरकारी स्कूलहरूमा श्री ५ को सरकार र शिक्षा मन्त्रालयको ध्यान जान छोड्यो । ती स्कूलहरूप्रति बेवास्ता हुन थाल्यो । आम जनताका छोराछोरीहरू पढ्ने विद्यालयहरूको पढाइ कसरी सुदृढ र स्तरयुक्त बनाउने भन्ने कुरामा ध्यान जानुको सट्टा शिक्षा मन्त्रालयको ध्यान बढी भौतिक सुविधा प्राप्त हुने, बढी पैसा आउने, विदेशी अनुदानमा चल्ने परियोजनाहरूमा बढी ध्यान जान थाल्यो । सरकारी स्कूलहरूलाई सुदृढ बनाउन, स्तरयुक्त बनाउनमा जनताहरूको सहभागिता कसरी जुटाउने ? त्यतातिर शिक्षा मन्त्रालयको गंभीर चासो नै भएन । यतिसम्म कि, प्रजातन्त्रको पुनर्स्थापनापछि शिक्षामन्त्रीले समेत प्राइभेट स्कूलहरूको प्रशंसा गर्न थाले । निजीकरणको लहर आउन थालेपछि प्राइभेट स्कूलहरूलाई पनि निजीकरण संगसंगै जोडेर हेर्न थालियो । र, सरकारी अनुदान र दायित्वमा चल्ने सरकारी स्कूलहरूप्रति बेसरोकार भएर ध्यान नदिने गर्न थालियो ।

यतिमात्र नभई विद्यालयलाई राजनीतिबाट अलगं राख्नुपर्छ भन्ने, तर शिक्षक नियुक्तिदेखि संचालक समितिको गठनमा समेत दलगत राजनैतिक स्वार्थको प्रयोग हुन थाल्यो । यसबाट विद्यालयमा अनुशासन पतोन्मुख हुँदै गयो ।

यी भए मूलभूत कारणहरू । यसको अर्को कारण शिक्षकहरूले राम्ररी पढाएका छन् कि छैनन् ? विद्यालयमा भौतिक सुविधा छन् कि छैनन् ? प्रशासन कसरी चलिरहेको छ ? आदि कुराहरूमा सरकारी निरीक्षणको अभाव हुनु पनि हो । पंचायतकालको अन्तदेखि अहिलेसम्म


## सरकारको लापर्वाही मूल कारण हो

-जनार्दन श्रेष्ठ
**शिक्षक, कीर्तिपुर मा.वि., कीर्तिपुर**

सरकारी विद्यालयहरूको स्तर घट्दै जानुमा सरकारी नीति, शिक्षक, विद्यालय व्यवस्थापन तथा प्रशासन सबै धेरैथोरै जिम्मेवार छन्।

सर्वप्रथम, त सरकारी निकायबाट समय समयमा हुनु पर्ने निरीक्षण, निर्देशन केही समयदेखि निकै कम हुँदै आएको छ। सरकारी निकाय र विद्यालयबीचको आपसी सम्बन्धबाट तय हुनु पर्ने विषयहरू समयमा भएको देखिँदैन। विषय अनुसारको पाठ्यपुस्तक निर्माण, पाठ्यपुस्तक परिमार्जन, शिक्षक दरवन्दी, विद्यालयको न्यूनतम भौतिक सुविधा उपलब्ध गराउने जस्ता अत्यावश्यक कार्यहरू हुन सकेका छैनन्। सरकारको यो लापर्वाही पनि स्तर खस्कनुको एउटा मूल कारण हो।


अन्य पेशाको तुलनामा शिक्षण पेशामा शिक्षकहरूको तालिम, सुविधा र पदोन्नतिको व्यवस्था गरिएको छैन। शिक्षण पेशालाई सरकारबाटै पक्षपातको दृष्टिले हेरिएको छ। शिक्षकहरूको उचित मूल्याङ्कन गर्न र त्यसको आधारमा पुरस्कृत गर्ने र दण्ड दिने कुनै परिपाटी छैन।



यसले गर्दा योग्य र क्षमतावान शिक्षकहरू हिनतावोधले ग्रसित भएका छन्। अरू राम्रो पेशा पाएसम्म क्षमतावान र योग्य व्यक्तिहरू शिक्षण पेशामा आउने गर्दैनन् र भएकाहरू पनि बाध्य भएर शिक्षण पेशा छोडेर गएका छन्।

शिक्षाको स्तर घट्नुमा स्थानीय स्तरको विद्यालय व्यवस्थापन समिति र विद्यालय प्रशासन पनि उत्तिकै जिम्मेवार छन्। व्यवस्थापन समितिमा रहेका पदाधिकारीहरू विद्यालयमा कुनै समस्या परिआउँदा पन्छिने गरेका उदाहरणहरू छन्। यसले गर्दा समयमा समस्याको निदान नभएर विद्यालयको शैक्षिक गतिविधि लथालिङ्ग हुनेगरेको छ। यस्तै किसिमले शहरी क्षेत्रमा रहेका भौतिक सुविधासम्पन्न विद्यालयहरूमा पनि दरिलो विद्यालय प्रशासन कायम नभएर पनि विद्यालयमा पढाइ सुचारू रूपले हुन सकेको देखिँदैन। ❑

## नयाँ शिक्षा योजनाको ठूलो भूमिका छ



-शंकरनाथ शर्मा,
**भू.पू. प्र.अ. सिन्धुली**

हाम्रो देशका विद्यालयहरूमा शिक्षाको स्तर दिनानुदिन गिर्दै गएको छ। खासगरी, प्राथमिकदेखि माध्यमिक स्तरसम्मका सरकारी विद्यालहरूको शैक्षिक स्तरलाई हेर्दा बोर्डिङ्ग स्कूलमा पढाउन नसक्ने नेपाली जनताका बालबालिकाहरूको भविष्य कतातिर जाने हो, चिन्ताको विषय बन्न पुगेको छ। एउटै तहको शिक्षा सपन्न र विपन्न परिवारका बालबालिकाहरूलाई पृथक-पृथक खालको दिने व्यवस्था राज्यले गर्नु भनेको विडम्बना बाहेक केही हुन सक्तैन। सरकारी विद्यालयहरूको शैक्षिक स्तर किन गिरिरहेको छ ?- यसतर्फ सबैको ध्यान जानु आवश्यक भएको छ। हुन त यसका धेरै कारणहरू होलान्। ती मध्ये केही प्रमुख कारणहरू यहाँ प्रस्तुत गर्न खोजेको छु।

पहिला, सरकारी विद्यालयको शैक्षिक स्तर गिराउँन नयाँ शिक्षा योजनाले ठूलो भूमिका खेलेको छ। नेपालको सामाजिक, भौतिक स्थितिको उचित अध्ययनविना विदेशी नक्कल गरेर जबरजस्ती लादिएको योजनाले विद्यालयप्रतिको स्वस्फूर्त दायित्वबाट शिक्षक तथा अभिभावकहरूलाई अलग गराइदियो। फलतः बोर्डिङ्ग स्कूलहरूको बृद्धि हुनपुग्यो। सरकारी विद्यालयहरूको पढाइ गिर्न शुरू भयो।

दोस्रो कारण भनेको, वर्तमान अवस्थामा आएर पनि चालू सरकारको शिक्षाप्रतिको गैर जिम्मेवार नीति हो। शिक्षा नियमावलीमा अनावश्यक फेरदल, जिल्ला शिक्षा समिति, छनौट समिति, विद्यालय व्यवस्थापन समितिको निर्माणमा भएको राजनीतीकरण, योग्यता र क्षमतालाई तिलाञ्जली दिई शिक्षकको नियुक्ति सरूवा, बढुवामा भएको राजनीतीकरण, शिक्षकहरूलाई पुरस्कृत गरिंदा मूल्याङ्कनमा गरिने राजनीतीकरण आदि।

तेस्रो कारण हो, विद्यालय संचालनको लागि स्वीकृति दिंदा भौतिक स्थितिको अध्ययनविना नै स्वीकृति दिइनु तर शिक्षक दरवन्दी नदिइनु।

चौथो कारण हो, शिक्षण पेशालाई उपेक्षित दृष्टिकोणले हेरिनु।

पाँचौं कारण हो, भू-बनोट र सामाजिक चेतनासंग नमिल्ने गरी बनेको दोषपूर्ण पाठ्यक्रम।

छैठौं, शिक्षक, विद्यार्थी तथा अभिभावकहरूमा अनुशासनको भावना खस्किएर जानु।

सातौं, शिक्षकहरूमा समाजसेवी भावना ह्रास भई मर्यादित किसिमले रहन नसकी कर्मचारीपनको विकास हुनु।

आठौं, राजनीति दलहरूले शिक्षकहरूलाई राजनीतिक कार्यकर्ताको रूपमा परिचालन गर्न खोज्नु र तदनुरूप शिक्षकहरू परिचालित हुनु।

शिक्षामा भएको यही दुर्गतिको कारण नै शिक्षाको स्तर गिरेको हो।

अर्को कुरा, मलाई के भन्न मन लाग्छ भने, अहिलेको विद्यालयले समाजमा व्याप्त वर्ग-चरित्रलाई प्रतिविम्बित गरिराखेको छ। हाम्रो समाजमा यस्तो वर्ग-चरित्रको विकास भएको छ कि- यहाँ शिक्षित नागरिकले समेत समाजको दुर्गतिप्रति कुनै चासो नै राख्दैन। हाम्रो समाजका सम्पन्न र शिक्षित वर्गहरू, जसले आफ्नो सन्तानलाई शिक्षा दिन चाहन्छन्, उनीहरू आफ्नो छोराछोरीलाई भएका विद्यालयहरूमध्ये सबभन्दा राम्रो प्राइभेट विद्यालयमा भर्ना गर्छन्। तर उनीहरू आफैं भएका सरकारी स्कूहरूलाई कसरी सपार्ने भन्ने कुरामा चासो राख्दैनन्। यसरी सरकारी स्कूलहरू कसैको दायित्व नभएको लावारिस अवस्थामा छन्।

हुन त यो कुरालाई श्री ५ को सरकारले नकार्ला, किनकि त्यहाँ निरीक्षकहरू छन्, पाठ्यक्रम विकास शाखा छ, जिल्ला शिक्षा कार्यालय छ, परीक्षा नियन्त्रण कार्यालय छ र अन्य शिक्षा परियोजनाहरू छन्। तर यी सबै कुराहरू भइकन पनि कसौडीमा पाकेको भात पस्कने बेलामा थालमा केही नभएको जस्तो भइरहेको छ। यही हो नेपालको शिक्षाको स्थिति। यी सबै कारणहरूले गर्दा नै नेपालमा सरकारी स्कूलको शिक्षा स्तर गिर्दै गइरहेको हो।

## अभिभावकहरु पनि सचेत छैनन्

**-लक्ष्मी माली**
**सहायक प्रधानाध्यापक,**
**विद्या मन्दिर मा.वि. नैकाप, काठमाडौं**

सरकारी स्कूलहरूको शैक्षिक स्तर गिर्नुका कारणहरू त धेरै होलान्, तीमध्ये मैले देखेका मुख्य कारणहरू हुन्-

अभिभावकहरू सचेत नहुनु। आफ्ना छोराछोरीहरूले राम्रोसित पढिरहेका छन् कि छैनन्, उनीहरूको पढाइको लागि के के कुराहरूको आवश्यकता छ, पाठ्यक्रम र पढाइको स्तर कस्तो छ, ती कुनै कुराहरूमा हाम्रा अभिभावकहरूको ध्यान गइरहेको छैन। उनीहरूलाई त्यस कुरामा कुनै चासो नै छैन।

अर्को कुरा, शिक्षा क्षेत्रमा श्री ५ को सरकारको ध्यान नै गइरहेको देखिँदैन। शिक्षालाई स्तरीय बनाउने र शिक्षाको विकास गर्ने कुरामा शिक्षा मन्त्रालयको



प्रतिवद्धता नै देखिन्न। शिक्षा मन्त्रालयसंग पढाइको स्तर उकास्ने कुनै कार्यक्रम नै छैन। विद्यालयमा कस्तो पढाइ भइरहेको छ, प्रशासन कसरी चलिरहेको छ भन्ने कुराको निरीक्षण गर्ने र आवश्यक नियन्त्रण गर्ने व्यवस्था नै छैन। राम्ररी पढाउने शिक्षकहरूको राम्रो मूल्याङ्कन गर्ने र पुरस्कृत गर्ने व्यवस्था छैन, न त जथाभावी गर्ने शिक्षकलाई दण्ड दिने व्यवस्था छ। अनि कसरी पढाइको स्तर सुध्रने ?

योग्य शिक्षकहरूको अभाव, शिक्षकहरूमा उत्तरदायित्वको कमी, शिक्षकहरूप्रति सामाजिक मर्यादाको अभाव, शिक्षकहरूको तालिमको व्यवस्था नहुनु पनि शिक्षाको स्तर गिर्नुका अर्का कारणहरू हुन्।

अर्को कारण अलि सम्पन्न र खान पुग्ने शिक्षित अभिभावकहरूको आफ्नो सन्तानको स्तरीय शिक्षाको लागि प्राइभेट स्कूलहरूमा पढाउने प्रवृत्ति हो। यसले गर्दा पढ्नको लागि सुविधा प्राप्त गर्न सक्ने, समय निकाल्न सक्ने र शैक्षिक वातावरणमा हुर्केका सबै केटाकेटीहरू प्राइभेट स्कूलहरूमा पुग्छन् र विपन्न, अपठित र अरूको घरमा नोकरी गरेर बल्लतल्ल स्कूल जान समय निकाल्न सक्ने केटाकेटीहरू मात्र सरकारी स्कूलका विद्यार्थी हुन पुगेका छन्। तीतो भाषामा भन्ने हो भने, सरकारी स्कूल छोरीहरू पढ्ने स्कूल भएको छ। अब भन्नुहोस् न, म एकजना सहायक हेडमास्टर, राम्रो शिक्षाको लागि म नै मेरा छोराछोरी सरकारी स्कूलमा नपढाएर बोर्डिङ्ग स्कूलमा पढाउँछु भने अरूको हालत के होला ?

त्यसमा पनि अलि प्रतिभाशाली विद्यार्थीहरूलाई लोभ लालच देखाएर प्राइभेट स्कूलहरूले तान्ने गर्छन्।

यी कारणहरू नै हुन् जसले गर्दा सरकारी स्कूलहरूको शैक्षिक स्तर गिर्दै गइरहेको छ।

# 'काका हो' बाट सिकौं !

विश्व कम्युनिष्ट आन्दोलनमा क. हो चि मिन्हको नाम निकै प्रसिद्ध छ। चिनियाँहरु भियतनामी जनताका मुक्तिदाता हो चि मिन्हलाई स्नेह र आदरका साथ 'काका हो' भन्थे। हो चि मिन्हको बाल्यकालको नाउँ कुङ्ग थियो। उहाँको जन्म गरीब र एउटा साधारण परिवारमा भएको थियो। उहाँ बाल्यकालदेखि नै आफ्नो मुलुकलाई उपनिवेश बनाउने साम्राज्यवादी मुलुक फ्रान्सका विरुद्ध लाग्नु भएको थियो। हो चि मिन्हले फ्रान्सिसी उपनिवेशविरोधी आन्दोलनको क्रममा ङुएन तात थान्ह, बा, ङुएन ऐ कुआक, ली थुई, लिन, टोङ्ग भाङ्ग, ओल्ड थु, हो क्वाङ्ग आदि नामबाट काम गर्नु भएको थियो। र, अन्तमा वहाँ हो चि मिन्ह अर्थात् 'ज्ञानदाता'को नामले प्रसिद्ध हुनु भएको थियो।

फ्रान्सिसी साम्राज्यवादलाई पराजित गरेपछि आफ्नो देशमाथि आधिपत्य जमाउने अमेरिकी साम्राज्यवाद विरुद्ध पनि उहाँ निरन्तर जुझ्नु भयो। स्वतन्त्र र जनवादी भियतनामका राष्ट्रपति बनिसकेपछि पनि उहाँले निकै सरल जीवनयापन गर्नुभयो। उहाँको जीवन कति सरल थियो भन्ने कुरा वहाँको पहिरनबाटै स्पष्ट झल्किन्थ्यो। खाकी रंगको जीनको कमिज पाइन्ट र रबरको चप्पलका साथै, छाप्रो जस्तो घरमा वहाँको बसाईले पनि दर्शाउँछ– उहाँको जीवनशैली सारै सरल थियो, तर उहाँको विचार भने पहाड जस्तै निकै दृढ र उँचो थियो।

गएको सेप्टेम्बर महिना वहाँको देहावसान भएको महिना हो। प्रस्तुत छ, वहाँको स्मृतिमा वहाँ सम्बन्धी दुई रोचक र प्रेरक प्रसंगहरु–



**क. हो चि मिन्हः** उहाँको जीवनशैली सारै सरल थियो, तर उहाँको विचार भने पहाड जस्तै निकै दृढ र उँचो थियो।

## विश्वकम्युनिष्ट आन्दोलनको एकताको लागि

प्रसङ्ग सन् १९६० को हो।

हो चि मिन्ह राष्ट्रपति भैसक्नु भएको थियो। उता, दुई ठूला समाजवादी राष्ट्रहरू चीन र सोभियत संघबीच कटुता बढ्न थालिसकेको थियो। मास्कोमा कम्युनिष्ट पार्टी र श्रमिक पार्टीहरूको सम्मेलन हुँदै थियो। सम्मेलनमा तयार पारिएको घोषणा-पत्रप्रति सबै राष्ट्रका प्रतिनिधिहरूले सहमति जनाइसकेका थिए। मात्र चिनियाँ प्रतिनिधिले असहमति जनाउँदै थिए। असहमतिको बुँदा सैद्धान्तिक भएकोले सोभियत संघ र चीन दुबै आ-आफ्नो अडानमा अडिग थिए। यसको कारणले सम्मेलन नै असफल हुने छाँटकाँट देखिइसकेको थियो। स्थितिलाई बिग्रन नदिन हो चि मिन्हले खुस्चेभलाई भन्नु भयो- "कमरेड खुस्चेभ, तपाई अलि लचिलो भइदिनुस् र चीनको कुरो मान्नुस्।"

खुस्चेभले भने- "कसरी हुन सक्छ, आखिर यो सिद्धान्तको कुरा छ?" हो चि मिन्हले फेरि भन्नुभयो - "कमरेड खुस्चेभ, आखिर तपाई किन बुझ्नु हुन्न? चीन एउटा ठूलो मुलुक हो र चिनियाँ कम्युनिष्ट पार्टी पनि निकै ठूलो पार्टी हो। यो हाम्रो अन्तर्राष्ट्रिय आन्दोलनबाट चीन अलग्गियो भने विश्व कम्युनिष्ट आन्दोलनले नै ठूलो घाटा व्यहोर्नु पर्नेछ। यो घोषणा-पत्रमा चीनको सहमति पनि हुनै पर्दछ, तब न विश्वमा यसको राम्रो प्रभाव पर्नेछ।"

खुस्चेभले फेरि भने- "तपाई यो नसम्झनुस्, हामीले चिनियाँ कम्युनिष्ट पार्टीको शक्तिलाई कम आँक्दैछौं। हामी उनीहरूसंग भाइचाराको व्यवहार गर्दैछौं नै। तर यो पनि नसम्झनुस् कि हामी पनि कमजोर छौं।"

तर हो चि मिन्ह कुनै पनि हालतमा विश्व कम्युनिष्ट आन्दोलन टुक्रियोस् भन्ने चाहनुहुन्नथ्यो। त्यसकारण वहाँले फेरि भन्नु भयो- "तर यो हाम्रो लागि दुःखद घटना हुनेछ। साथै तपाई यो पनि नबिर्सनुस् कि चीन हाम्रो छिमेकी मुलुक पनि हो।" यति भनी वहाँ चिनियाँ प्रतिनिधिहरूकहाँ जानु भयो र कुराकानी गर्नु भयो। उहाँ फेरि सोभियत प्रतिनिधिहरूकहाँ जानु भयो। कुराकानी गर्नुभयो। लामो अन्तर्क्रियापश्चात् सोभियत प्रतिनिधिहरू बल्ल चिनियाँहरूसित सम्झौता गर्न तयार भए। र, केही हेरफेर पश्चात् चिनियाँहरूले पनि हस्ताक्षर गरे। र, यसरी वहाँले तत्कालीन स्थितिमा विश्व कम्युनिष्ट आन्दोलनलाई विभाजित हुनबाट बचाउनु भयो।

## गरीबहरुप्रतिको ममता

प्रसंग क्रान्ति अगाडिको समयको हो।

विभिन्न मुलुकहरू घुमेर देशलाई मुक्त पार्ने उत्तम उपाय खोजी गर्ने ध्येयले २७ वर्षको उमेरमा उहाँ बेलायत पुग्नु भएको थियो। उहाँले त्यहाँ थाल र रिकापीहरू माझ्ने काम पाउनु भएको थियो। उहाँले त्यहाँ विहान ८ बजेदेखि दिउँसो १२ बजेसम्म र दिउँसो ५ बजेदेखि बेलुकी ५ बजेसम्म काम गर्नु पर्थ्यो। रिकापी र थालहरू धुने क्रममा कुखुरा र सुँगुरका केही टुक्रा मासुहरू बचेको रहेछ भने त्यस्तो मासुको टुक्रालाई उहाँले भान्साघरमा पठाइदिनु हुन्थ्यो। उहाँको यस कामलाई एक दिन रेष्टुराँको भान्साको प्रमुखले देख्यो र उहाँलाई सोध्यो- बा! (त्यतिबेलाको नाउँ) तिमी किन अरूहरूले जस्तै यी चीजहरूलाई फोहर फाल्ने भाँडोमा हाल्दैनौ?

बाले जवाफ दिनुभयो- "यी चीजहरू किन फ्याँक्ने? बरू तपाई यसलाई खान नपाएका गरीबहरूलाई बाँडीदिन सक्नुहुन्छ।" बाको गरीबहरूप्रतिको यस्तो ममतायुक्त कुरा सुनी भान्साको प्रमुख अति खुसी भयो र उसले वहाँलाई भान्साको काम सिकाई कुक बनाइदियो।

❑ राजेन्द्र स्थापित


विजया दशमी तथा दिपावलीको उपलक्ष्यमा नेपालीको प्रगति र सम्वृद्धिको मंगलमय शुभकामना व्यक्त गर्दछौं !

मेयर. डोरमणि पौडेल
तथा
हेटौंडा नगर पालिका परिवार

विजया दशमी तथा दिपावलीको उपलक्ष्यमा नेपालीको प्रगति र सम्वृद्धिको मंगलमय शुभकामना व्यक्त गर्दछौं !
नेपाल खानेपानी संस्थान

विजया दशमी तथा दिपावलीको उपलक्ष्यमा नेपालीको प्रगति र सम्वृद्धिको मंगलमय शुभकामना व्यक्त गर्दछौं !
नेपाल औद्योगिक विकास निगम

औद्योगीकरण गर्ने सपना देख्नुपर्छ र तयारी सामान निर्यात गरेर नाफा कमाउने लक्ष्य राख्नुपर्छ। जापानमा कुनै प्राकृतिक स्रोत छैन तर पनि ऊ कसरी धनी भयो ? उसको धनी हुनुको रहस्य हो- मूल्य जोडिएको (Value added) तयारी सामानलाई निर्यात गरेर। त्यस्तै हामी किन गर्न सक्दैनौं ?

यस्तो नगरी हामीले भारतमा विजुली निर्यात गर्न लाग्यौं भने सस्तो विजुली प्रयोग गरेर उसले अझ बढी मूल्य जोडिएका तयारी बस्तुहरू हामीलाई बेच्ने छ। यसबाट हाम्रो व्यापार घाटाको स्थिति भने झनझन् ओरालो लाग्नेछ। हामी झनझन् पराधीन हुनेछौं।

## के भारतले Avoided cost मा विजुली किन्ने भएको छ ?

हाम्रा मंत्री महोदयले संसदमा बोलेका छन्- भारतले महाकाली सन्धि अनुसार Avoided cost मा विजुली किन्ने भएको छ र त्यो भयो भने नेपाललाई विजुली बेचेर पनि फाइदा हुनसक्ला। तर यो कुरा सम्भव छ र ?

पहिलो कुरो त, Avoided Cost (अर्थात विस्थापित मूल्य) भन्ने न वाक्यांश, न अवधारणा नै यो सन्धिमा फेलापर्छ।

Avoided Cost भनेको एकदमै प्राविधिक र विशेष अर्थ दिने अवधारणा हो। यो अवधारणा अरब देशले तेलमा व्याकमेल गर्न नसकोस् भनेर अमेरिकालाई उर्जामा स्वावलम्बी बनाउन १९७० को दशकको अन्तर्तिर जन्मेको हो। कुनै खास आयोजना नबनाएको भए पीक समयमा विजुलीको माग पूरा गर्न अर्को कुन महँगो आयोजना विकल्पको रूपमा बनाउनु पर्थ्यो ?, त्यसको मूल्य यस आयोजनाले बचाएको आधारमा विजुलीको मूल्य तोक्ने अवधारणा नै Avoided Cost को अवधारणा हो। Avoided Cost बजारबाट अधिकतम लाभ लिने अवधारणा हो। पंचेश्वरको विजुली Avoided Cost को आधारमा भारतले किन्ने कुनै प्रावधान सन्धिमा छैन। सन्धिको पत्राचारको भाषाले के देखाउँछ भने, हामीले cost plus कै आधारमा भारतलाई विजुली बेच्न बाध्य हुनु पर्नेछ, अर्थात् परल मोलभन्दा अलिकता बढीमा। त्यो सस्तो विजुली भारतले बजारमा महँगोमा बेचेर अधिकतम लाभ चाहिं उनीहरूले लिने देखिन्छ।

यदि Avoided cost मा विजुली बेच्ने हो भने सन्धिमा त्यो स्पष्ट भाषामा उल्लेख हुनु पर्थ्यो। र, Avoided cost चाहिं कुन विकल्पसित तुलना गरेर तोक्ने हो भन्ने कुरा पनि तोकिनु पर्थ्यो। यी दुवै कुरा सन्धिमा तोकिएका छैनन्। सन्धिमा "आयोजनाबाट हुने लाभहरूको मूल्याङ्कन गर्दा अन्य कुराका अतिरिक्त, सम्बन्धित उपलब्ध विकल्पको तुलनामा" भन्ने शब्द प्रयोग गरिएको छ। यो "अन्य कुराको अतिरिक्त (Inter alia) भनेको के हो ? बडो रकमी भाषा प्रयोग गरिएको छ। यसको अर्थ- भारतको दिहाङ विद्युत आयोजनाको सस्तो विजुलीको तुलनामा भन्ने पनि लाग्न सक्छ। सुवनसीरी जस्ता भारतका अन्य सस्ता जलविद्युत आयोजनाको तुलनामा भन्ने पनि अर्थ आउन सक्छ। भारतका सस्ता जलविद्युत आयोजनासित तुलना गरेर पंचेश्वर बन्नाले ती सस्ता आयोजनाको मूल्य बचायो भनेर भूटानको जस्तै ४० पैसा प्रति युनिटमै विजुली बेच्नु पर्ने स्थिति आइदियो भने के गर्ने ?

त्यसैले, भारतले Avoided cost को अवधारणा स्वीकार गर्‍यो र त्यसको आधारमा विजुली किन्ने भो भन्ने कुरा गलत हो। जिम्मेवार जलस्रोत मन्त्रीले संसदमै त्यस्तो दावी गर्नु राष्ट्रलाई गुमराहमा पार्नु हो।

विस्थापित मूल्य (Avoided Cost) मा विजुली बेच्ने हो भने, त्यसको जटील गृहकार्य पहिले आफ्नै घरबाट थालिनुपर्छ। किनभने, भनिन्छ संसारमा सबभन्दा गाह्रो काम आफू सहमत नभइकन अरूलाई सहमत गराउन खोज्नु हो। हामीले विस्थापित मूल्यको प्रावधान नेपालमा कसरी लागू गरेका छौं वा छैनौं, त्यो भारतले हेरिरहेको हुन्छ। हामीसंग उसले त्यसैअनुरूप मोलतोल गर्नेछ, आफ्नो अधिकतम लाभको लागि। अरूण तेस्रो खारेज भएपछि त्यसको विकल्पमा बन्न लागेका पुवा, चिलिमे, काली गण्डकी 'ए', मोदी, खिम्ती, भोटेकोशी लगायत सबै विकल्पहरू एक साथ मिलाउँदा ती विकल्पहरू अरूणभन्दा झण्डै दोब्बर सस्ता र दोब्बर छिटो विजुली दिने ढंगले अगाडि बढिरहेछन्। (तालिका हेर्नुस्)

आउँदो १० वर्षको हाम्रो विजुलीको माग १५० देखि २०० मेगावाट हुने देखिन्छ र त्यो माग यी आयोजनाहरूले धान्ने देखिएको छ। त्यसपछिको १० वर्षमा हाम्रो माग २०० देखि ३०० मेगावाट हुने देखिन्छ।

पंचेश्वरको कुरा गर्दा हामीले के बिर्सनु भएन भने, यो आयोजनाको आधा विजुली त भारतकै हुन्छ। निर्माणमा ऊ पनि संलग्न हुन्छ र उसलाई पूरा खर्चको ज्ञान भएको हुन्छ। एक हिसाबले उसको हिस्सा त उसले परल मूल्यमै पाउँछ। सन्धि अनुसार हाम्रो भागको विद्युतको केही हिस्सा भारतलाई विक्री गरिनेछ। हाम्रो भागमा ३२४० मेगावाट आउँछ र त्यसमध्ये ३००० मेगावाट हामीले भारतलाई विक्री गर्नु पर्ने हुन्छ। किनकि २४० मेगावाट मात्र हामी आगामी १० वर्षपछि खर्च गर्न सक्ने हालतमा छौं। यो परिस्थितिमा सन्धिको प्रावधान हेर्दा परलमोलभन्दा केही बढीमा नै हाम्रो विजुली भारतले किन्ने अवश्यंभावी देखिन्छ। Avoided Cost मा हाम्रो विजुली किन्नै पर्ने कुनै बाध्यता सन्धिले भारतको निमित्त सिर्जना गरेको छैन। त्यो बाध्यता श्रृजना गर्ने एक मात्र तुरूप हाम्रो संविधानको धारा १२६ ले हामीलाई दिएको थियो- भारतले भनेजस्तो मोल तिर्न मन्जुर नभएसम्म 'नाईं' भन्न सक्ने क्षमता। त्यो अब ह्रास भयो, दुरूपयोगले गर्दा। विजुलीको मोलबारे पहिले नै प्रष्ट भाषामा छिनोफानो नगरी हत्तपत्त सन्धि नै अनुमोदन गर्नपुग्नाले यस्तो हुन गएको छ।

### के अरुण तेस्रो रद्द गरेर नेपाललाई हानी भएको छ ?

### तुलना गरेर हेर्नुहोस्ः

**स्वर्गीय अरुण- ३ को 'हत्या'ले कार्यान्वयनमा ल्याएका विकल्पहरु**

| योजना | निर्माण अवधि (वर्ष) | निस्कने विजुली (मेगावाट) | लाग्ने खर्च करोड डलर | प्रतिकिलोवाट लागत मूल्य डलरमा |
|---|---|---|---|---|
| अरूण- | १० वर्ष | २०१ | १०८.३ | ५३८८ |
| **अरुण तेस्रोका विकल्पहरु** | | | | |
| कालीगण्डकी ए | ४ | १४४ | ४२.५ | २४१७ |
| खिम्ती | ४ | ६० | १२.६ | २१०० |
| भोटेकोशी | ४ | ३६ | ९.८ | १३६१ |
| चिलिमे | ४ | २० | २.७ | १३५० |
| मोदी | ४ | १४ | २.६ | १८५७ |
| पुवा | ४ | ६.२ | १.२ | १९३६ |
| जम्मा | ४ | २८०.२ | ७१.४ | २०९८ औसत |

*अब दाँज्नुहोस् र सोच्नु होस्- कुन जाती ?*

**अरुण तेस्रोको विकल्पमा बन्न लागेको साना आयोजनाहरुको यो प्याकेजः**

- ६ वर्ष छिटो बन्छ
- ७९.२ मेगावाट बिजुली बेसी निस्कन्छ
- ३६.९ करोड डलर कम खर्चमा बन्छ
- प्रति किलोवाट डबलभन्दा पनि बेसी सस्तोमा बिजुली प्राप्त हुन्छ

*स्रोतः विभिन्न गैर सरकारी स्रोतबाट संकलित*

## के DPR गर्दा सबै गल्ती सच्याउन सकिन्छ ?

अहिले हाम्रा राजनीतिज्ञहरू महाकाली सन्धिमा भएका सबै बाँकी दोषहरू DPR बनाउँदा सच्याउन सकिन्छ भन्दै आएका छन्। यो सारै नै गैर जिम्मेवारीपूर्ण कुरा हो। यो संविधान पास गरिसकेपछि कानूनद्वारा संविधानको गल्ती सच्याउन सकिन्छ भनेजस्तै कुरा हो।

सन्धि भनेको राजनीतिक अधिकारको छिनोफानो हो। दुई देशका बीच नदीमा हक कति, पानीमा हक कति, विजुलीमा हक कति, पानी र विजुलीको मोल कति ?- यो कुरा सन्धिले छिनोफानो गर्ने कुरा हो। महाकाली सन्धिले त्यो छिनोफानो गरिदिएको भए, DPR मा आ-आफ्नो हकको विजुली कसरी सकेसम्म सस्तोमा उत्पादन गर्ने, त्योसम्म इन्जिनियरहरूबाट गर्न सकिन्थ्यो। DPR भनेको त बिलकुलै प्राविधिक कुरा हो। यो हामीजस्ता इन्जिनियरहरूले बनाउने कुरा हो। राजनीतिज्ञहरूले गंभीर गृहकार्य नै नगरी संसदबाट हचुवामै सन्धि पास गरीदिने र राष्ट्रको अधिकार जति गुमाइदिने, अनि इन्जिनियरहरूले DPR मा राजनीतिज्ञहरूले गुमाएका अधिकारहरू फिर्ता ल्याइदिने ? यस्तो त सपनामा मात्र संभव होला, विपनामा कहिं कतै संभव हुँदैन। यस्तो संभव छ भन्नु इन्जिनियरहरूमाथि राजनीतिज्ञहरूको घोर अन्याय हो। यो राजनीतिज्ञहरूको निकम्मापनको दोष प्राविधिकहरूमाथि थोपर्ने चालबाजी हो। सन्धिमा जुन अधिकार गयो, सो गयो। त्यो अब कुनै प्राविधिकहरूले DPR मा फर्काएर फर्किने कुरा होइन। सार्वभौम संसदले गर्न नसकेको कुरा विचरा प्राविधिकहरूले कसरी गर्न सक्छन् ?

## अब के गर्न सकिन्छ र के गर्नु पर्छ ?

मलाई सोध्नुहुन्छ भने पंचेश्वर बन्न सक्ने आयोजना नै होइन, र, यो बन्ने संभावना अत्यन्तै कम छ। बन्दै नबन्ने आयोजनामा व्यर्थमा हाम्रो राष्ट्र विभाजित भएको छ। यहाँका राजनीतिक संस्थाहरूमाथि जनताको आस्था र विश्वास ढलेको छ। पहिला प्रथम त, यो ढलेको आस्था र विश्वास नै उठाउने काम हुनुपर्छ। सबैभन्दा सचेत संस्थाबाट यो काम थालिनुपर्छ। यहाँ अब सिंगै राजनीतिक संस्था नै बदनाम हुने कि केही गल्ती गरेका मान्छेहरू मात्रको बलिदान हुने ?- त्यो छनौट गर्ने बेला आएको छ। महाकालीले 'एक दुई वटा बली' त खाला जस्तो छ। नत्र महाकालीको रौद्र रूप यत्तिकै शान्त होला जस्तो छैन।

म यसमा व्यक्तिलाई मात्र बली चढाउनु पर्छ भन्दिनँ। मुख्य कुरा हाम्रो निर्णय गर्ने गलत प्रक्रियालाई बली चढाउनु पर्‍यो। एउटा दुइटा व्यक्तिलाई निर्णय गर्ने सारा अधिकार हुने, एक दुई नेताले निर्णयमा सही गरेर आएपछि सारा पार्टी त्यसको

विपक्षमा भए पनि त्यो निर्णयसँगै सती जानुपर्ने, यो कुनै प्रजातान्त्रिक परिपाटी भएन। खै त प्रजातान्त्रिक 'चेक एण्ड ब्यालेन्स'को प्रक्रिया हाम्रा संस्थाहरूभित्र ? त्यसैले, ढलेको आस्था पल्टाउन सर्वप्रथम यो अप्रजातान्त्रिक निर्णय प्रक्रियालाई बली चढाउनु पर्‍यो।

सन्धि पास गरेर कानूनी हिसाबले त हामी अब हार्‍यौं, तर नैतिक हिसाबले हामी अझै हारिसकेका छौं भन्ने मलाई लागेको छैन। यो सन्धि कानूनी त भएको छ, तर जायज भइसकेको भने छैन। DPR नै बनेको छैन, तर सन्धि पास भइसक्यो। यस्तो सन्धि कसरी जायज हुन्छ ? संसदले राष्ट्रिय संकल्प पास गरेको छ, सन्धिकै बारेमा। राष्ट्रिय संकल्प पास गर्न सक्ने संसदले राष्ट्रिय संकल्पभित्रका कुराहरू सन्धिमा पारेर, त्यही बमोजिम सन्धि परिमार्जित गरेर पास गर्न किन सकेन ? किन त्यसको निम्ति सन्धि अनुमोदन कार्यलाई ६ महिना उता लान सकेन ? सन्धि संसदबाट पास गर्न त दुई तिहाई बहुमत चाहियो, तर पार्टीबाट पास गर्न किन दुई तिहाई बहुमत चाहिएन ? अति संवेदनशील राष्ट्रिय मामिलामा सन्धि पास गर्ने नैतिक बल हुनको लागि कम्तीमा दुई तिहाई बहुमत पार्टीमा हुनु जरूरी हुन्थ्यो कि हुन्नथ्यो ? यस्तो गंभीर राष्ट्रिय मामिला एक भोटको अन्तरले पास गर्ने कुरा नैतिक र जायज हो कि होइन ? अझ, यसमा कृत्रिम बहुमत पार्नु नैतिक र जायज हो कि होइन ?

त्यसैले, सन्धि कानूनी तवरले त पास भएको छ, तर यो जायज (Legitimate) भएको छैन। यसमाथि थुप्रै नैतिक प्रश्नहरू बढेका छन्। यो सन्धिका पछाडि कानूनी बल त देखिन्छ, तर कुनै नैतिक बल देखिन्न। यस स्थितिमा, यस्तो अनैतिक र नाजायज प्रक्रियाबाट सन्धि पास गर्ने प्रक्रियालाई पनि हामीले बली चढाउनु जरूरी छ। र, यो सन्धिलाई जायज र नैतिक बनाउन संघर्ष गर्नु र त्यस्तो बन्न नसकेसम्म यसलाई कार्यान्वयन हुनबाट रोक्नु हाम्रो अर्को काम हुनुपर्छ।

हामीले गर्नुपर्ने अर्को काम त सन्धिबारे जनतालाई शिक्षित गर्नु नै हो। पढेलेखेका शिक्षित मान्छेहरूले समेत यो सन्धिको मर्म बुझेका छैनन्। अहिले हामीकहाँ दिनहुँ जस्तो ३-४ जना नेता वा सांसदहरू आइरहेका छन् र कुरा सुनेपछि उनीहरू जिब्रो टोकिरहेका छन्। त्यसैले, सन्धिबारे जनचेतना जागृत गर्नु हाम्रो प्रमुख काम हुनुपर्छ।

म आफूलाई अन्तर्राष्ट्रवादी ठान्छु। जुन कुराले नेपालको अहित हुन्छ, त्यो कुराले अन्ततः भारतको हित हुन सक्दैन र जुन कुराले भारतको अहित हुन्छ, त्यो कुराले नेपालको पनि हित हुन सक्दैन। हामीले त्यसैले, दुवैको हित हुने बाटो खोज्नुपर्छ। भारतलाई हामीले एकै ढिका र एकै विचारको भनी सोच्नु हुन्न। भारतमा महाकाली सन्धि ठीक छैन भन्नेहरू पनि त्यत्तिकै छन्। महाकाली योजना जस्तो ठूलो योजनाले भारतलाई पनि डुबाउँछ भन्नेहरू समेत त्यहाँ छन्। हामीले त्यस्ता भारतीयहरूसित एकताबद्ध हुने प्रयत्न गर्नुपर्छ। एकताबद्ध विरोध अभियान हामीले चलाउन खोज्नुपर्छ। हाम्रो बौद्धिक र नैतिक लडाइँ हामीले भारतको मुटुमै पुर्‍याउने प्रयत्न गर्नु पर्छ, प्राज्ञिक तहमा पनि र अन्य तहमा पनि। यो हामीले गर्ने पर्ने अर्को काम हो।

नेपालमा निजी कम्पनीहरूले खिम्ती, भोटेकोशी इत्यादिमा विस्थापित मूल्यमा आफ्नो विजुली श्री ५ को सरकार र ने.वि.प्रा.लाई बेच्न सफल भए भन्नुको मतलब विस्थापित मूल्यको मापदण्ड स्वर्गीय अरूण-३ रह्यो, जसअनुसार खिम्ति, भोटेकोशी बनाउने कम्पनीहरूले बजार प्रवेश गर्दा त्यस मापदण्डको आधारमा सम्झौता गरे। अब कम्पनीहरूलाई योजना सस्तो र छिटो उत्पादन गर्नुमा नाफा छ। हामीले पनि भारतको बजारमा यसरी नै प्रवेश गरेको भए अधिकतम फाइदा हाम्रो हात लाग्थ्यो। अब परल मोलभन्दा अलि बढी cost plus मा सन्तोष लिनु पर्ने स्थिति नआउला भन्न सकिदैन। ❑

विजयादशमी तथा दिपावलीको उपलक्ष्यमा प्रगति र सम्बृद्धिको निम्ति मंगलमय शुभकामना

**कृष्णप्रसाद सापकोटा**
सभापति तथा
काभ्रे जि.वि.स. परिवार

(९ पेजको बाँकी)

❑ पाँचौं, तेस्रो र चौथो प्रारूपको औसत २३१ क्यूमेक पानी हुन्छ। त्यो नै भारतको "विद्यमान उपभोग्य उपयोग"।

❑ छैठौं, वर्तमान महाकाली सन्धिको धारा ५ मा भनिएको छ- "महाकाली नदीको पानीमा नेपालको पानीको आवश्यकतालाई प्राथमिकता दिइनेछ।" वर्तमानमा सरकारकै भनाइअनुसार पंचेश्वरको महाकाली नदीको पानीबाट नेपालको ९३ हजार हेक्टर जमीनमा सिंचाई हुन्छ। एक लिटर प्रतिसेकेण्ड पानीले मोटामोटी एक हेक्टर जमीनको खेती हुनसक्छ। त्यो हिसाब अनुसार नेपालको आवश्यकता ९३ क्यूमेक्स पानी हुने देखिन्छ। सन्धिमा नेपालले टनकपुर र शारदाबाट पाउने भनेर किटान भएको पानीमा यो पानी थप गर्दा जति पानी हुन्छ, त्यो बाहेकको सबै पानी भारतको "उपभोग्य उपयोग"।

❑ सातौं, मोरिसन कनुडसेन भन्ने अमेरिकी परामर्श दातृ संस्थाले सन् १९९२ मा तयार पारेको पंचेश्वर परियोजना प्रतिवेदनमा बनबासामा फेब्रुअरीमा महाकाली नदीको औसत पानीको बहाव १४६ क्यूमेक भनेर किटान गरेको छ। त्यसमा नेपालको भागको पानी भनेर महाकाली सन्धिले तोकेको पानी, स्थानीय प्रयोग, वातावरणीय प्रवाहको लागि छोडिएको पानी कटाउँदा जति पानी बाँकी रहन्छ, त्यो सबै भारतको "उपभोग्य उपयोग"।

यसरी, भारतको उपभोग्य उपयोगका प्रारूपहरू थुप्रै हुन सक्छन्। भारतले तीमध्ये त्यस्तो प्रारूपलाई आफ्नो "विद्यमान उपभोग्य उपयोग" भनेर दावी गर्न सक्छ, जुन उसको निम्ति सबभन्दा लाभदायक छ।

## महाकालीमा जम्मा पानी कति ?

भारतको उपभोग्य उपयोग कति त ? त्यसको संभावित चित्र आइसकेपछि अब यथार्थमा महाकाली नदीको पानीमा सन्धि अनुसार नेपालको भागवण्डा कति त ? यो प्रश्न स्वभावतः उठ्छ।

यसको निक्यौल गर्न हामीले सर्वप्रथम महाकालीको जम्माजम्मी पानी कति ? त्यो थाहा पाउनु पर्ने हुन्छ। किनभने कुल सम्पत्ति कति भन्ने थाहा भएपछि मात्र खाइपाइ आएको कटाएर बाँकी बराबर भाग लाग्ने यति भनेर टुंगो लाग्छ।


**महाकाली नदीको बनबासा र पंचेश्वरमा नापिएका प्रवाहका तथ्यांकहरु उपलब्ध छन्, तर दुवै ठाउँमा नापिएको तथ्यांकबीच सामन्जस्य देखिएको छैन**-*अजय दीक्षित*

हिमनदी भए पनि सुख्खायाममा महाकालीमा थोरै पानी बग्दछ र वर्षायाममा धेरै। १९९२ को मोरिसन कनुडसेनको पंचेश्वर परियोजना प्रतिवेदन अनुसार बनबासामा महाकालीको औसत मासिक न्यूनतम प्रवाह १४६ क्यूमेक छ। अगष्टमा अर्थात् वर्षायाममा भने औसत मासिक प्रवाह २१४२ क्यूमेक पुग्छ। मौसमको परिवर्तन र अन्य प्राकृतिक कारणले एकै स्थानमा वर्षैपिच्छे हुने प्रवाह फरक फरक हुनसक्छ।

महाकाली नदीको बनबासा र पंचेश्वरमा नापिएका प्रवाहका तथ्यांकहरू उपलब्ध छन्। तर दुवै ठाउँमा नापिएको तथ्यांकबीच सामन्जस्य देखिएको छैन। अहिले भारत र नेपाल सरकारबाट सार्वजनिक रूपमा प्रकाशित भइरहेका तथ्यांकहरू पनि एकआपसमा फरक देखिएका छन्। यी सबै तथ्यांकहरूको वैज्ञानिक आधार खडा गरी तिनीहरूमा एकरूपता ल्याउनु नितान्त जरूरी छ। यो कार्य सन्धि पास गर्नु अगाडि नै हुनुपर्थ्यो। किनभने, पानीको वैज्ञानिक बाँडफाँड यो विना संभव नै हुँदैन। तर यो कार्य भएन।

पंचेश्वरका बारेमा नेपालको सरकारबाट जुन १९९५ मा तयार गरिएको विस्तृत परियोजना प्रतिवेदन उपलब्ध छ। त्यस प्रतिवेदनमा पंचेश्वर बाँधको निर्माणपछि वर्षभरि निरन्तर रूपमा ५८२ क्यूमेक पानी महाकाली नदीमा प्राप्त हुने अनुमान गरिएको छ। प्रस्तावित पंचेश्वर बाँधको निर्माणपछि जलाशयमा वर्षामा प्रवाह हुने बढी पानी समेत संचय गर्न सकिन्छ। संचय भएको पानी टर्वाइनबाट बिजुली उत्पादन गरेपछि फेरि नदीमा छाडिन्छ। यसरी नदीमा बग्ने पानीलाई 'रेगुलेटेड फ्लो' अर्थात् नियन्त्रित प्रवाह भनिन्छ। बाँध बनेपछि सुख्खा मौसममा पनि चित्र १ मा देखाइए जस्तो वर्षभरि ५८२ क्यूमेक नियन्त्रित प्रवाह महाकाली नदीमा प्राप्त भइरहने अनुमान छ। (हेर्नुहोस् चित्र १)

पंचेश्वर बाँध बनेपछि नियन्त्रित प्रवाह थपिंदा तल शारदा नहर बनेको ठाउँ बनबासामा पनि फरवरीमा बग्ने पानी पहिले जस्तो १४६ क्यूमेक हुनेछैन। त्यो ५८२ क्यूमेक पुग्ने अनुमान गरिएको छ। अर्थात् त्यो ठाउँमा पनि फरवरी महिनामा समेत थप ३३६ क्यूमेक पानी उपलब्ध हुनेछ।




चित्र नं. १ बनबासामा महाकालीको बहाव (स्रोत: Mk 1992)

१० पेजको बाँकी

## नेपालको भागमा पानी कति ?

अब पंचेश्वर बाँध बनेपछि महाकाली नदीमा वर्षभरि प्रवाहित भइरहन सक्ने जम्माजम्मी नियमित पानी ५८२ क्यूमेक मान्ने हो भने नेपाल र भारत दुवैको भागमा कति पानी वण्डा लाग्छ त ? महाकाली सन्धिका माथि उल्लेख गरिएका धाराहरू मुताविक दुवै थरिको विद्यमान उपभोग्य उपयोगलाई प्रतिकूल असर नपारेर भागवण्डा गर्दा हाम्रोसामु माथि भनिएका ७ वटा प्रारूप खडा हुन्छन् ।

पहिलो प्रारूप अनुसार सन्धिमा नेपालले टनकपुर र शारदा बाँधबाट पाउने भनेर किटान गरिएको पानी बाहेक बाँकी सबै पानी भारतको उपभोग्य उपयोग भनेर भारतले दावी गरेमा नेपालले महाकालीबाट सुख्खा समयमा सिर्फ ४ प्रतिशत पानी मात्रै पाउनेछ । बाँकी सबैमा भारतको हक लाग्नेछ ।

के नेपालले खाइपाइ आएको "उपभोग्य उपयोग" को पानी कटाई बाँकी रहेको सबै पानीमा आफ्नो "उपभोग्य उपयोग" भनेर भारतले दावी गर्ला त ? आशा गरौं, भारतले यसो नभनोस् । तर सन्धिमा त्यस्तो गर्न नपाउने भन्ने कुनै कानूनी बाध्यता उल्लेख छैन । त्यसैले यो भारतको दयामा निर्भर हुने कुरो भयो ।

दोस्रो प्रारूप अनुसार, भारतको केन्द्रीय विद्युत प्राधिकरणको दस्तावेज मुताविक शारदा कमाण्ड क्षेत्रमा विद्यमान भारतको उपभोग्य उपयोग कटाउने हो भने सुख्खा याममा नेपालको भागमा १० प्रतिशत पानी मात्र भाग लाग्नेछ ।

तेस्रो प्रारूप अनुसार सुख्खायाममा नेपालको भागको पानी २० प्रतिशत हुने देखिन्छ । एवम् रीतले टेबुलमा दिइए अनुसार चौथो, पाँचौं, छैठौं र सातौं प्रारूप मुताविक ३७ प्रतिशत, २९ प्रतिशत, २० प्रतिशत र ४१ प्रतिशतसम्म पानी वण्डा हुनसक्ने देखिन्छ । (हेर्नुहोस् टेबुल नं ३)

एक छिन् मानौं, तेस्रो प्रारूपमा उल्लेख भएजस्तो नेपालको सरकारले संसदमा प्रस्तुत गरेको दस्तावेजलाई नै भारतले मानीदियो रे । त्यों प्रारूप अनुसार सुख्खा समयमा "उपभोग्य उपयोग" कटाउँदा १९४ क्यूमेक पानी समान बाँडफाँडको लागि उपलब्ध हुनेछ । सन्धिको धारा ३ अनुसार आधा आधा भाग बाँड्दा नेपालको भागमा ९७ क्यूमेक पानी भाग लाग्छ । हालको अवस्थामा त्यही पानी पनि उपभोग नहुने स्थिति नेपालको छ । उपभोग नहुने पानी भारतमै बगेर जानेछ । सन्धिसँगै भएको दुई प्रधान मन्त्रीबीचको पत्राचारको बुँदा (ख) अनुसार उपभोग नभएको पानीको हिस्सामा कुनै पनि प्रकारको दावी गर्न नपाउने हुनाले यो पानी मुफ्तमा भारतले उपभोग गर्न सक्नेछ । नेपालले त्यसबारेमा कुनै लाभको दावी गर्न पाउनेछैन । भारतलाई भने दावी गर्न आवश्यक नै छैन । किनभने, तल्लो भेगको प्रयोगकर्ता हुनाले सबै पानी बगेर उतै जान्छ । यो खालको, पानीको भागवण्डाबाट, कुनै लाभ नहुने कस्तो खालको सन्धि हामीले गरेछौं त ?

शारदा नहरमा सिंचाइका सम्पूर्ण संरचनाहरू बनिसकेका हुनाले सबै पानी मुफ्तमा भारतको प्रयोगको लागि उपलब्ध हुनेछ ।

त्यसैले, राष्ट्रिय संकल्पको बकितममा जतिसुकै र जेसुकै दावी गरिए पनि त्यसको कुनै अर्थ छैन । सन्धिको लिखितमले जे व्यवस्था गरेको छ, त्यही नै त लागू हुनेवाला छ । त्यसले त महाकाली सन्धि साझा हो, पानी आधा आधा हो भनेर स्वीकारेकै छैन । सन्धिले त भखरै एउटा कार्टूनमा भने जस्तो यस्तो नारा पो स्वीकारेको छ-

**"महाकाली नदी साझा हो**
**पानी आधाको आधा हो ।"**

तर सन्धि पास गर्नेहरूले लाजमा मान्नु पर्ने केही छैन । उनीहरूले यसरी चित्त बुझाउन सक्छन्- 'आधा-आधा' र 'आधाको आधा'मा सिर्फ 'को' भन्ने एउटा अक्षरको फरक न हो ! ❑

**पक्षले जबरजस्ती गरे पनि तपाईहरुको के नोक्सानी हुन्थ्यो ?**

-पहिलो कुरो त, हाम्रो पार्टीभित्रकै हो । हाम्रो पार्टीको पच्चिसौं बैठकले सन्धि पास गर्ने र अठ्ठाइसौं बैठकले सन्धिमा भएका त्रुटी र कमीहरूमा केही प्रतिवद्धता प्राप्त गरेर सन्धि अनुमोदन गर्ने कुरा पास गऱ्यो । प्रतिवद्धता प्राप्त नभएपछि यसलाई समितिमा लान खोज्यौं । तर सत्ता पक्षले यसलाई स्वीकार गरेन । झन् एमालेलाई, विकासविरोधी, धोकेबाज भनेर जनतामा हामीप्रति नकारात्मक भ्रम फिँजाउन खोजे । अब यो स्थितिमा यो सन्धि आधारभूत रूपले प्रगतिशील, उपलब्धिमूलक र राष्ट्रिय हितमा भएपछि र दुवै सरकारबाट कमी-कमजोरीहरूमा सुधार गर्ने भन्ने आश्वासन पाएपछि हामीले सन्धि पास गर्नुपर्ने कुरा नै सोच्यौं ।

**◆ तपाईहरुको केन्द्रीय समितिको कार्यदलले पेश गरेको प्रतिवेदन सर्वसम्मतिले पास गरेको होइन ?**

-हो ।

**◆ त्यो प्रतिवेदनले त सन्धिमा केही गंभीर त्रुटीहरु र अस्पष्टताहरु छन्, ती त्रुटीहरुलाई र अस्पष्टताहरुलाई सुधार नगरी सन्धि पास गर्नु हुँदैन भनेको छ, होइन ?**

-छैन, भनेको छैन ।

**◆ तपाईको केन्द्रीय समितिले पनि सन्धिमा सुधार गर्ने कुरामा लिखित प्रतिवद्धता प्राप्त नभई सन्धि पास गर्नु हुन्न भन्ने निर्णय गरेको छैन ?**

-त्यो वचनवद्धता त प्राप्त भएको छ त । संसदमा राष्ट्रिय संकल्प नै पास भएको छ । भारतले पनि हामीले उठाएको मागलाई सहानुभूतिपूर्वक विचार गर्ने वचन दिएको छ । हेर्नुहोस्, कूटनीतिक मामलामा सबै कुरा हामीले खोजेजस्तो भाषामा कहाँ हुन्छ र ? कतिपय कुराहरू विश्वासको भरमा काम चलाउनु पर्ने हुन्छ ।

**◆ त्यस्तो कुनै प्रमाण नलाग्ने, मूलभूत मागबारे कुनै स्पष्ट वचन नै नदिइएको फ्याडतुरे चिठीलाई लिखित वचनवद्धता भन्नु मिल्छ ?**

-हामीले पछिल्लो चिठीलाई भारतले प्रतिवद्धता जाहेर गरेको भनिरहेका छैनौं । त्यस चिठीमा हामीले ➜

### पंचेश्वर बाँधको निर्माणपछि पानी बाँडफाँडका संभावित प्रारुपहरु (क्यूमेकमा)

टेबल नं. ३

| प्रारुप | वार्षिक रेगुलेटेड पानी | मौसम | सन्धिअनुसारको "उपभोग्य पानी" | | | भारतको "उपभोग्य" पानी अनुमानित | प्रयोग हुन बाँकी पानी | भाग लाग्न सक्ने पानी | | भाग लागेको कुल पानी | | | प्रतिशत | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | नेपाल | भारत | अन्य | | | नेपाल | भारत | नेपाल | भारत | अन्य | नेपाल | भारत | अन्य |
| पहिलो | ५८२ | सु. | २२.७५ | | ३९ | ५२० | ० | २२.७५ | ५२० | २२.७५ | ५२० | ३९ | ४ | ८९ | ७ |
| | ५८२ | व. | ६६.७ | | ३९ | ४७६ | ० | ६६.७५ | ४७६ | ६६.७५ | ४७६ | ३९ | ११ | ८२ | ७ |
| दोस्रो | ५८२ | सु | २२.७५ | | ३९ | ४४९ | ७१ | ३५ | ३५ | ५७.७५ | ४८४ | ३९ | १० | ८३ | ७ |
| | ५८२ | व. | ६६.७ | | ३९ | ४४९ | २७ | १४ | १४ | ८०.७ | ४६३ | ३९ | १३ | ८० | ७ |
| तेस्रो | ५८२ | सु. | २२.७५ | | ३९ | ३२६ | १९४ | ९७ | ९७ | १२० | ४२३ | ३९ | २० | ७३ | ७ |
| | ५८२ | व. | ६६.७ | | ३९ | ३२६ | १५० | ७५ | ७५ | १४२ | ४०१ | ३९ | २४ | ६९ | ७ |
| चौथो | ५८२ | सु. | २२.७५ | | ३९ | १३६ | ३८४ | १९२ | १९२ | २१४ | ३२८ | ३९ | ३७ | ५६ | ७ |
| | ५८२ | व. | ६६.७ | | ३९ | १३६ | ३४० | १७० | १७० | २३७ | ३०६ | ३९ | ४० | ५३ | ७ |
| पाँचौं | ५८२ | सु. | २२.७५ | | ३९ | २३१ | २८९ | १४५ | १४५ | १६८ | ३७६ | ३९ | २९ | ६४ | ७ |
| | ५८२ | व. | ६६.७ | | ३९ | २३१ | २४५ | १२२ | १२२ | १८९ | ३५३ | ३९ | ३३ | ६० | ७ |
| छैठौं | ५८२ | सु. | २२.७५ | | ३९ | ४२७ | ० | ९३ | ४२७ | ११५ | ४२७ | ३९ | २० | ७३ | ७ |
| | ५८२ | व. | ६६.७ | | ३९ | ३८३ | ० | ९३ | ३८३ | १६० | ३८३ | ३९ | २७ | ६६ | ७ |
| सातौं | ५८२ | सु. | २२.७५ | | ३९ | ८४ | ४३६ | २१८ | २१८ | २४१ | ३०२ | ३९ | ४१ | ५२ | ७ |
| | ५८२ | व. | ६६.७ | | ३९ | ८४ | ३९२ | १९६ | १९६ | २६३ | २८० | ३९ | ४५ | ४८ | ७ |

सुख्खा मौसम (सु.)- मे १५ देखि अक्टोबर १५ सम्म । वर्षा (व.)- अक्टोबर १६ देखि मे १४ सम्म

**ठण्डा दिमागले सोच्ने, लेनिनवादी संगठनात्मक सिद्धान्तमा ज्ञान भएका मान्छेहरुले र समझदार मान्छेहरुले त्यस्तो प्रश्न उठाउँदैनन्**
**-क. माधव नेपाल**

उठाएका मागहरूबारे दुवै देशलाई अधिकतम संतुष्टि हुने गरी छलफल गर्न तयार छौं भनेर सकारात्मक जवाफ दिइएको छ । टिंकरको मामलामा यदि नेपाली भूमिमा भारतीय सैनिक बसेको छ भन्ने प्रमाणित भयो भने त्यो भूमि खालि गरिनेछ भनेर प्रष्ट भाषामा भनिएको छ । एउटा कूटनीतिज्ञको चिठीमा त्योभन्दा बढी के हुने ? अब नेपाली भूमिमा भारतीय सैनिक छ भनेर भारतले सिधासिधा लेखिदिने हो भने त अर्काको भूमिमा विदेशी सैनिक छ भन्ने भएपछि युद्धकै घोषणा गर्नुपर्ने हुन्छ ।

**◆ तपाई सन्धिलाई आधारभूत रूपले प्रगतिशील, उपलब्धिमूलक र राष्ट्रिय हितमा आधारित छ भन्नु हुन्छ । तर सन्धि हेर्दा, सन्धिमा न त महाकाली नदीको वास्तविक हैसियत स्पष्ट खुलेको छ, न पानीको समान बाँडफाँड गर्ने सिद्धान्त नै छ, न विजुली Avoided cost मा भारतले किन्ने प्रावधान नै । अनि यो कसरी प्रगतिशील र उपलब्धिमूलक भयो ?**

-तपाईले उठाउनु भएका कुराहरू सन्धिमा स्पष्ट पार्नु पर्ने कुराहरू हुन् । ती गंभीर त्रुटीभित्र पर्ने कुराहरू होइनन् । सन्धिमा महाकालीलाई "अधिकांश भूभागमा सीमा नदी" भनिएको छ । भौगोलिक अवस्थितिको हिसाबले यो एकदम सही छ । किनभने महाकाली ९० किलोमिटर भूभागमा सीमा नदी भएर बग्छ, आठ नौ किलोमिटर भारत भएर बग्छ र झण्डै २७ किलोमिटर नेपाल भएर बग्छ । यसो हुनाले यो यथार्थमा त अधिकांश भूभागमै सीमा नदी हो । "सीमा नदी" भनेपछि दुइटाको बराबर हक लाग्ने, दुइटैले संझौता गरी कुनै पनि परियोजनाको विकास गर्नु पर्ने हुन्छ । "आधारभूत रूपमा सीमा नदी" भनेपछि एकले अर्काको सहमति लिएर, एक अर्काको जानकारीमा राखेर संगसंगै जानसक्ने संभावनाको खोजी गर्नु पर्ने हुन्छ । अर्थात् त्यो नदीमा दुवैको कुनै न कुनै हक लागिरहेको कुरालाई "आधारभूत रूपमा सीमा नदी" भन्ने शब्द पार्नुपर्छ । हामीले खोजेको पनि त्यही हो । तर सन्धिको जम्मा प्रावधानलाई हेर्ने हो भने, यो भावनाको विपरीत छैन । सन्धिको धारा ६ ले के भन्छ भने, जुन ठाउँमा महकाली नदी सीमा नदीको रूपमा रहेको छ, त्यो ठाउँमा कुनै परियोजना विकास गर्नु पर्‍यो भने दुवै पक्षको बीचमा सम्झौता गर्नु पर्नेछ । सन्धिको धारा १० ले भनेको छ- सिंगै महाकालीमा परियोजना विकास गर्नु पर्‍यो भने दुवै देश मिलेर कुनै निकाय बनाउन सक्नेछन् । अबदेखि टनकपुरमा जस्तै कुनै एउटा पक्षले कुनै पनि परियोजना विकास गर्नसक्ने छैन । त्यसैले हाम्रो हात काटियो, खत्तम भयो भन्ने खालका जुन कुराहरू प्रचार भइरहेको छ, त्यो पूरै गलत छ । तर पनि आधारभूतमा सीमा नदी वा अधिकांश भागमा सीमा नदी भनेको एउटै हो भन्ने कुरा स्पष्ट पार्नु जरूरी छ । पानीमा आधा आधा हक सम्बन्धमा पनि सन्धिको धारा ३ मा दुवै देशको समान हक लाग्छ भनी स्पष्ट उल्लेख गरेको छ ।

**◆ सन्धिमा त "विद्यमान उपभोगलाई प्रतिकूल असर नपर्ने गरी" भनेको छ नि त ?**

-त्यसले कुनै फरक पार्दैन । जलस्रोत मन्त्रालयले भरखरै (१९९६ मा) तयार पारेको महाकाली परियोजनाको हाइलाइटमा त्यसले प्रष्ट रूपमा पानीको बाँडफाँडको कुरामा आफ्नो धारणा अगाडि सारेको छ । "विद्यमान उपभोगमा बिलकुल असर नपार्ने गरी" भन्ने अर्थ अहिले प्रयोग गरिरहेको पानीभन्दा कम पाउनु हुँदैन भन्ने हो । खाइपाइ आएको पानीमा नोक्सानी हुनु हुँदैन, घाटा हुनु हुँदैन भन्ने अर्थ मात्र हो । यसको अर्थ के होइन भने, पाएको जति त पाइहाल्यो बाँकीमा आधा आधा पाउनु पर्छ । कसैकसैले खाइपाई आएको पानी घटाएर बाँकीमा आधा आधा भन्ने अर्थ लाग्छ भनेर प्रचार गरिरहेका छन् । तर कुरा त्यो होइन । त्यो कुरा नबुझ्रेको मात्र हो । विजुलीको मूल्यका बारेमा १९९५ को नेपालको डिपिआर हेर्दा प्रष्ट हुन्छ । मूल्य निर्धारणको सम्बन्धमा भारतले Cost plus को आधारमा विजुलीको मुल्य निर्धारण गर्नुपर्छ भनेको कुरालाई नेपालले अझसम्म मानेन । किनभने पंचेश्वर सबभन्दा सस्तो मूल्य र लागतमा निर्माण हुने र बढी नाफा प्राप्त हुने परियोजना हो । त्यसो हुनाले लागत र थोरै मुनाफाको सिद्धान्तबाट नेपाल ठगिन्छ । त्यसैले, नेपालले क्यानाडा र अमेरिकाको बीचमा भएको कोलम्बिया नदी संझौतामा जस्तै "Relevant alternatives available" को सिद्धान्त हुनु पर्छ भन्ने माग गर्‍यो । त्यो कुरा सन्धिमा स्पष्ट रूपले उल्लेख भएको छ । यस सिद्धान्त अन्तरगत जलविद्युतको विकल्प जलविद्युत होइन कि उर्जाको विकल्प उर्जा उत्पादन गर्दा लाग्ने लागतको परिप्रेक्ष्यमा यसको भाउ तय हुनुपर्छ । अर्थात् यदि नेपालको लागत ३.४ सेण्ट र भारतको विकल्पको लागत अधिकतम ८ या १२ सेण्टसम्म छ भने यो दुई मूल्यको बीचमा घटाउँदा खेरी जति पर्दछ, कम्तिमा पनि त्यसको पचास प्रतिशत लागतमा जोड्नै पर्दछ । त्यो भोलि मोलतोलको वार्तामा तय हुन्छ । त्यसैले बिजुलीको मूल्यमा पनि नेपाल ठगियो भन्ने कुरा छैन । फेरि विजुलीको बजार भनेको स्टक राख्न सकिने बजार होइन । त्यसैले, भारतले यति मूल्यमा विजुली किन्छु भनेपछि मात्रै त्यहाँ लगानी गर्ने र उत्पादन गर्ने काम तय हुन्छ नत्र त्यसै कसैले लगानी नै गर्दैन । यसरी यो सन्धिमा भएका त्रुटी कमजोरीहरूलाई डि.पि.आर बनाउने बेलामा सच्याउन सकिन्छ । र, त्यसैबेला र त्यसपछि पनि लगतार आफ्ना मागहरू राख्दै संघर्ष गर्दै जानु पर्ने हुन्छ ।

**◆ हक भनेको सन्धिमा तय हुने कुरा हो । सन्धिमा सारा हक गुमाउने, अनि सन्धिमा गुमेका वा छुटेका हकहरु डि.पि.आर.मा फर्काउने ? यस्तो पनि कहीं संभव हुन्छ ?**

-पहिले डि.पि.आर. र पछि सन्धि गरिने चलन पनि छ । यस सन्धिमा 'पहिला डिपिआर बनाउँ, अनि सन्धि गरौं' भन्ने भारतको जिकिर थियो । तर नेपालको जिकिर भने 'पहिले सन्धि गरौं, पहिले सिद्धान्तमा सहमत हौं अनि डिपिआर बनाउँ' भन्ने रह्यो । अहिले खुसीको कुरा के छ भने, नेपालको जिकीर भारतले मान्यो । यो सन्धिमा पहिलो पटक पहिला सिद्धान्तको तहमा सहमति कायम गर्ने काम गरियो । सिद्धान्तको तहमा सम्बन्धलाई परिभाषित गरिसकेपछि अरू कुराहरू तपसिलका कुराहरू हुन्छन् । यो नेपालको पक्षमा नै रहेको छ । अब डिपिआर पहिले बन्नु पर्छ भनेर कराउँदा हामीले भारतको नै पृष्ठपोषण गरिरहेका हुन्छौं । त्यसैले, यसमा हामीलें के के न गुमाएका छौं भन्ने ठान्नु हुँदैन ।

**◆ भनिन्छ, सारा गडबड "महाकाली प्याकेज" बाट शुरु भएको हो र त्यो प्याकेज तपाईको व्यक्तिगत उपज हो । महाकाली प्याकेज जुन आयो, त्यो पार्टीको केन्द्रीय समिति र स्थायी समितिबाट कहिल्यै पारित भएको छैन र क्याबिनेटबाट समेत पारित भएको छैन । त्यो खालि महासचिवले व्यक्तिगत तवरले ल्याएको र लागू गरेका कुरा हो । यस भनाइमा तपाईको प्रतिक्रिया के छ ?**

-२०५१ साल फागुन १ गते बसेको स्थायी समितिको वैठकले स्पष्ट शब्दमा महाकाली प्याकेज बारेमा भारत सरकारसंग प्रस्तुत गरेको कुरालाई समर्थन गरेको छ । २०५१ चैत्र २६ गते बसेको अर्को स्थायी समितिको वैठकले पार्टी अध्यक्ष र तत्कालीन प्रधानमन्त्री मनमोहन अधिकारी भारत जाँदा महाकाली प्याकेजको कुरा उठाउने भनेर निर्देशन दिएको छ । र फागुन् १ गतेभन्दा पहिले बसेको स्थायी समितिको बैठकमा म भारत जाँदाखेरी महाकाली प्याकेजको कुरा उठाउने भनेर निर्देशन दिएको छ । त्यसो हुनाले यो संस्थागत रहेको छ । अर्को कुरा, हाम्रो पार्टीको विधान अनुसार महासचिवले उठाएको कुरा पार्टीले उठाएको ठानिन्छ । यदि त्यो कुरा गलत छ भने वैठकले खण्डन गर्न पाउँछ । खण्डन गर्दैन भने त्यो कुरा संस्थागत नै हुन्छ । त्यसैले, महाकाली प्याकेज मेरो व्यक्तिगत उपज भन्ने कुरामा कुनै तुक छैन ।

**◆ महाकाली सन्धि यस्तो गंभीर राष्ट्रिय महत्वको मुद्दा हो, जसलाई पास गर्न बुर्जुवा संसदको समेत दुई तिहाई बहुमत चाहिन्छ । तर त्यही कुरा पास गर्न कम्युनिष्ट पार्टी जस्तो सबैभन्दा जिम्मेवार जनमुखी पार्टीमा चाहिं दुई तिहाई बहुमत नचाहिने, किन ?**

-संसदमा दुई तिहाई बहुमत चाहिनु पर्नुको कारण के भने, संविधानमा त्यस्तो व्यवस्था छ । 'सत्ता र विपक्षको बीचमा सहमतिबिना यो पारित गरिनु हुन्न' भन्ने आशयले यस्तो व्यवस्था भएको हो । देश संविधान अनुसार चल्छ र पार्टी पार्टीको विधान अनुसार चल्छ । कसैको भावना र चाहनाबाट पार्टी चल्दैन । हाम्रो पार्टी विधानमा त्यस्तै व्यवस्था छ । यही पार्टी विधानको आधारमा हामीले निर्णय गरेका हौं । अन्तर्राष्ट्रिय क्षेत्रमा पनि यसै अनुरूप काम भएको छ । रूसमा ब्रेस्टालिटोस्क सन्धि पास गर्दा सात जना बहुमतमा पाँच जना अल्पमतमा र चार जना तटस्थ बस्दा आफ्नो भूभाग अरूलाई सुम्पने जस्तो सन्धिको निर्णय भएको छ । हामी लेनिनवादी संगठन हौं । हामी यसैले देखाएको बाटोमा चल्छौं । यसलाई छोडेर अरू कुनै बाटोमा जान सक्दैनौं ।

**◆ तपाईकै पार्टीभित्रै के कुरा उठिरहेको छ भने, त्यतिखेर सन्धिको पक्षमा न त केन्द्रीय समितिको बहुमत थियो, न त वैठकमा उपस्थितहरुको बहुमत नै । यो त खालि प्राविधिक बहुमत बनाएर पास भएको छ । यसमा के छ नि तपाईको भनाई ?**

-मैले अघि लेनिनको पार्टीको कुरा उठाएको थिएँ । त्यहाँ ५ जना अल्पमत, ४ जना तटस्थ हुँदा सात जनाको अत्यन्त सानो बहुमतले निर्णय गरेको छ । त्यो के नि ? त्यो प्राविधिक बहुमत हो कि महाप्राविधिक बहुमत हो कि खाँटी बहुमत हो ? यो त खालि लेनिनवादी संगठनको सिद्धान्त नबुझेको र रिस उठेको मान्छेले मात्र उठाउने कुरा हो । ठण्डा दिमागले सोच्ने, लेनिनवादी संगठनात्मक सिद्धान्तमा ज्ञान भएका मान्छेहरूले र समझदार मान्छेहरूले त्यस्तो प्रश्न उठाउँदैनन् । भोट खसेको मध्येबाट बहुमत र अल्पमत हुन्छ । संसारको नियमै त्यही छ । आजसम्म हाम्रो पार्टीमा यही चलन चल्दै आएको छ । त्यसैले यो प्राविधिक बहुमत नभएर खाँटी बहुमत हो ।

**◆ राष्ट्रिय सहमतिमा हस्ताक्षर गर्ने तपाई र ओलीजी, सन्धि हस्ताक्षर गर्दा साक्षी बस्न जाने अरु चार जना, यिनै २-४ जनाको प्रेस्टिज इस्यूको कारणले पूरै राष्ट्र र पार्टीको हितलाई नै यस सन्धिमा बली दिने काम भयो भनिन्छ नि ?**

-यो कुरा होइन, सन्धि पास गर्नु नगर्नुमा त सिङ्गै पार्टीको, सिंगै मुलुकको, एमाले नामको संस्थाको प्रतिष्ठा थियो । पार्टीको प्रतिष्ठा भनेको पार्टीको इज्जत र अस्तित्वको कुरा हुन्छ । इज्जत र प्रतिष्ठा नभएको पार्टीको कुनै मूल्य नै रहँदैन । धोकेबाज र इमान नभएको पार्टीलाई कसैले पत्याउँदैन । कि सन्धिलाई राष्ट्रघाती सन्धि र दुत्कार गर्नु पर्ने सन्धि भन्नुपर्‍यो । नत्र भने केही सुधार गर्नु पर्ने कुरालाई आधार बनाएर पार्टीले पास गरिसकेको, अन्तर्राष्ट्रिय प्रतिबद्धता जनाइसकेको, भारतीय प्रमं. र विदेशमन्त्री, नेपालको प्रधानमन्त्री र नेपाली कांग्रेसलाई बचन दिइसकेको कुरामा पछि हट्नु भनेको, यो पार्टीको प्रतिष्ठा, इज्जत र इमानलाई धूलोपिठो पार्नु हुन्छ । ❑



# हाइड्यामले इथियोपियालाई कसरी बर्बाद पाऱ्यो ?

'अबिसिनिया' को नामबाट प्राचीन सभ्यताको लागि प्रख्यात उत्तर पूर्वी अफ्रिकी देश- इथियोपिया !

हरिया पाखा पर्वत र अनन्तसम्म फैलिएको उर्वर जमीनका फाँटहरूका लागि चर्चित देश, घना जंगल र मिहेनती जनता एवं अपार प्राकृतिक स्रोत-साधनका लागि धनी राष्ट्र- इथियोपिया !!

इथियोपियाको यो आकर्षक र रंगीन दृश्य कुनै काल्पनिक उपन्यास वा फेन्टास्टिक फिल्मको होइन, यो त इथियोपियाको विगतको वास्तविकता हो। इथियोपियाको इतिहासको यो रंगीन वास्तविक सत्यको ऐनामा वर्तमान इथियोपियाको अनुहार हेर्दा अहिले हामीलाई असाध्यै कुरूप र असुन्दर लाग्न सक्छ ।र, यो विरूप अनुहार हेर्दा हाम्रो मन-मस्तिष्क एक छिन भयभीत नै हुनसक्छ ।

हो, साच्चै भन्ने हो भने, आजको इथियोपियाको यथार्थलाई राम्ररी नियाल्ने हो भने भोकमरीले ग्रस्त, कालो-मैलो, ख्याउटे, हाड र करङ मात्र बाँकी रहेको एउटा हब्सी बच्चालाई याद गरे पुग्छ ! त्यही ख्याउटे हब्सी बच्चाको अनुहारमा इथियोपियाको दर्दनाक कथा-व्यथालाई झल्झली हेर्न सकिन्छ ।

पश्चिमी साम्राज्यवादीहरूको आड भरोसामा आफ्नो जनतामाथि शोषण र शासन गरिरहेको इथियोपियाली निरंकुश राजतन्त्रलाई सन् १९७४ को सेप्टेम्बरमा सत्ताच्यूत गर्ने काम भएको थियो । आफूलाई राजा सोलोमन र रानी शेवाको सन्तान भएको दावी गर्ने त्यो हजार वर्ष पुरानो निरंकुश राजतन्त्रलाई तीन दिनमै ढाल्ने गरी त्यहाँ सैनिक विद्रोह भएको थियो । हेले सेलेसी प्रथमको निरंकुश राजतन्त्रलाई फ्याँकेर सत्तासीन भएका नेताहरू, सैनिक जनरलहरू र पार्टीहरूबाट इथियोपयाली गरीब जनताले खाने, लाउने, पढ्ने, बस्ने, काम गर्ने, औषधि मूलो गर्ने अधिकार र अरू प्रजातान्त्रिक अधिकार प्राप्त हुने ठूलो आशा गरेका थिए । तर सत्ता कब्जा गर्न सफल 'प्रोभिजनल मिलिटरी एडमिनिस्ट्रेट काउन्सिल (PMAC)' का नेताहरूले तत्कालनि महाशक्ति राष्ट्र- सोभियत संघको आड-भरोसामा, 'मार्क्सवाद' को मुकुण्डो लगाएर अप्रजातान्त्रिक कामहरू गर्न थाले । जनताहरूलाई धोका दिन थाले । उनीहरूले राष्ट्रमाथि घात गर्ने क्रम अगाडि बढाए ।

निरंकुश राजतन्त्रलाई मासेर इथियोपियामा 'नयाँ जनवादी क्रान्ति' गरेको दावी गर्ने सोभियत संघ पक्षधर मेंगेत्सु हेले मरियम जस्ता सैनिक नेताहरूले 'समाजवाद' स्थापना गर्ने नारा आकाशै थर्किने गरी लगाए तर व्यवहारमा भने, पूँजीवाद नै लागू गरे । भूमिसुधार गरेर किसानहरूलाई जग्गा बाँडीदिने, बैंकहरू, बीमा कम्पनीहरू, ठूल्ठूला उद्योगधन्दा, व्यापार, प्राकृतिक स्रोत-साधन र सम्पदाको राष्ट्रियकरण गरेर केही हदसम्म समाजवादीकरण गर्न थालेको भ्रम दिने प्रयास भयो । आफूलाई कम्युनिष्ट विचार, व्यवहार र संस्कृतिमा ढालीनसकेका तथाकथित वामपन्थी नेताहरूले भरिएको राज्य संचालक संस्था PMAC ले एकातिर सोभियत संघको राजनीतिक आर्थिक स्वार्थअनुकूल राज्य संचालन गर्ने, आफूलाई पूँजीपति वर्गको प्रतिनिधिको रूपमा विकसित गर्ने र देशमा पूँजीवादीकरणको क्रमलाई तीव्र पार्ने काम गरे ।

समाजवादको प्राप्तिको आशामा बसिरहेका इथियोपियाली जनतालाई धोका दिएर समाजवादको नाममा पूँजीवाद लागू गर्ने तथाकथित वामपन्थी नेताहरूले आफ्नो घोषित मार्क्सवादी-लेनिनवादी सिद्धान्तलाई घोषणा-पत्र, दस्तावेज र भाषणमा मात्र सीमित गरे ।

अर्कोतिर, तिनै नेताहरूले सोभियत संघको नीति-निर्देशनमा अर्काको राष्ट्रमाथि समेत घात गरेर आफ्नो अमार्क्सवादी चरित्र प्रदर्शन गरे । विश्वको सबैभन्दा गरीब देश- इथियोपियाका नयाँ तथाकथित वामपंन्थी शासकहरूले आफ्नै छिमेकी देश- इरिट्रियामाथि आक्रमण गरे । दोस्रो विश्वयुद्धमा पराजित भएपछि इटालीका साम्राज्यवादीहरू इरिट्रियाबाट पनि भाग्नु परेको थियो । त्यसबेला इरिट्रियालाई स्वतन्त्रता दिनुको सट्टा बेलायत लगायत साम्राज्यवादी शक्तिहरूले त्यसलाई इथियोपियाको अर्ध-स्वायत्त राज्य बनाइदिए । हो, यही इरिट्रियालाई इथियोपियाका निरंकुश राजा हेले सेलेसी प्रथमले जस्तै तथाकथित वामपन्थी सरकारले पनि स्वाट्टै निल्ने प्रयास गऱ्यो । सैनिक बूटको भरमा इरिट्रियामाथि कब्जा जमाइराख्ने इथियोपियाली नयाँ शासकहरूलाई विशेषतः आफ्नो जर्जर आर्थिक अवस्थामा सुधार गर्ने स्वार्थले र सोभियत संघको राजनीतिक-आर्थिक स्वार्थले निकै घच्घच्याएको बुझिन्छ ।

उद्योगको लागि प्रख्यात शौंवा प्रदेश, मसावा र असाव जस्ता दुई दुई वटा बन्दरगाहहरू, तेल प्रशोधन गर्ने केन्द्र र अन्य धेरै प्राकृतिक स्रोत-साधन भएको देश इरिट्रियामाथि दशकौंसम्म कब्जा जमाएर इथियोपियाली 'जनवादी' सरकारले आफ्नो आर्थिक स्वार्थ त पूरा गऱ्यो । तर उसले इरिट्रियामाथि कब्जा जमाएर आफ्नो मार्क्सवादी सिद्धान्त, आफ्नो देशभक्ति र अन्तर्राष्ट्रवादी भाइचारापन सबै कन्टेनरमा फ्याँकीदियो । इरिट्रियालाई आफ्नो खल्तीभित्र राखीछाड्ने उसको कार्य देखेर जोकोही पनि आश्चर्यचकित हुन्छन् ! विश्वको सबैभन्दा गरीब राष्ट्रले समेत महाशक्ति राष्ट्रहरूको उक्साहटमा अर्काको देशमाथि सैनिक हस्तक्षेप गर्न र देश सिंगै निल्ने आँट गर्न सक्छ र ? यो प्रश्न जो केहीले पनि उठाउन सक्छन् ।

आफ्नो स्वघोषित वामपन्थी सिद्धान्तबाट च्यूत भइसकेका नेताहरू,

अफ्रिका महादेश






**जहिले पनि अनिकाल र भोकमरीले ग्रस्त भइरहेको देश - इथियोपियाबाट नेपालले के के कुरा सिक्नु पर्दछ ?**

पार्टीहरू र प्रशासकहरूको समाजवाद निर्माण गर्ने खोक्रो नारा र पूँजीवादी व्यवहारको ज्वलन्त नमूना हो- अक्टोपस जस्तो राक्षसी वित्तीय संस्थाः विश्व बैंकको दासता स्वीकार गर्ने क्रियाकलापहरू !

प्राविधिक सल्लाह, आर्थिक सहयोग र ऋण-सहायता दिने निहुँमा फँसाएर आफ्नो नाफाको स्वार्थका लागि विभिन्न देशहरूलाई ऋणको फाँसीमा झुण्ड्याउनमा विश्व बैंक निकै कुशल छ। यसले इथियोपियाली 'वामपन्थी' सरकार, पार्टी र नेताहरूलाई ललाई-फकाई, मोटो कमीशन खुवाई त्यहाँको आवाश नदीको मेगा-प्राजेक्टको लागि विशाल धनराशी ऋणस्वरूप दियो। अफ्रिकाको अत्यन्त प्रख्यात उपत्यका रिफ्त-उपत्यकाभित्र बगिरहेको आवाश नदीबाट सिंचाई र जलविद्युत उत्पादन गर्नका लागि भनेर विश्व बैंकले इथियोपियाली सरकारलाई दिएको अरबौं डलरको ऋण सहायतासंगै अनेकौं पूर्वशर्तहरू जोडेर प्रस्तुत गरेको थियो। ती पूर्वशर्त हुन्- इथियोपियाले पनि ढाँचागत समायोजन कार्यक्रम (Structural Adjustment Programme) लागू गर्नु पर्ने! अर्थात् देश डुब्ने शर्तमा पनि जनता झन्झन् गरीब र कंगाल हुने शर्तमा पनि, पश्चिमी पूँजीवादी राष्ट्रहरूको र बहुराष्ट्रिय कम्पनीहरूका सामानहरूलाई आफ्नो देशमा आउन खुला छूट दिनु पर्ने, सार्वजनिक क्षेत्रको लगानीमा कटौती गर्नु पर्ने, निजीकरण गर्नुपर्ने, विदेशी पुँजीलाई ढोका खोल्नु पर्ने, जनता भोकै भएपनि निर्यातमुखी नगदेबाली लगाउनु पर्ने आदि !

विश्व बैंकले आवाश मेगा-प्राजेक्ट सफल हुनासाथ इथियोपियामा पनि यूरोपीय राष्ट्रहरूमा जस्तै विकास हुने सपना देख्यो। विद्युतको माग पूरा गर्न सक्ने मात्र होइन, अझ, विद्युत बेचेर करोडौं डलर कमाउन सकिने, सिंचाइको समस्या पूर्णतः समाधान हुने, कृषि विकासको प्रचूर संभावना हुने र अन्ततः सम्पूर्ण उद्योगधन्दाको विकास हुने झूठो विश्वास दिलायो। साँच्चै भन्ने हो भने विश्व बैंकले इथियोपियालाई अफ्रिकाको भूस्वर्ग बनाउने श्वैर कल्पनालाई साकार बनाउने दिवास्वप्न देखायो।

विश्व बैंकको यही झूठो सपनाको पछिपछि लागेर इथियोपियाली 'वामपन्थी नेता'हरूले विश्व बैंकको चक्रवर्ती व्याजसहितको विशाल धनराशी लिने र विश्व बैंकका सम्पूर्ण राष्ट्रघाती र जनघाती पूर्वशर्तहरू स्वीकार्ने काम गरे। र, आफ्नो आर्थिक र प्राविधिक क्षमताभन्दा बाहिरको विशाल बाँध बनाउने निर्णय गरे।

विशाल आवाश विद्युत तथा सिंचाइ परियोजनाले वास्तविक रूपमा के गऱ्यो त भन्दा, त्यसले देशको सम्पूर्ण बजेट एउटै परियोजनामा खन्याउन बाध्य पार्न थाल्यो। बाँध निर्माणको क्रममा आवाश नदीको वरिपरि रहेका विशाल जंगलहरू नष्ट गर्न थालियो। विशाल घाँसे मैदानको विनाशले घरपालुवा जनावरका लागि घाँस पातको विकराल समस्या उत्पन्न भयो। स्मरणीय छ, त्यतिखेर इथियोपियाका अधिकांश जनता खेती गरेर र गाईवस्तु पालेर जीविका चलाउँथे।

बाँधले गर्दा उर्वर भूमि डुबानमा पऱ्यो र खेतीमा निर्भर जनता काम र मामबाट बञ्चित भए। एक तथ्यांक अनुसार त्यस क्षेत्रका डेढ करोडभन्दा बेसी जनता बेघरबार भए। उनीहरू आफ्नो काम, माम र बास समेतको अभावमा शहरमा भिखमंगा भएर जिउन बाध्य भए।

यसरी बाँधको कारणले विशाल खेतीयोग्य उर्वर भूमि जलमग्न भएपछि त्यहाँ खेतीयोग्य भूमिकै अभाव हुन थाल्यो। यसले विस्तारै खाद्यान्न संकट निम्त्यायो। यो संकट हल गर्न विश्व बैंकले बचेको-खुचेको जमीनमा विदेशी रासायनिक मल प्रयोग गरी कृषि उत्पादन बढाउने सल्लाह दियो। त्यही सल्लाहअनुसार पूँजीवादी साम्राज्यवादी देशहरूबाट त्यहाँ बहुराष्ट्रिय कम्पनीहरूको रासायनिक मल आयात गर्न थालियो। यसले गर्दा केही मात्रा कृषि उत्पादन बढेको जस्तो त देखियो। तर विदेशी मल भिकाउने कार्यले राष्ट्रको विदेशी मुद्राको ढुकुटी रित्याइदियो।

उता, रासायनिक मलले उर्वर भूमिलाई नै बिगार्ने काम गऱ्यो। खेतमा एसिडिटी (अम्लको मात्रा) बढाइदियो। यसबाट त्यहाँको जैविक चक्रमा उथल-पुथल ल्याइदियो।

जैविक विविधता बिग्रिएपछि नयाँ-नयाँ किराहरूले भूमि र अन्न बालीहरूमाथि आक्रमण गर्न थाले। किरा मार्ने विदेशी औषधी किन्नुपर्छ भन्ने विश्व बैंकको सल्लाह अनुसार काम गरेर इथियोपियाली शासकहरूले देशको बचे-खुचेकके ढुकुटी पनि रित्याइदिए।

यसरी चारैतिरबाट समस्यै समस्या उठ्नथालेपछि देशको खाद्यान्न उत्पादनमा यतिविधि ह्रास आयो कि अन्ततः त्यहाँ अनिकाल शुरू भयो। यो अनिकालमाथि विजय पाउन भनेर सरकारले विश्व बैंकसंग मात्र होइन, अन्तर्राष्ट्रिय मुद्राकोष (IMF) संग पनि थप ऋण लियो। स्मरणीय छ, विश्व बैंकले 'विकास र निर्माणका लागि भनेर दिने ऋणको भासमा गरीब देशहरू फसेपछि अन्तर्राष्ट्रिय मुद्रा कोषले 'ऋणबाट मुक्त हुनुका लागि' भनेर थप ऋण दिन्छ, र ऋणको पासोलाई झन्झन् कस्ने काम गर्छ। साँच्चै भन्ने हो भने, विश्व बैंक र अन्तर्राष्ट्रिय मुद्राकोषका ऋणहरू, ऋणसगै जोडिएका पूर्वशर्तहरू अनिकाल जस्तै हानिकार छन् र ती अनिकालका कारक तत्वहरू पनि हुन्।

यसरी इथियोपियाली सरकारले विश्व बैंक र अन्तर्राष्ट्रिय मुद्रा कोषको सल्लाह मानेर झन्झन् आफ्नो देश र जनतालाई भड्खालोमा जाक्दै गयो, र अनिकालले त्यस भड्खालोलाई झन् झन् गहिरो र विस्तृत पार्ने काम गऱ्यो। देशमा वामपन्थीहरूको होइन, 'भोकमरी' को राज चल्न थाल्यो।

यस्तो अनिकाल र भोकमरीको स्थितिमा पनि विकास र निर्माणको लागि भनेर स्थापित विश्व बैंक र अन्तर्राष्ट्रिय मुद्रा कोषले इथियोपियालाई विनाश र विध्वंशको सल्लाह मात्रै दिइरह्यो। र, आफ्ना पूर्वशर्तहरू लागू गर्न दवाब दिइरह्यो। अनिकाल, भोकमरी र विनाशलाई केही हदसम्म रोक्नका लागि तिनीहरूले इथियोपियाली सरकारलाई जनताको लागि अत्यावश्यक खाद्यान्न उत्पादनमा विशेष जोड दिने सल्लाह दिनुको साटो नगदे बालीको रूपमा रहेको कपास, उखु उत्पादन गरेर पैसा कमाउने सल्लाह दियो। साम्राज्यवादी देशहरूलाई सस्तोमा ती उत्पादनहरू बेच्न लगाउने नियतले दिइएको यही अनैतिक सल्लाह पनि सरकारले लागू गऱ्यो। यसै क्रममा निजीकरण गर्ने, खुला र उदार बजार अर्थतन्त्र लागू गर्ने, ऋणमाथि थप ऋण लिदै जाने काम गरेर इथियोपियाली सरकारले विश्व बैंकको चाहनाअनुरूप देशलाई ऋणको पासोमा झुण्ड्यायो। जनतालाई गरीबी, भोकमरीले ग्रस्त पाऱ्यो र सदाबहार अनिकाललाई स्थायित्व प्रदान गऱ्यो।

आजभोलि उर्वर भूमिको अभाव, खाद्यान्न संकट, सदाबहार अनिकाल, ऋणको कठोर मार, नेताहरूको अदूरदर्शिता, राष्ट्रघात र जनघातको पर्याय भइरहेको छ- इथियोपिया! विश्वको सबैभन्दा गरीब देशको यस्तो कन्तबिजोगको हालत ल्याउनुमा अगाडि देखिंदा इथियोपियाली 'वामपन्थी' सरकारको, त्यहाँको सत्तासीन पार्टीको र नेताहरूको अदूरदर्शिता, जनविरोधी-राष्ट्रविरोधी नीति जिम्मेवार भएको देखिन्छ। यो अनिकाल र दुर्दशाको कारण भित्री तहसम्म खोतल्दा भने विश्व बैंक र अन्तर्राष्ट्रिय मुद्रा कोष सबभन्दा बढी जिम्मेवार देखिन्छन्।



इथियोपियाः प्राकृतिक सम्पदामा धनी तर जनता गरीब

> इथियोपियामा 'नयाँ जनवादी क्रान्ति' गरेको दावी गर्ने सैनिक नेताहरूले 'समाजवाद' स्थापना गर्ने नारा आकाशै थर्किने गरी लगाए तर व्यवहारमा भने, पूँजीवाद नै लागू गरे।

अहिले इथियोपियाली सत्तामा "वामपन्थी शक्तिहरू" वा "मार्क्सवादी-लेनिनवादी पार्टी र नेताहरू"लाई पर्याँकेर 'नयाँ नयाँ पूँजीवादी प्रजातान्त्रिक शक्तिहरू' आसीन भएका छन्। 'वामपन्थी शासन'को विरोधमा शुरू भएको विपक्षीहरूको संघर्षको क्रममा सन् १९९१ मा मेंगेत्सु हेले मरियम देश छाडेर भाग्न बाध्य भए। त्यसपछि इथियोपियामा रिभोल्यूशनरी डेमो-क्रेटिक फ्रन्टको छातामुनि रहेका ६ वटा विद्रोही छापामार संगठनहरूले सत्तामाथि कब्जा जमाए। ४ वर्षको अन्तरिम शासनपछि १९९५ को मे महिनादेखि त्यहाँ 'नयाँ संघीय प्रजातान्त्रिक गणतन्त्र' को स्थापना गर्ने नारासहित डा. बिंगाशु गेररको राष्ट्रपतित्वमा नयाँ पूँजीवादी शासन कायम भइरहेको छ। तर विडम्बना के हो भने, विश्व बैंक र मुद्राकोषले दिने जनघाती र राष्ट्रघाती सरसल्लाह र निर्देशन, चक्रवर्ती व्याज सहितको ऋण, त्यसमाथि जोडिएका अनिष्टकारी पूर्व शर्तहरूसहितको 'प्याज' खानमा भने यी नयाँ पूँजीवादी 'मुलसमान'हरू झन् झनै अगाडि लागीपरेका छन्।

यसरी, विगतमा सोभियत संघको खेमामा रहेको देश-इथियोपिया विश्व बैंक र अन्तर्राष्ट्रिय मुद्रा कोषका अनिष्टकारी सल्लाह, ऋण र पूर्व शर्तहरूका कारणले झन्झनै गरीब हुँदै विश्वको प्रथम गरीब राष्ट्रमा दरिन पुगेको छ।

नेपालले पनि अरूण तेस्रोको लागि विश्व बैंकबाट अरबौं रूपियाँ ऋण लिएर, त्यो ऋणसंग जोडिएका पूर्वशर्तहरू स्वीकारेर झण्डै झण्डै इथियोपियाली दुर्भाग्यलाई नै निम्त्याउन खोजेको थियो। त्यो संकट टरे पनि महाकालीको पंचेश्वर मेगा-प्राजेक्टका लागि भनेर विशाल ऋण लिने दुस्साहस गरेमा यहाँका सत्तासीन र प्रतिपक्षी नेताहरूले र विश्व बैंक एवं अन्तर्राष्ट्रिय मुद्रा कोषले नेपाललाई पनि दोस्रो इथियोपिया बनाउने निश्चित प्रायः छ। सावधान! ❑

विजयादशमी तथा
दीपावलीको शुभ उपलक्ष्यमा
समस्त नेपालीको उत्तरोत्तर
प्रगति र सम्बृद्धिको मंगलमय
शुभकामना व्यक्त गर्दछौं !



Gulf नेपाल ल्यूब आयल लिमिटेड

महावली हनुमानको वरदान !
सुन्दर र सुरक्षित छानाको पहिचान !!





हनुमान छाप कर्कट (जस्ता) पाता
टिकाउपनाको अर्को नाम

स्टील्स प्रा. लि.

विरगञ्ज फोन: ०५१-९१८२४ (अफिस), ०५१-२३१०२ (फ्याक्ट्री),
काठमाडौं फोन: २७०७३०, २७०४५६
फ्याक्स: ९७७-१२७०९७३



नक्कलीदेखि
सावधान

The World's Largest Clock Manufacturer
विश्वको सबैभन्दा धेरै भित्ते-घडी निर्माता

THE MOST ECONOMICAL
ELEGANT CORPORATE
G I F T





नेपाल अधिराज्यभरि उपलब्ध छ ।

Trade Enquiries
01-224390, 24670

Ajanta® QUARTZ


Presenting the DAEWOO galaxy...
DTC 20D1 (20")
DTC 2066 (20")
DTC 14 DI(14")
DMQ 2595(25")
DTC 2172(21")
DTC 2072(20")
DAEWOO
Bringing you the
21st century
today.
All new DAEWOO color TVs - the widest range with the longest warranty period.
Sales and support available throughout the kingdom of Nepal.
DAEWOO-Korea's largest manufacturer of color TVs.
HIM ELECTRONICS
N/Motivation